# कृषि विकासको लागि राज्यले अंगीकार गरेका नीतिहरुमा केन्द्र, प्रदेश र स्थानीय तहमा कार्यान्वयनमा भएको अध्ययन समिक्षा

# अन्तिम प्रतिवेदन

नेपाल सरकार

राष्ट्रिय किसान आयोग

किर्तिपुर,

काठमाण्डौ

मितिः जेठ, २०७९

परामर्शदाता

**क्वईष्ट फर डेभलपमेन्ट ईनिसिएटिभ प्रा लि**

**ललितपुर**

# आभार

सर्बप्रथम, देशमा कृषि र भूमि सम्बन्धी समस्या समाधानका लागि ऐन, नीति र कार्यक्रमहरु मार्फत अनेकौं प्रयासहरु भैरहदापनि समस्या समाधान हुन नसकीराखेको परिप्रेक्ष्यमा सम्बन्धित नीतिहरुको कार्यान्वयनको अबस्था बारे अध्ययन गर्नुपर्ने आबश्यकतालाई आत्मसाथ गरी यस अध्ययनको व्यवस्था गरेको र अध्ययन गर्ने अबसर प्रदान गरेकोमा राष्ट्रिय किसान आयोग प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छौं । विशेषगरी आबश्यक सुझाब, समन्वय र सहयोगको लागि आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगाल, सदस्यहरु पुष्पा भुसाल, टेक बहादुर बोगटी, जयन्ती पौडेल, मञ्जु धिमाल र सुर्य प्रसाद खनाल, नि. सदस्य सचिव दुर्गा प्रसाद पण्डित र कृषि अधिकृत शोभा ढकाल लगाएत आयोगका सम्पूर्ण कर्मचारीहरु प्रति आभार प्रकट गर्न चाहन्छौं ।

संघीय सरकार कृषि तथा पशुपंछी विकास मन्त्रालयका सह-सचिव सवनम शिवाकोटी, उप-सचिवहरु डा. प्रदिप चन्द्र भट्टराई, टेक प्रसाद लुईटेल, शिरिष पुन, अरुण जि.सि., विष्णुहरि देबकोटा र लाल कुमार श्रेष्ठ लाई महत्वपुर्ण जानकारीका लागि विशेष धन्यवाद ज्ञापन गर्दछौं ।

अध्ययनको लागि आबश्यक तथ्याङ्क र सहयोग उपलब्ध गराउनुहुने बाग्मती प्रदेश, कृषि बिकास निर्देशनालयका कार्यालय प्रमुख रविन्द्र बहादुर प्रधान, बरिष्ठ कृषि प्रसार अधिकृत भरत प्रसाद बिडारी,  बरिष्ठ वागवानी विकास अधिकृत राजन चौलागाई, बरिष्ठ कृषि प्रसार अधिकृत पवन सिंह भण्डारी, अधिकृतहरु अरुण खनाल, रामहरी तिमल्सेना, लक्ष्मी आचार्य, डम्बर देबी चापागाई, प्रविण गिरी लगाएत अन्य कर्मचारी बर्गलाई विशेष धन्यबाद दिन चाहन्छौं । त्यस्तै गरी, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय, गण्डकी प्रदेशका सचिव डा. हरि बहादुर के.सी., बरिष्ठ पशु विकास अधिकृत डा. गृष्म न्यौपाने, कृषि अर्थ विज्ञ ज्योति क्षेत्री, निर्देशनालयका कार्यालय प्रमुख बासुदेब रेग्मी, बरिष्ठ कृषि विकास अधिकृत बालकृष्ण अधिकारी, वागवानी बिकास अधिकृत अर्जुन देब ज्ञवाली, कृषि अर्थ विज्ञ नारायण प्रसाद पाठक, कृषि प्रसार अधिकृत सागर घिमिरे, बाली विकास अधिकृत अमृत रेग्मीका साथै निर्देशनालयका सम्पूर्ण कर्मचारीहरु प्रति आभार ब्यक्त गर्दछौं ।

कृषि ज्ञान केन्द्र कास्कीका प्रमुख शालिकराम अधिकारी लगाएत केन्द्रका अधिकृतहरु बिना पराजुली र मन्जु अधिकारी एबं केन्द्रका अन्य कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं । त्यस्तै, कृषि ज्ञानकेन्द्र तनहुँका प्रमुख कुल प्रसाद तिवारी र शुक्लागण्डकी नगरपालीका, कृषि शाखा प्रमुख नवराज पण्डीत प्रति पनि आभार ब्यक्त गर्दछौं । महत्वपुर्ण सहयोगका लागि बीउ विजन प्रयोगशाला कास्कीका प्रमुख (बाली विकास अधिकृत) निर्मल रेग्मी प्रति पनि हामी आभारी छौं ।

कृषि ज्ञानकेन्द्र काभ्रेका प्रमुख तेज प्रसाद दवाडी र कृषि अधिकृतहरु उमादेबी श्रेष्ठ, झरना पन्थी, उमेश सापकोटा र सरीता सापकोटा लाई पनि उहाँहरुको सहयोगको लागि हामी धन्यवाद दिन चाहन्छौं ।

कर्णाली प्रदेश कृषि विकास निर्देशनालय, सुर्खेतका नि. निर्देशक चित्र बहादुर रोकाय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, सुर्खेतका नि. बरिष्ठ कृषि अधिकृत पुष्पराज पौडेल, कृषि प्रसार अधिकृत धन बहादुर कठायत लगाएत, दशरथ पाण्डे, प्रकाश थापा, साबित्री रेग्मी, उत्तम कुमार बस्नेतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । एकिकृत कृषि प्रयोगशाला, सुर्खेतका प्रयोगशाला प्रमुख (अधिकृत दशौं) परशुराम रावत प्रति पनि उहाँको अमुल्य सहयोग र सुझावको लागि हामी आभारी छौं । आबश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने पोखरा महानगरपालीका, कास्कीका कृषि शाखा प्रमुख मनहर कडरीया र कोहलपुर नगरपालीका, कृषि शाखा प्रमुख चन्द्र बहादुर बुढा लाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

तथ्याङ्क संकलनमा संलग्न हुनुभएका चाँदनी आचार्य, सुलोचना थापा, सुलोचना गिरी, अनुपम उप्रती, निराजन बेलबासे, विवेक देवकोटा र अनुप तिवारीलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छौं । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका बरिष्ठ कृषि अधिकृत तिर्थ कुमार श्रेष्ठलाई आबश्यक जानकारी प्रदान गरिदिनु भएकोमा हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै, घरधुरी सर्बेक्षण, मुख्य जानकार ब्यक्ति अन्तर्वार्ता, लक्षित समुह छलफल एबं अध्ययनको क्रममा आयोजीत गोष्ठिहरुमा आबश्यक जानकारी र सुझाव प्रदान गर्नुहुने सम्पूर्ण सहभागीहरु प्रति कृतज्ञता ज्ञापन गर्दछौं ।

# विषय सूचि


| | | पेज |
|---|---|---|
| १ | परिचय | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | औचित्य | २ |
| १.३ | अध्ययनका लक्ष्य तथा उद्देश्य | २ |
| २. | अध्ययन बिधि | ४ |
| २.१ | अध्ययन क्षेत्र | ४ |
| २.२ | तथ्याङ्कका श्रोतहरु | ४ |
| २.३ | तथ्याङ्क संकलनको विधि र प्रक्रिया | ४ |
| २.३.१ | समिक्षा (सन्दर्भ सामाग्रीहरुको अध्ययन) | ४ |
| २.३.२ | प्रश्नावली सर्बेक्षण | ५ |
| २.३.२.१ | नमुनाको आकार र छनौट विधि | ५ |
| २.३.२.२ | तथ्याङ्क संकलन विधि | ५ |
| २.३.३ | लक्षित समुह छलफल | ५ |
| २.३.४ | कन्सल्टेटिभ (परापर्श) बैठक तथा गोष्ठी | ६ |
| २.३.५ | मुख्य जानकार व्यक्ति अन्तर्वार्ता | ६ |
| २.४ | तथ्याङ्क विश्लेषण एबं प्रतिबेदन लेखन | ७ |
| २.५ | अध्ययन अबधि | ७ |
| २.६ | अध्ययनको सीमितता | ८ |
| ३ | अध्ययनको नतिजा | ९ |
| ३.१ | नमुना घरधुरीहरुको आर्थिक एबं सामाजिक अबस्था | ९ |
| ३.१.१ | शैक्षिक स्थिति | ९ |
| ३.१.२ | औसत परिवार संख्या | ९ |
| ३.१.३ | जमीनको औसत आकार र स्वामित्व | १० |
| ३.१.४ | जिविकोपार्जनका प्रमुख आधारहरु | १२ |
| ३.१.५ | परिवारको आय स्थिति | १२ |
| ३.२ | सरकारी नीति, सेवा, नीति र कार्यक्रमहरुबारे उत्तरदाताहरुको जानकारी र सहभागिता | १३ |
| ३.३ | कृषि व्यवसायको निम्ति अनुदान नपाउनुका कारण | १५ |
| ३.४ | कृषि उपजको बजारीकरण | १८ |
| ३.५ | नेपालको संविधानमा खाद्य तथा कृषिसम्बन्धी व्यवस्था | १९ |
| ३.६ | नेपालसरकारका कृषि तथा भूमिसुधार सम्बन्धीऐन तथा नीतिहरुको रेखाङ्कन | २० |
| ३.६.१ | ऐनहरु | २० |
| ३.६.२ | नीतिहरु | २१ |

| | | |
|---|---|---|
| ३.६.३ | संघीय सरकारको कृषि तथा भूमि व्यबस्था सम्बन्धी महत्वपूर्ण कार्यविधि, नियम, निर्णय, नियमावली, मापदण्ड एवं निर्देशिकाहरु | ३२ |
| ३.६.४ | प्रदेश सरकारका कृषि सम्बन्धी ऐन, कार्यविधि तथा निर्देशिकाहरु | २७ |
| ३.६.४.१ | कर्णाली प्रदेश | २७ |
| ३.६.४.२ | गण्डकी प्रदेश | २८ |
| ३.६.४.३ | बाग्मती प्रदेश | ३० |
| ३.७ | मुख्य नीतिहरुको मुल्याङ्कन (समिक्षा) | ३२ |
| ३.७.१ | राष्ट्रिय कृषि नीति, २०६१ | ३२ |
| ३.७.१.१ | कृषि नीतिकोदृष्टिकोण, उदेश्य, लक्ष्य, रणनीति | ३२ |
| ३.७.१.२ | कृषि नीति अन्तर्गत बनेका कृषि विकाससंग सम्बन्धित मूख्य कार्यक्रम तथा आयोजनाहरु कार्यक्रमहरु | ३४ |
| ३.७.१.३ | कृषि नीति अन्तर्गतका कृषि विकासका आयोजनाहरु | ३५ |
| ३.७.१.४ | कृषि नीतिको कार्यान्वयन एवं प्रभाव | ३६ |
| ३.७.२ | भूमि सुधार र भू-उपयोग सम्बन्धी नीति तथा ऐनहरुको संक्षिप्त समिक्षा | ४० |
| ३.७.३ | शीत भण्डारण सम्बन्धी नीति तथा कार्यक्रमहरुको समिक्षा | ४२ |
| ३.७.४ | मल नीतिको समिक्षा | ४४ |
| ३.७.५ | बीमा नीतिको समिक्षा | ५० |
| ३.७.६ | कृषि ऋण नीतिको समिक्षा | ५१ |
| ३.७.७ | कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ को समिक्षा | ५२ |
| ३.७.८ | सिचाँइ नीति, २०७० को समिक्षा | ५३ |
| ३.७.९ | पशु, पन्छीपालन एबं दुग्ध बिकास सम्बन्धी नीतिहरुको समिक्षा | ५५ |
| ३.८ | आवधिक योजनामा कृषि क्षेत्र | ६० |
| ३.९ | हालसम्म पारित भएका मूख्य नीतिहरुको अन्तर विश्लेषण | ६६ |
| ४. | निष्कर्ष एबं सुझावहरु | ७१ |
| | सन्दर्भ सामाग्री | ७७ |

# तालिकाहरुको सुची


| | | पेज |
|---|---|---|
| तालिका १ | अध्ययनको लागि छनौट गरिएका स्थानहरुको विबरण | ४ |
| तालिका २ | गतिविधि अनुसारको अध्ययन अवधि | ७ |
| तालिका ३ | शैक्षिक योग्यताको आधारमा उत्तरदाताहरुको संख्या र प्रतिशत | ९ |
| तालिका ४ | नमुना घरधुरीहरुको औसत परिवार संख्या | १० |
| तालिका ५ | नमुना घरधुरीहरुको जमिनको किसिम अनुसारको औसत क्षेत्रफल र सिंचाईको अबस्था | १० |
| तालिका ६ | जमिनको आकार अनुसार किसानहरुको बर्गिकरण (परिवार संख्या र प्रतिशत) | ११ |
| तालिका ७. | पुरुष, महिला वा दुबैको नामका जमिनको स्वामित्व भएका परिवार संख्या | ११ |
| तालिका ८ | श्रोतका आधारले नमुना घरधुरीहरुको औसत वार्षिक पारिवारिक आम्दानी | १३ |
| तालिका ९ | सरकारी सेवा, कार्यक्रम र नीतिबारे जानकारी र पहुँचका आधारमा नमुना किसानहरुको वितरण | १४ |
| तालिका १० | ऋण नलिनुको कारणका आधारमा उत्तरदाताहरुको वितरण | १५ |
| तालिका ११ | सरकारी अनुदान नपाउनुका कारणहरुको आधारमा उत्तरदाताहरुको संख्याको वितरण | १६ |
| तालिका १२ | अनुदान वितरणको सरकारी प्रक्रियाबारे धारणा राख्ने कृषकहरुको धारणा अनुसारको संख्याको वितरण | १७ |
| तालिका १३ | अनुदानलाई किसान मैत्री बनाउनका लागि सुझाव दिने उत्तरदाताहरुको संख्या | १७ |
| तालिका १४ | कृषि उपज बिक्री गर्ने किसानको संख्या र विक्री गर्ने स्थानको आधारमा उत्तरदाताहरुको वितरण | १९ |
| तालिका १५ | नेपालमा कृषि नीति लागु भए पश्चात कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनको बृद्धि दर | ३७ |
| तालिका १६ | कृषि नीति लागु भए पछि नेपालमा प्रमुख खाद्यन्न र नगदे बालीहरुको उत्पादकत्वको अवस्था | ३८ |
| तालिका १७ | कृषि नीति कार्यान्वयन भए पश्चात नेपालमा मुख्य पशुजन्य बस्तुहरुको उत्पादनको अबस्था | ३९ |
| तालिका १८ | पछिल्ला आबधिक योजनाहरुमा समाबेस भएका कृषि विकास सम्बन्धी सोच, लक्ष्य, उदेश्य, रणनीति एवं मूख्य कार्यक्रमहरु र वजेट | ६० |
| तालिका १९ | नेपाल सरकार (संघीय)ले विगतका १० वर्षमा कृषि क्षेत्रको लागि छुट्याएको वजेट (२०६९/७० - २०७८/७९) | ६५ |
| तालिका २०. | कृषि सम्बन्धी मूख्य नीतिहरुको अन्तर | **६६** |

# कार्यकारी सारांश

नेपालमाकृषि विकासको लागि तीनै तहका सरकारले तयार पारेका ऐन, नीति, कार्यविधि, निर्देशिका एवं कार्यक्रमहरुको कार्यन्वयनको अवस्था बारे अध्ययन गरी आबश्यक सुझाव समेतको प्रतिवेदन पेश गर्ने प्रमुख उदेश्यले राष्ट्रिय किसान आयोगको आव्हानमा २०७८ माघ देखि २०७९ जेठ सम्म क्वेष्ट फर डेभलपमेण्ट ईनिसिएटिभ प्रा. ली. ले यस अध्ययन गरेको हो । बाग्मती, गण्डकी र कर्णाली प्रदेशका क्रमशः सिन्धुपाल्चोक, कास्की र सुर्खेत जिल्लाहरुलाई प्राथमिक तथ्याङ्क संकलनको लागि मुख्य अध्ययन क्षेत्र मानिएको यस अध्ययनमा बाँकेको कोहलपुर क्षेत्रका किसानहरुसंग पनि केहि जानकारी संकलन गरिएको थियो भने विभिन्न श्रोतहरुबाट द्धितीय तथ्याङ्कहरु संकलन गरिएको थियो । सन्दर्भ सामाग्रीहरुको अध्ययन, प्रश्नावली सर्वेक्षण, लक्षित समुह छलफल, परामर्श बैठक तथा मूख्य जानकार ब्यक्ति अन्तर्वार्ता जस्ता विधिहरुबाट आबश्यक गुणान्मक एवं परिमाणात्मक दुबै खालका जानकारीहरु संकलन गरी विश्लेषण गरिएको थियो ।

नेपालको संविधान २०७२ मा सम्पत्तिको हक, खाद्यसम्बन्धी हक, सामाजिक न्यायको हक भूमि सम्बन्धी हक जस्ता ब्यवस्था भएको छ भने संघीय तथा प्रादेशिक सरकारहरुले पनि सोही अनुरुपका विभिन्न नीति, ऐन, कार्यविधि र निर्देशिकाहरु तयार पारेको देखिन्छ । राष्ट्रिय कृषि नीति, २०६१ हाल सम्म पनि नेपालको कृषि विकासको लागि मूल नीतिको रुपमा रहेको र यस क्षेत्रमा तर्जुमा हुने नीतिहरु यसै नीतिबाट निर्देशित भएको देखिन्छ । कृषि नीति बने पश्चात नेपालमा २० भन्दा बढि नीतिहरु, सोही संख्यामा ऐनहरु र ८० भन्दा वढी निर्देशिका, कार्यविधि र मार्गदर्शनहरु लागु भएका देखिन्छन् । यस्ता नीतिहरु कार्यन्वयनमा आए संगै खाद्यन्न, नगदेबाली, दुध, मासु आदिको उत्पादनमा केही सुधारहरु देखिएता पनि खेतियोग्य जमिनको खण्डीकरण र गैह्र कृषि प्रयोगमा हुने रुपान्तरण भने रोकिएको छैन । भूमिहिन किसानहरुको समस्या र दोहोरो स्वामित्वको समस्या उस्तै छ । कृषि उद्योगको विकास न्युन छ भने प्राङ्गारीक बस्तुको उत्पादन र वजारीकरण सुस्त छ । कृषि नीति लागु भए पश्चात कृषिको कुल ग्राहस्थ उत्पादन बृद्धिदर न्युनतम ०.०१ देखि अधिकतम ५.१४ प्रतिशत सम्म हाँसिल भएको देखिन्छ । कृषि नीतिमा पशुपन्छी क्षेत्र कम प्राथमिकतामा परेको देखिन्छ । तीनै तहका सरकारले निर्माण गर्ने नीतिहरुमा शीत घर निर्माणमा सहुलिएत दिने ब्यवस्था भएका कारण शीतघरका संख्यामा बृद्धि भएता पनि अधिकांश शीतघरहरु ज्यादै न्युन क्षमतामा संचालन भएका छन् । राज्यको ठूलो धनराशी रासायनिक मलको अनुदानमा खर्च भएता पनि मलको आपुर्ति सहज हुन सकेको छैन । अनुदानको लागी पहाडमा ०.७५ हे. र तराईमा ४ हे. को सिमा बैज्ञानिक छैन । कृषि तथा पशुधन बीमामा किसानहरुको सहभागिता

उत्साहजनक छैन । बीउ र स्याउमा उत्पादकत्व अन्तरका आधारमा क्षतिपुर्ति दिने व्यवस्थाका कारण बीमा कार्यक्रम प्रभावकारी देखिएता पनि अन्य वाली र बस्तुमा त्यस्तो हुन सकेको छैन । कृषि ऋणमा किसानको पहुँच निकै कमजोर छ । धितोको समस्या, प्रकृयागत झंझट तथा जानकारीको अभावका कारण ऋणको नीतिगत ब्यवस्था प्रभावकारी हुन सकेको छैन ।

पछिल्ला आवधिक योजनाहरुको सोच, उदेश्य, रणनीति तथा मुख्य कार्यक्रमहरुमा खासै भिन्नता देखिदैन, जसमा नविनतम् भन्दा पनि पुराना कार्यक्रमहरुलाई निरन्तरता दिएको देखिन्छ । विगतका १० वर्षमा कृषि क्षेत्रमा छुट्याईएको बजेट औषतमा कुल बजेटको करीब ३ प्रतिशत मात्र छ । देश संघीयतामा गए पश्चात कृषि प्रसार तथा प्राविधिक सेवा प्रबाहमा अलमल र द्विविधा देखिएको छ । पालीकाहरुमा रहेको कृषि र पशु सेवा विज्ञहरुको संख्या र क्षमता अपुग छ ।

अधिकांश नीतिहरुमा किसानहरुको अधिकारका पक्ष कम उल्लेख भएको छ । नीतिहरुमा बाह्य बजारको प्रभाव नियन्त्रण गर्ने व्यवस्था गर्न कानुनी रुपमा कठिनाई हुने र व्यवहारीकरुपमा रणनीतिहरु तयार गरी लागु गर्न नसकिएका कारण स्थानीय उत्पादनले बजार र उचित मुल्य नपाउने समस्या रहेको छ । समग्रतामा भन्नु पर्दा समग्र कृषि क्षेत्रको विकासका लागि नेपालमा धेरै नीतिहरु बनेता पनि नीति अनुरुपको कार्यक्रम नबन्ने, संरचना तयार नहुने, पर्याप्त बजेट र मानव साधनको ब्यवस्था नहुने जस्ता कारणहरुले गर्दा नीतिहरुको कार्यन्वयन पक्ष निकै कमजोर रहेको छ ।

कृषिको उत्पादन बृद्धि, आयात प्रतिस्थापन र आत्मनिर्भरताको लागि यस क्षेत्रमा सरकारी लगानी (बजेट) बृद्धि गर्नु अपरिहार्य छ । खाद्यन्न बालीको क्षेत्रफल क्रमिकरुपमा घटाउदै उच्चमूल्य बाली र बस्तुको उत्पादन, फलफुल तथा तरकारीको उत्पादन र उपभोगमा बृद्धि, टिपाई उपरान्त हुने क्षति न्युनिकरण गरी खाद्यन्न आयात घटाउने कार्यक्रम ल्याउनु आबश्यक छ । कृषि सम्बन्धी सेवा, सामाग्री र सूचना प्रदान गर्नेगरी सहकारीहरुको अगुवाईमा प्रदेश सरकार वा स्थानीय निकायले एकिकृत कृषि सेवा/श्रोतकेन्द्र विकास गर्नु उचित देखिन्छ । स्थानीय श्रोत साधन प्रयोग गर्ने उद्योगलाई प्रोत्साहन गर्ने, कृषि उद्योगको बीमा गर्ने र व्यवसाय धितोमा राखी कर्जा प्रदान गर्ने जस्ता नीति लिनु उपयुक्त हुनेछ ।

कृषि ऋणलाई सहज र प्रभावकारी बनाउन ऋणको फारम, कागजात र प्रकृयामा सरलता र सहजिकरण गर्नु जरुरी देखिन्छ भने डेडिकेटेड बैंकको ब्यबस्था गर्नु आबश्यक छ । स्थानीय निकाएको अगुवाईमा सहकारी वा समुहलाई परिचालन गरी चक्लाबन्दी एबं करार वा सामुहिक खेतिलाई बढावा दिनु उचित हुनेछ । भूमि बैंकको स्थापना गरी जग्गा करारमा लिने ब्यक्ति वा संस्थालाई आकर्षित गर्ने कार्यक्रम ल्यानु सान्दर्भिक हुनेछ । न्युनतम समर्थन मुल्य समयमा निर्धारण

गर्ने र यसलाई क्षेत्र अनुसारले अन्य प्रमुख वाली र बस्तुहरुमा पनि विस्तार गर्ने नीति लिनु आबस्यक छ । कृषिजन्य उत्पादनहरुको विद्युतीय व्यापार सम्बन्धी कानुन निर्माण गर्ने र यस्तो ब्यापारको नियमन गर्ने ब्यवस्था गर्नु अपरिहार्य छ । सरकारी सहुलियतमा निर्माण वा खरिद हुने संरचना, यन्त्र वा साधनहरुको तोकिय भन्दा फरक काममा हुने प्रयोग लाई नियन्त्रण गर्न नीतिगत व्यवस्था हुनु जरुरी छ ।

संघमा बन्ने नीतिहरुमा मुख्य प्राथमिकताका कार्यक्रमहरु तोक्ने र प्रदेश तथा स्थानीय निकाएहरुले स्थानीय आबश्यकता र सम्भाबनालाई समेत मध्यनजर गर्दै मूलभुतरुपमा संघीय नीति अनुरुपका कायक्रमहरु कार्यन्वयन गर्न निर्देशन र समन्वय गर्नु उचित देखिन्छ । मौसम सुचकांकका आधारमा बाली बीमाको क्षतिपुर्ति दिने ब्यवस्था उचित हुनेछ । जमिनको दोहोरो स्वामित्वको अबस्था अध्यावधिक गरी समस्या समाधान गर्ने जिम्मा सम्बन्धित जिल्लाको भूमि सुधार कार्यालयलाई दिने र आधा-आधा वितरणलाई अनिवार्य गर्नु भन्दा पनि दुई पक्षको आपसी समझदारीमा जमिनको वितरण गर्ने नीतिगत व्यबस्था गर्नु आबश्यक देखिन्छ ।

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालमा करिब ६० प्रतिशत जनसंख्याको रोजगारी एवं जीबिकोपार्जनको मूख्य आधार कृषि हो । देशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान करिब २५ प्रतिशत छ (कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८) । कृषिको उत्पादन र उत्पादकत्व बृद्धि, कृषि ब्यापार घाटाको न्युनिकरण, ब्यबसायीकरण, यान्त्रिकरण, खाद्यसुरक्षा आदि देशको प्राथमिकता रहेता पनि पुँजीको अभाब, पुर्वाधार र ज्ञानको कमि, राजनैतिक एबं नीतिगत अप्ठेराहरुका कारण उल्लेखित उपलब्धि हासिल गर्नु निकै चुनौतिपुर्ण छ । समग्र कृषि क्षेत्रको बिकासको लागी समय सापेक्ष नीतिहरुको तर्जुमा र कार्यान्वयन अत्यन्त जरुरी छ । कृषि क्षेत्रको बिकासको लागी ल्याइएको कृषि विकासको लागी नीतिगत रुपरेखा २०४८ तथा दीर्घकालीन कृषि योजनाले यस क्षेत्रको बिकासमा मार्गदर्शन गरेको छ । कृषि नीति २०६१ ले हालसम्म पनि नेपालमा बन्ने गरेका कृषि सम्बन्धि अधिकाशं नीतिहरुलाई निर्दिष्ट गर्ने गरेको छ । बि.सं. २०७२ मा तयार भै हाल कार्यान्वयनमा रहेको कृषि विकास रणनीति (ADS, 2020-2035) नेपालमा कृषि क्षेत्रको विकासको लागी ल्याईएको एउटा नबिनतम, दिर्घकालीन एबं रणनैनिक दस्तावेज हो ।

कृषि क्षेत्रमा आधुनिकीकरण, ब्यबसायीकरण र विविधिकरण गरी किसानको हकहितको संरक्षण एबं प्रवर्धन गर्न तथा कृषि सम्बन्धि ऐन, कानुन, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानहरुको हकहित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन २०७३ सालमा राष्ट्रिय किसान आयोग गठन भएको हो । गठन पश्चात आयोगले नेपाल सरकारबाट तर्जुमा हुने ऐन तथा नीतिहरुमा किसानका हकसंग सम्बन्धित विषयहरुमा अध्ययन अनुसन्धान गरी नीतिगत सुधारका लागि आबश्यक सुझावहरु दिदै आएको छ ।

देश संघियतामा प्रबेश गरे पश्चात नेपाल सरकार कार्य विभाजन नियमावली, २०७२ अनुसार तिनै तहका सरकारले साझा र एकल अधिकारका परिधि भित्र रही कृषि बिकास सम्बन्धि ऐन, नीति, निर्देशिका र कार्यविधि बनाई विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएका छन् ।

## १.२ अध्ययनको औचित्य

लामो समय देखि बिभिन्न नीतिहरु तर्जुमा भै कार्यान्वयनमा आएको भएता पनि यस्ता नीतिहरुको कार्यान्वयनको खास अबस्था तथा प्रभाबकारीताको बैज्ञानिक अध्ययन एबं दस्तावेज गर्ने काम ज्यादै कम भएको देखिन्छ । राज्य संघिय गणतन्त्रमा प्रबेश गरे पश्चात तीनै तहका सरकारहरुबाट के कस्ता ऐन, नीति, कार्यविधि, निर्देशिका आदि तयार भै कार्यान्वयनमा आए भन्ने सन्दर्भमा पनि एकिन हुन सकेको छैन । कतिपय अबस्थामा नीति तर्जुमा गर्ने निकाय पनि यस सन्दर्भमा अनविज्ञ रहेको पाईन्छ । अंझ, ल्याइएका नीतिको कार्यान्वयनको लागी आबश्यक/उचित संरचना र कार्यविधि/ निर्देशिका तयार, मानब साधनको ब्यबस्था एबं बजेटको ब्यबस्थानै भए नभएको बारेमा अध्ययन हुने गरेको पाइदैन । तसर्थ, बिभिन्न समयमा सम्बन्धित निकायहरुबाट ल्याइएका प्रमुख नीतिहरुको रेखाङ्कन गरी तिनिहरुको कार्यान्वयनको अबस्था र सम्बन्धित पक्षको धारणा अध्ययन गरी आगामी दिनमा बन्ने नीतिहरुको लागी आधार तयार पार्नु आबश्यक एबं सान्दर्भिक देखिन्छ । हाल नयाँ कृषि नीति बन्ने प्रकृया अगाडी बढेको अबस्थामा यस अध्ययनका सुझावहरुले उपयोगी नीति निर्माणको लागी केहिन केहि टेवा पुर्‍याउन सक्दछ ।

## १.३ अध्ययनका लक्ष्य तथा उदेश्य

नेपाल सरकारले अंगिकार गरेको कृषि नीतिलाई आधार मानी तिनै तहका सरकारहरुले आ आफ्ना कार्यक्षेत्र भित्र रही तयार पारेका कृषि बिकास सम्बन्धि ऐन, नीति र तद् अनुरुपका कार्यक्रमहरुको कार्यान्वयनको अबस्थाबारे अध्ययन गरी आबश्यक सुझाव र सल्लाहहरु पेश गर्नु यस अध्ययनको प्रमुख उदेश्य रहेको थियो । अध्ययनका बिशिष्ट उदेश्यहरु यस प्रकार थिए ।

१. भूमिमा रहेको दोहोरो स्वामित्व अन्य गर्दै किसानको हितलाई ध्यानमा राखी बैज्ञानिक भूमि सुधार गर्नका लागी आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्थाबारे अध्ययन गर्ने
२. अनुपस्थित भूस्वामित्वलाई निरुत्साहति गर्दै जग्गाको चक्लाबन्दि गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नकालागी आबश्यक ऐन, नीति निर्माण एबं कार्यान्वयनको अबस्थाबारे अध्ययन गर्नु
३. किसानको हकहितको संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीति अबलम्बन गरी भूमिको ब्यबस्थापन र कृषिको ब्यबसायीकरण, औधोगिकिकरण, विविधिकरण र आधुनिकिकरण गर्नका लागी आबश्यक ऐन, नीति निर्माण र कार्यान्वयनको अबस्था बारे अध्ययन गर्नु

४. भूमिको उत्पादशीलता, प्रकृति तथा बातावरणीय सन्तुलन समेतका आधारमा यसको ब्यबस्थापन र समुचित यपयोग गर्नका लागी आबश्यक ऐन, नीतिको निर्माण र कार्यान्वयनको अबस्था बारे अध्ययन गर्नु

५. कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको ब्यबस्था गर्नका लागि आबश्यक ऐन, नीतिको निर्माण र कार्यान्वयनको अबस्था बारे अध्ययन गर्नु

# २. अध्ययन बिधि

## २.१ अध्ययन क्षेत्र

उल्लेखित उदेश्यहरु प्राप्त गर्नको लागी यस अध्ययनमा संघ एबं नमुना प्रदेश र स्थानीय तहहरु समाबेश गरिएको थियो । संघका अलवा तल उल्लेखित प्रदेश र सो अन्तर्गतका स्थानीय निकायहरु (नगर/गाँउ पालीका) अध्ययनका लागी उदेश्यमूलक तरीकाबाट छनौट गरीएको थियो ।

तालिका नं १. अध्ययनको लागि छनौट गरिएका स्थानहरुको विबरण

| प्रदेश | जिल्ला | पारिस्थितिकीय क्षेत्र | नगर/गाँउ पालीका |
|---|---|---|---|
| गण्डकी | कास्की | पहाड | पोखरा |
| बाग्मती | सिन्धुपाल्चोक | हिमाल | हेलम्बु |
| कर्णाली | सुर्खेत | उपत्यका | बिरेन्द्रनगर |
| अन्य | बाँके | तराई | कोहलपुर |

## २.२ तथ्याङ्का श्रोतहरु

अध्ययनका लागी मुख्यतय द्बितिय तहका तथ्याङ्क एबं सुचनाहरुको प्रयोग गरीएको छ भने थोरै मात्रामा प्रथम तहका तथ्याङ्कको पनि प्रयोग गरीएको छ । प्रथम तहका तथ्याङ्क एबं सुचनाहरु घरधुरी (प्रश्नावली) सर्बेक्षण, लक्षित समुह छलफल, मुख्य जानकार ब्यक्ति अन्तर्वार्ता र बैठकहरु बाट संकलन गरीएको थियो भने द्बितिय तहका तथ्याङ्क एबं सुचनाहरु कृषि तथा पशुपंक्षि बिकास मन्त्रालय र मातहातका निर्देशनालय, बिभाग, ज्ञान केन्द्र, परियोजना, कम्पनी लगाएत अन्य निकायहरुका प्रकाशित वा अप्रकाशित प्रतिबेदनहरुबाट प्राप्त गरीएको थियो ।

## २.३ तथ्याङ्क संकलनको विधि र प्रक्रिया

### २.३.१ समिक्षा (सन्दर्भ सामाग्रीहरुको अध्ययन)

अध्ययनको लागी आबश्यक तथ्याङ्कहरु जुटाउन संघ र छनौट गरीएका प्रदेश एबं स्थानीय निकायहरुले तयार पारेका नीति, ऐन, कार्यबिधि र निर्देशिकाहरुको समिक्षा गरिएको थियो । यस्ता सन्दर्भ सामाग्रीहरु कतिपय प्रकाशित थिए भने कतिपय सम्बन्धित निकायको वेबसाईट मार्फत बिद्युतीय माध्यमबाट प्राप्त गरीएका थिए । खासगरी संघ अन्तर्गतका मन्त्रालय, प्रदेश सरकार

अन्तर्गतका कृषि बिकास र पशु सेवा निर्देशनालय एबं सम्बन्धित मन्त्रालय, नगरपालीका, किसान आयोग आदि निकायका सामाग्रीहरु वेबसाइट पार्फत पहुँच पुर्‌याईएको थियो ।

### २.३.२ प्रश्नावली सर्बेक्षण

#### २.३.२.१ नमुनाको आकार र छनौट विधि

नमुना छनौटको लागी मल्टी स्टेज बिधि अपनाईएको थियो जहाँ पहिलो तहमा प्रदेश, दोस्रो तहमा नगर/ गाँउ पालीका, तेस्रो तहमा वडा र चौथो तहमा उत्तरदाता छनौट गरीएको थियो । छनौट गरीएका पालीका अन्तर्गतका वडाबाट उत्तरदाता (घरधुरी) हरु स्नोबल पद्यतिद्धारा छानिएका थिए जहाँ निर्वाहमुखी, अर्धब्यबसायीक एबं ब्यबसायीक कृषकहरु तथा सुकुम्वासी र कमैयाहरु पनि छनौट गरीएका थिए ।

#### २.३.२.२ तथ्याङ्क संकलन विधि

प्रश्नावली सर्बेक्षणका लागी छनौटमा परेका घरधुरीका उत्तरदाताहरुबाट पुर्ब परिक्षित प्रश्नावली प्रयोग गरी तथ्याङ्क संकलन गरीएको थियो । प्रयोग गरीएको प्रश्नावली अर्ध संरचित थियो जसमा खुला र बन्द अन्त्य भएका प्रश्नहरु समावेश गरीएका थिए । प्रश्नावली नेपाली भाषामा तयार गरीएको थियो । प्रश्नावलीलाई साँचो सर्बेक्षणमा प्रयोग गर्नु पुर्व पोखरा महानगरपालीका का ५ जना किसानहरु संग परिक्षण गरीएको थियो । उत्तरदाताहरुबाट प्रत्यक्ष अन्तवार्ता गरी तथ्याङ्क संकलन गरीएको थियो जसमा खास नीतिहरुबारे किसानको जानकारी, सहभागीता, प्रभावकारीता लगाएत सुधारका लागी सुझाबहरुबारे जानकारीहरु संकलन गरीएका थिए । तथ्याङ्क संकलनमा खटिएका सर्बेक्षणकर्ताहरुलाई सर्बेक्षण सुरु गर्नु पहिला काठमाण्डौमा एक दिने अभिमुखिकरण तालीम प्रदान गरीएको थियो जहाँ सर्बेक्षणकर्ताहरुलाई अध्ययनको उदेश्य, बिधि र प्रश्नावलीबारेमा जानकारी दिईएको थियो । अभिमुखिकरण टोली नेता र अनुसन्धाकर्ताहरुले प्रदान गरेका थिए। गुणस्तरीय तथ्याङ्क लिन र संकलकहरुलाई सहजीकरण गर्न टोली नेता र अनुसन्धानकर्ताद्धारा प्रत्येक पालीकामा सर्बेक्षणको अनुगमन गरीएको थियो ।

### २.३.३ लक्षित समुह छलफल

अध्ययनको लागी छनौट गरीएका तीनवटै प्रदेशहरुमा एक एक वटा छलफल आयोजना गरीएको थियो । तीनवटै छलफल सम्बन्धित प्रदेश अन्तर्गतको कृषि बिकास निर्देशनालयमा

आयोजना गरीएको थियो । छलफलमा कृषि सचिब, कृषि तथा पशु सेवा अधिकृतहरु, टोलीनेता र अनुसन्धानकर्ताहरुको सहभागीता थियो जहाँ मुख्य नीतिहरुको कार्यान्वयनको अबस्था, ब्यबधानहरु, औचित्य, प्रभावकारीता र सुधारका लागी सुझाबबारे जानकारी संकलन गरीएको थियो । छलफलमा ८ देखि १० जना बिज्ञहरुको सहभागीता थियो । प्रदेश स्तरीय बैठकका अलवा कास्की र सुर्खेतका ज्ञानकेन्द्रहरुमा पनि लक्षित समुह छलफलहरु आयोजना गरी आबश्यक तथ्याङ्कहरु संकलन गरीएको थियो जहाँ कृषि बिज्ञहरुका साथै एग्रोभेट र सहकारीका प्रतिनिधिहरुको पनि सहभागिता थियो ।

### २.३.४ कन्सल्टेटिभ (परापर्श) बैठक र गोष्ठि

यस अध्ययन कार्य सुरु गर्नुपुर्व राष्ट्रिय किसान आयोगमा मिति २०७८ माघ २४ गते कन्सल्टेटिभ (परापर्श) बैठक बैठकको आयोजना गरीएको थियो । उक्त बैठकमा टोलीनेताद्धारा प्रस्तावको प्रस्तुतिकरण गरीएको थियो । बैठकमा अनुसन्धानकर्ताहरु, किसान आयोगका अध्यक्ष एबं सदस्यहरु, कृषि अधिकृतहरु लगाएत नेपाल सरकार, कृषि तथा पशुपंक्षि बिकास मन्त्रालयका बिज्ञहरुको गरी करिब २० जनाको सहभागीता थियो ।  बैठकले अध्ययन क्षेत्र, बिधि र अध्ययनमा समाबेस गर्नुपर्ने मूख्य नीतिहरुको निर्णय गरेको थियो ।

अध्ययनको लागि आबश्यक तथ्याङ्क संकलन, विश्लेषण र मस्यौदा प्रतिबेदन लेखन पश्चात, मिति २०७९ जेष्ठ ९ गते प्रमाणीकरण गोष्ठिको आयोजना गरियो । गोष्ठिमा अनुसन्धारकर्ताहरु, किसान आयोगका अध्यक्ष एबं सदस्यहरु, मन्त्रालय, विभाग, अनुसन्धान प्रतिस्ठान/ केन्द्र /परिषद लगाएत विभिन्न क्षेत्रका विज्ञहरुको उपस्थितिमा अध्ययनका उपलब्धिहरुको प्रमाणीकरण गर्न सुझाबहरु संकलन गरीएको थियो । गोष्ठिमा आएका सुझाब र टिप्पणीहरुलाई समेटी यो अन्तिम प्रतिवेदन तयार पारिएको हो । गोष्ठिमा उल्लेखित क्षेत्रका २५ जना सदस्य एबं विज्ञहरुको उपस्थिति रहेको थियो ।

### २.३.५ मुख्य जानकार ब्यक्ति अन्तर्वार्ता

अध्ययनको क्रममा बिभिन्न निकायहरुका करिब २५ जना ब्यक्तिहरुबाट आबश्यक जानकारी हासिल गरीएको थियो । अन्तर्वार्तामा सम्बन्धित मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्र, परियोजना, सहकारी, एग्रोभेट, पालीका/कृषि शाखा, कृषि सामाग्री कम्पनी लि., साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.,

किसान आयोगका लगाएत अन्य सरोकारवाला निकायका प्रमुख, बिज्ञ वा प्रतिनिधिहरुलाई संलग्न गरीएको थियो । अन्तर्वार्तामा चेकलिस्टको प्रयोग गरी बिद्यमान मुख्य नीतिहरुको औचित्य, प्रभाबकारीता, कार्यान्वयनको अबस्था, अनुकुलता लगाएत सुधारकालागी सुझावहरुबारे जानकारी संकलन गरीएको थियो ।

## २.४ तथ्याङ्क विश्लेषण एबं प्रतिबेदन लेखन

अध्ययनको लागी संकलित तथ्याङ्क एबं जानकारीहरु लाई संख्यात्मक र गुणात्मक दुबै बिधिको प्रयोग गरी विश्लेषण गरीएको थियो । खासगरी बिबेचनात्मक पद्यतिबाट जानकारीहरुको लेखाजोखागरी नतिजालाई तालीका एबं ब्याख्यात्मक ढंगबाट प्रस्तुत गरीएको छ ।

## २.५ अध्ययन अबधि

यस अध्ययनको जम्मा अबधि ४ महिनाको थियो ।वि.स.२०७८ माघको दोश्रो हप्ता प्रस्ताव पेश गरी सम्झौता हस्ताक्षर गरेर सुरु भएको अध्ययनको काम सम्पन्न भई २०७९ जेठको दोश्रो हप्ता अन्तिम प्रतिबेदन पेश गरेसंगै अध्ययनको सम्पूण काम सम्मन्न भएको थियो । अध्ययन कार्यको समय तालिका यस प्रकार थियो (तालिका नं २)।

तालिका २. गतिविधि अनुसारको अध्ययन अवधि

| क्र स | कार्य | महिना र पन्ध्र दिन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७८ | | | | | | २०७९ | | |
| | | १० पहिलो | १० दोश्रो | ११ पहिलो | ११ दोश्रो | १२ पहिलो | १२ दोश्रो | १ पहिलो | १ दोश्रो | २ पहिलो |
| १ | प्रस्ताव पेश र सम्झौता | | | | | | | | | |
| २ | इन्सेप्सन प्रतिबेदन पेश | | | | | | | | | |
| ३ | प्रस्ताव प्रस्तुतिकरण | | | | | | | | | |
| ४ | तथ्याङ्क संकलन | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | तथ्याङ्क विश्लेषण | | | | | | | | | |
| ६ | मस्यौदा प्रतिबेदन तयार | | | | | | | | | |
| ७ | प्रतिबेदन प्रस्तुतिकरण | | | | | | | | | |
| ८ | अन्तिम प्रतिवेदन तयारी र पेश | | | | | | | | | |
| ९ | वित्तिय मिलान | | | | | | | | | |

## २.६ सीमितता

लामो समय देखि नेपालमा कृषि क्षेत्रको विकाशका लागि धेरै नीति, ऐन, कार्यबिधि, निर्देशिका आदि तयार भै कार्यान्वयनमा आएका छन् । छोटो समय र सीमित लागतमा सबै नीति र ऐनहरुको बिस्तृत अध्ययन गर्नु असम्भव जस्तै छ । त्यस्तै गरी नेपालमा बिबिध परिस्थितीय प्रणाली र अनगिन्ती बिबिधताहरु बिद्यमान छन् जसको बिशिष्ट अबस्थाहरु छन र सबैलाई एउटा अध्ययनमा समेट्न कठिन मात्र होईन असम्भबनै छ । तसर्थ यस अध्ययनद्धारा नीतिगत सुधारका लागी गरीएका सुझावहरु सबै परिबेशको लागी समान रुपमा उपयोगी र उचित नहुन पनि सक्छ ।

# ३. नतिजा तथा छलफल

## ३.१ नमुना घरधुरीहरुको आर्थिक एवं सामाजिक अवस्था

### ३.१.१ शैक्षिक स्थिति

उत्तरदाताहरुको शैक्षिक अवस्थाको वारेमा अध्ययन गर्दा, धेरै संख्याका (३६%) उत्तरदाताहरु साक्षरमात्र भएको पाईयो भने उच्चशिक्षा हासिल गर्ने उत्तरदाताहरु ज्यादै न्युन संख्यामा (२%) भेटियो । अधिकांश उत्तरदाताहरुले माध्यामिक तह वा सो भन्दा कम शैक्षिक योग्यता हासिल गरेको देखिन्छ । यसबाट के पुष्टि हुन्छ भने, अध्ययन क्षेत्रका ठुलो संख्याका किसानहरुमा सरकारी नीति, नियम, सुविधा आदिको जानकारी लिन, बुझ्न, पहुँचको लागि प्रकिया पु-याउन र तिनिहरुको उचित प्रयोग गर्न आबस्यक पर्ने योग्यतानै कम छ ।

तालिका ३. शैक्षिक योग्यताको आधारमा उत्तरदाताहरुको संख्या र प्रतिशत

| शैक्षिक स्थिति | उत्तरदाताको संख्या | उत्तरदाताको प्रतिशत |
|---|---|---|
| अशिक्षित | ४ | ६.६ |
| साक्षर | २२ | ३६.६ |
| प्राथमिक | ११ | १८.३ |
| माध्यमिक | १२ | २० |
| १२ कक्षा | १० | १६.६ |
| स्नातकेत्तर | १ | १.६ |
| जम्मा | ६० | १०० |

*श्रोत: घरधुरी सर्बेक्षण, २०७८/७९*

### ३.१.२ औसत परिवार संख्या

नमुना घरधुरीको औसत परिवार संख्या ४.९ पाईयो, जहाँ पुरुष भन्दा महिलाको संख्या थोरैमात्र वढि थियो । प्रतिशतमा महिला र पुरुषको जनसंख्या कमश: ५१.७ र ४८.३% थियो ।

तालिका ४. नमुना घरधुरीहरुको औसत परिवार संख्या

| विवरण | संख्या |
|---|---|
| परिवारमा औसत सदस्यहरु | ४.९ |
| औसत पुरुष सदस्यहरु | २.४ |
| औसत महिला सदस्यहरु | २.५ |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७८/७९*

### ३.१.३ जमीनको औसत आकार र स्वामित्व

अध्ययन क्षेत्रमा खेत, पाखो बारी, खरवारी (चरन) र व्यक्तिगत वन गरी चाार किसिमका जमिनहरु रहेको पाईयो । प्रति परिवार औसत जमिन ६.९ रोपनी थियो, जसमध्ये खेत ३.८ (५५.७%) रोपनी थियो । यद्यपि, तराईमा पाखो भन्दा खेत उल्लेख्य मात्रामा बढि थियो भने पहाडमा ठिक उल्टो पाखोबारी बढि थियो । जम्मा जमिनको ५३.५% असिंचित क्षेत्र थियो । सिंचित क्षेत्रमध्ये पनि करिव ६०% क्षेत्र वर्षायाममा मात्र सिंचाई हुने थियो भने बाँकी ४०% मात्र वर्ष भरि सिंचाई हुने थियो ।

तालिका ५. नमुना घरधुरीहरुको जमिनको किसिम अनुसारको औसत क्षेत्रफल र सिंचाईको अबस्था

| विवरण | खेत | पाखो | खरवारी | बन | जम्मा | सिंचित | असिंचित |
|---|---|---|---|---|---|---|---|
| औषत क्षेत्रफल (रो.) | ३.८ | १.४ | १.२ | ०.१ | ६.९ | ३.२ | ३.७ |
| प्रतिशत | ५५.७ | २५.४ | १७.२ | १.८ | १०० | ४६.५ | ५३.५ |

*श्रोतः घरधुरी सर्वेक्षण, २०७८/७९*

अध्ययनका लागि छानिएका परिवारहरु मध्ये ५% परिवारहरु भूमिहिन थिए । जमिनको आकार अनुसार किसानहरुको बर्गिकरण गर्दा करिब ३% किसानहरु ठुला, ६९% साना र २३.८% मझौला किसानहरु रहेछन् । अध्ययनबाट के देखिन्छ भने, यस क्षेत्रका अधिकांश किसानहरु साना छन् जसको जमिन ब्यवसायीक कृषि उत्पादनको लागि प्रयाप्त छैन ।

तालिका ६. जमिनको आकार अनुसार किसानहरुको बर्गिकरण (परिवार संख्या र प्रतिशत)

| जमिनको आकार अनुसार किसानको समुह | घरधुरी (संख्या) | घरधुरी (प्रतिशत) |
|---|---|---|
| ठुला (≥१ हे.) | २ | ३.३ |
| मझौला (०.५-१.० हे.) | १४ | २३.८ |
| साना (≤०.५ हे) | ४१ | ६९.० |
| भूमिहिन | ३ | ४.८ |

*श्रोत: घरधुरी सर्बेक्षण, २०७८/७९*

सर्बेक्षणको लागि छनौट गरीएका जम्मा ६० जना किसानहरु मध्ये १८ (३०%) जनाले जमिन भाडामा लिई खेति गरेको भेटियो । सम्पूर्ण किसानहरुले थोरै वा धेरै क्षेत्रफलमा आफ्नो जमिन आफै कमाएको पाईयो । अधिकांश किसानहरुको केहि न केही जमिन थियो भने जम्मा दुई जना किसानहरु भने भूमिहिन थिए । जमिनको स्वामित्वको सन्दर्भमा, ७०% परिवारमा पुरुषको नाममा मात्र लालपुर्जा रहेको, ३% परिवारमा महिलाको नाममा मात्र र बाँकी २७% परिवारमा दुबैको नाममा स्वामित्व रहेको पाईयो । अझै पनि खासगरी परिवारमा बयस्क पुरुष सदस्य नभएको अबस्थामा मात्र महिलाको नाममा घर घडेरी पास गर्ने र सहरी क्षेत्रमा महंगा घडेरी महिलाको नाममा पास गर्दा राजस्व छुट हुने ब्यवस्था भएका कारण उनिहरुको नाममा त्यस्ता जमिन रहने गरेको बुझिन्छ ।

तालिका ७. पुरुष, महिला वा दुबैको नामका जमिनको स्वामित्व भएका परिवार संख्या

| जग्गा धनि | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ४२ | ७० |
| महिला | २ | ३ |
| दुवै | १६ | २७ |

*श्रोत: घरधुरी सर्बेक्षण, २०७८/७९*

### ३.१.४ जिविकोपार्जनका प्रमुख आधारहरु

रोजगारीको दृष्टिकोणले अन्नबाली, तरकारी, पशुपालन, विप्रेषण र ज्याला अध्ययन क्षेत्रका मानिसहरुको जिविकोपार्जनका प्रमुख अवसरहरु रहेछन् । अन्नबालीमध्ये धान, मकै, गहुँ र कोदो प्रमुख बाली रहेछन् भने तरकारी मध्ये आलु, हिउँदे तरकारी र वर्षे तरकारीहरु मूख्य रहेको पाईयो । पशुपन्छीका संख्या र संलग्न परिवार संख्या दुबैका हिसाबले कुखुरा, बाखा, भैँसी, बगुंर र गाई मुख्य पशुपन्छीहरु रहेछन् । आम्दानीका हिसाबले दुध, मासु, अण्डा, तरकारी आदि प्रमुख उत्पादनहरु रहेको पाईयो । घरायसी प्रयोजनका लागी फलफुल लगाउने किसानहरुको संख्या धेरै भएता पनि व्यवसायीकरुपमा फलफुल खेति गर्ने किसानहरु ज्यादै न्युन (करीब २% मात्र) भेटियो । तराईमा आँप, केरा, लिची जस्ता फलफुल प्रमुख रहेछन भने पहाडमा केरा, नास्पाती, आरु जस्ता फलफुलहरु धेरै किसानहरुले लगाउने गरेका रहेछन् ।

अध्ययनको लागि छानिएका ६० जना किसानहरु मध्ये करीब ९२% (५५ परिवार) ले कृषि वा पशु वा दुबैबाट केहिन केही आम्दानी गरेको पाईयो । लक्षित समुह छलफल र मूख्य जानकार व्यक्ति अन्तर्वार्ताको क्रममा पनि करिब ९०% परिवारले कृषि र पशुपालनबाट थोरै भएपनि आम्दानी गर्ने गरेको थाहा भएको थियो । कृषि (बाली) बाट नगद आम्दानी गर्ने परिवारहरु करिव ७३% थिए । करीब १८% (११ घर परिवार) परिवारका कम्तीमा एक जना सदस्य रोजगारी (जागीर) मा रहेको पाइयो भने उद्योग तथा व्यापार र बैदेशिक रोजगारी बाट आम्दानी गर्ने परिवारहरु क्रमशः १० र ८% मात्र देखियो । बृद्ध भत्ता, निबृत्तिभरण, एकल महिला भत्ता, अपाँङ्ग र लोपोन्मुख जाती जस्ता भत्ता पाउने घर परिवार करीव ८% (५ परिवार) भेटियो ।

### ३.१.५ परिवारको आय स्थिति

पारिवारीक आयको श्रोतको सन्दर्भमा, बाली, पशुपन्छी, विप्रेशण, तलब र व्यवसाय प्रमुख श्रोतहरु रहेको पाईयो भने ज्याला, भत्ता लगाएतका अन्य श्रोतहरु आम्दानीमा कम हिस्सा ओगट्ने श्रोतहरु रहेको पाईयो । अध्ययनका लागि छनौट गरीएका परिवारहरुको वार्षिक औसत पारिवारीक आम्दानी रु २,३०,१७४ जति रहेको पाईयो । परिवार संख्याका हिसावले, तलबभत्ता, व्यबसाय र बैदेशिक रोजगारी बाट आम्दानी गर्ने परिवारहरु न्युन देखिए पनि आम्दानीका हिसाबले यि श्रोतबाट उल्लेख्य आम्दानी हुने गरेको देखियो ।

तालिका ८. श्रोतका आधारले नमुना घरधुरीहरुको औसत वार्षिक पारिवारिक आम्दानी

| आयको स्रोत | औसत आय (रु) | जम्मा औसत आयको प्रतिशत |
|---|---|---|
| बाली | ६९८२१.६ | ३०.३ |
| पशु र पशु उत्पादन | २९६४२.९ | १२.९ |
| कुखुरा (मासु, अण्डा) | २३२५०.० | १०.१ |
| तलब र पेन्सन | २५५१२.७ | ११.१ |
| विप्रेषण | २८७१४.३ | १२.५ |
| ज्याला | १३९६४.३ | ६.१ |
| व्यवसाय र व्यापार | २७१४२.९ | ११.८ |
| भत्ता | ७०६८.४ | ३.१ |
| अन्य | ५०५७.१ | २.२ |
| जम्मा | २३०१७४.२ | १००.० |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७८/७९*

### ३.२ सरकारी नीति, सेवा, नीति र कार्यक्रमहरुबारे उत्तरदाताहरुको जानकारी र सहभागिता

सर्वेक्षण गरीएका उत्तरदाताहरु मध्ये करिब ७३% उत्तरदाता कुनै न कुनै सहकारीमा सदस्य रहेको पाईयो । त्यस्तै गरी करिव ४८% उत्तरदाताहरुलाई सहुलिएत ऋणबारे जानकारी रहेको पाईयो । यद्यपि, सहुलिएत ऋण प्राप्त गर्ने उत्तरदाता भने १०% मात्र देखियो । कृषि व्यवसायका लागि नगद अनुदान पाउने परिवार संख्या करिव १२% मात्र भेटियो । सरकारले कृषि र पशु बीमालाई प्राथमिकतामा राखी बिभिन्न कार्यक्रम र उल्लेख्य बजेटको व्यवस्था गरेको भएता पनि यसका बारेमा आधा भन्दा कम उत्तरदाताहरुलाई मात्र जानकारी भएको देखियो । कृषि बीमामा एक जना पनि किसान सहभागी नभएको पाईयो । सर्वेक्षणमा समेटिएका परिवारहरु मध्ये ११.६% ले पशु बीमा गरेको भेटियो । बीमा बारे जानकारी भएका मध्ये पनि करिव २४% मात्र बीमा कार्यक्रममा सहभागी भएको पाईयो । अध्ययनले किसानहरुको बीमा कार्यक्रममा आशातित आकर्षण एवं सहभागिता नरहेको पुष्टि गर्‍यो ।

सहकारी खेतिबारे जानकारी हुने उत्तरदाताहरु एक-तिहाई मात्र थिए भने ज्ञान केन्द्र वा पालिकाहरुले सहकारी खेति सम्बन्धित कार्यक्रम गरे नगरेको थाहा पाउने उत्तरदाताहरु निकै कम (१३%) थिए । छनौट गरिएका कोहि पनि किसानहरु जमिनको चक्लाबन्दी गरी खेती गर्न सहभागी

नभएको पाईयो भने भूमिबैंक र भूमि एकिकरण बारे कसैलाई पनि जानकारी नभएको पाईयो । यान्त्रीकरणको अबस्था पनि कमजोर देखियो भने कृषि नीतिबारे जानकारी हुने किसानहरु पनि निकै कम भेटियो । समग्रतामा अध्ययनले के देखायो भने, अधिकांश किसानहरुलाई सरकारी नीति, कार्यक्रम र ति सम्बन्धी प्रकियाहरुबारे ज्यादै न्युन जानकारी रहेका कारण त्यस्ता नीति र कार्यक्रमहरुको कार्यान्वयनको अबस्था निराशाजनक हुन गएको हो ।

तलिका ९. सरकारी सेवा, कार्यक्रम र नीतिबारे जानकारी र पहुँचका आधारमा नमुना किसानहरुको वितरण

| विवरण | छ | | छैन | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| सहकारीमा सदस्यता | ४४ | ७३.३ | १६ | २६.७ |
| सहुलियत कृषि ऋणबारे जानकारी | २९ | ४८.३ | ३१ | ५१.७ |
| सहुलियतको कृषि ऋण लिएको | ६ | १०.० | ५४ | ९०.० |
| कृषि व्यवसायको निम्ति नगद अनुदान पाएको | ७ | ११.७ | ५३ | ८८.३ |
| कृषि पशु वीमाबारे जानकारी | २९ | ४८.३ | ३१ | ५१.७ |
| कृषि पशु बीमा गरेको | ७ | ११.६ | ५३ | ८८.४ |
| सहकारी खेतिको बारेमा सुनेको | २० | ३३.३ | ४० | ६६.७ |
| ज्ञान केन्द्र र पालीकाको सहकारी खेति सम्बन्धी कुनै कार्यक्रम भए नभएको बारेमा जानकारी | ८ | १३.३ | ५२ | ८६.७ |
| चक्लावन्दीमा खेती गरेको | ० | ०.० | ६० | १००.० |
| भूमि बैकं र भूमि एकीकरणबारे ज्ञान | ० | ०.० | ६० | १००.० |
| भूमि एकीकरणमा समावेश | ० | ०.० | ६० | १००.० |
| खेती लगाउने बेला मलको उपलब्धता | ९ | १५.० | ५१ | ८५.० |
| कृषि उपकरण प्रयोग गरेको | ५ | ८.३ | ५५ | ९१.७ |
| कृषि नीतिबारे जानकारी | १२ | २०.० | ४८ | ८०.० |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७८/७९*

सहुलियतको कृषि ऋण लिने परिवारको संख्या निकै कम भएको सन्दर्भमा सो को कारणबारे ऋण नलिने परिवारका उत्तरदाताहरुलाई प्रश्न गर्दा झंझटिलो प्रक्रिया प्रमुख कारण भएको पाईयो ।

ऋण नलिनुका अन्य कारणहरुमा प्रक्रिया थाहा नपाउनु र धितोको समस्या हुनु मुख्य कारणहरु रहेछन् । केही (११%) किसानहरुले आबश्यक नभएका कारण ऋण नलिएको बताएका थिए ।

तालिका १०. ऋण नलिनुको कारणका आधारमा उत्तरदाताहरुको वितरण

| ऋण नलिनुको कारण | उत्तरदाताको संख्या | उत्तरदाताको प्रतिशत |
|---|---|---|
| प्रकिया थाहा नभएर | १० | १८.५ |
| धितोको समस्या | ८ | १४.८ |
| आवश्यक नभएर | ६ | ११.१ |
| झंझटिलो प्रकृया | २८ | ५१.९ |
| चाहेर पनि नदिएकोले | २ | ३.७ |
| जम्मा | ५४ | १०० |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७८/७९*

करिव ८५% किसानहरुले खेती लगाउने समयमा रासायनिक मल उपलब्ध नहुने कुरा बताए भने अध्ययनका लागि छनौट गरीएका परिवारहरु मध्ये १०% परिवारले करेसाबारीमा मात्र खेति लगाउने तर व्यवसायीक रुपमा कुनै पनि बाली उत्पादन नगर्ने भएका कारण रासायनिक मलको मागनै नगरेको पनि पाईयो । हेलम्बुका कुनै पनि किसानले कुनै पनि बालीमा रासायनिक मल प्रयोग नगर्ने गरेको पाईयो ।

### ३.३ कृषि व्यवसायको निम्ति अनुदान नपाउनुका कारण

कृषि उत्पादनको लागी तीनै तहका सरकारले विभिन्न किसिमका अनुदानहरु वितरण गर्दै आएका छन् । एकातिर अनुदान प्राप्त गर्ने किसानहरुको संख्यानै कम देखिन्छ भने अर्कोतर्फ अनुदान ग्राहीहरुलाई पनि अनुदानको श्रोतनै थाहा नभएको अबस्था पनि देखियो । खासगरी रासायनिक मलको हकमा किसानले प्रयोग गर्ने मल अनुदानको हो वा होईन भन्ने एकिन गर्न पनि कठिन भयो । तसर्थ, यस शिर्षक अन्तर्गत नगद, औजार, उपकरण, बीउ, किटनासक विषादी, सहुलियत ऋण, बीमाको प्रिमियम आदिलाईमात्र अनुदानको रुपमा समेटिएको छ । अनुदान नपाउनुका कारण बारे उत्तरदाताहरुलाई प्रश्न गर्दा जम्मा ३७ जना (६१.७%) ले मात्र कारण बताएका थिए भने बाँकी २३ जना (३८.३%) ले थाहा नभएको बताएका थिए । कारण बताउने ३७ जना मध्ये, ९ जना (२४.३%)

ले अनुदान पाउँने प्रक्रियानै थाहा नभएको कारण आफुले आबेदननै नदिएको बताएका थिए भने, सबै भन्दा धेरै (१६ जना) ले अनुदान वितरण प्रकृयानै भेदभावपूर्ण भएको र आफ्नो पहुँच नपुगेका कारण नपाएको बताएका थिए ।

तालिका ११. सरकारी अनुदान नपाउनुका कारणहरुको आधारमा उत्तरदाताहरुको संख्याको वितरण

| कृषि व्यवसायको निम्ति अनुदान नपाउनुका कारण | संख्या | प्रतिशत |
|---|---|---|
| अनुदानबारे जानकारी नभएको | ९ | २४.३ |
| भेदभाव भएकोले (पहुँच नभएकोले) | १६ | ४३.२ |
| आवेदन दिएको तर नपाएको | ३ | ८.१ |
| प्रक्रिया थाहा नभएर | ९ | २४.३ |
| जम्मा | ३७ | १०० |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७८/७९*

अनुदानको सन्दर्भमा विद्यमान सरकारी प्रक्रिया र विधि बारे उत्तरदाताहरुको धारणा बुझ्दा आफ्ना धारणा राख्ने ३७ जना उत्तरदाताहरु मध्ये २ जनाले मात्र प्रक्रिया ठिक भएको बताएका थिए भने ६ जनाले पुरै बेठिक भएको धारणा राखेका थिए । त्यस्तै गरी, २ जनाले सो प्रक्रिया किसानमैत्रि नभएको बताएका थिए भने अधिकांश (४३.२%) ले प्रक्रिया साह्रै झंझटिलो भएको बताए । साथै, करिब १६% ले अनुदान प्राप्त गर्न निकै लामो समय लाग्ने गुनासो गरेका थिए । अनुदान वितरण भेदभाबपुर्ण भएको धारणा राख्ने उत्तरदाताहरु करिव ५% थिए । प्रश्नावली सर्बेक्षणमा उत्तरदाताहरुले राखेको धारणा जस्तै लक्षित समुह छलफल र मुख्य जानकार ब्यक्ति अन्तर्वार्तामा पनि सहभागीहरुले अनुदान वितरणको प्रक्रिया निकै झंझटिलो, समय लाग्ने र किसानले पुरा गर्न नसक्ने खालको भएको धारणा प्रमुखरुपमा राखेका थिए । एउटै अनुदान प्राप्त गर्न पनि पटक पटक धाउनुपर्ने व्यवस्थाका कारण किसानहरु अनुदानमा कम आकर्षित भएको देखिन्छ । अप्ठेरो, लामो र झंझटिलो प्रक्रिया भएकै कारण अनुदान खास किसानले भन्दा प्रक्रिया पुर्याउन सक्ने टाठाबाठाले मात्र पाउने अबस्था मननीय छ ।

तालिका १२. अनुदान वितरणको सरकारी प्रक्रियाबारे धारणा राख्ने कृषकहरुको धारणा अनुसारको संख्याको वितरण

| धारण | उत्तरदाताको संख्या | उत्तरदाताको प्रतिशत |
|---|---|---|
| ठिक | २ | ५.४ |
| बेठिक | ६ | १६.२ |
| किसान मैत्री नभएको | २ | ५.४ |
| झंझटिलो | १६ | ४३.२ |
| वितरणमा भेदभाव हुने | २ | ५.४ |
| लामो समय लाग्ने | ६ | १६.२ |
| जम्मा | ३४ | १०० |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७८/७९*

अनुदान वितरणको प्रक्रिया किसान मैत्रि नभएको र किसानले सहजरुपमा अनुदान प्राप्त गर्न नसकिराखेको सन्दर्भमा, अनुदानलाई सर्वसुलभ र सहज बनाउन किसानहरुबाट सुझाव संकलन गर्ने क्रममा धेरै (२९%) उत्तरदाताहरुले सरल र सहज प्रक्रिया बनाउनु पर्नेमा जोड दिए। यसका लागी फारम सजिलो र छोटो बनाउनु पर्नेमा किसानहरुले सुझाव दिए । त्यस्तै गरी आबश्यक परेका किसानको पहिचान गरी त्यस्ता किसानलाई सहजरुपमा अनुदान पाउने ब्यवस्थाका लागि फारम भर्न सहयोग गर्ने र साना किसान लक्षित अनुदानका कार्यक्रम हुनुपर्नेमा धेरै उत्तरदाताहरुको सुझाब थियो । अनुदानको बारेमा समयमा सूचना, चेतना र जानकारी प्रबाह गर्नुपर्ने तथा उत्पादनमा आधारीत अनुदानको ब्यवस्था हुनुपर्नेमा उल्लेख्य संख्याका किसानहरुको राय थियो ।

तालिका १३. अनुदानलाई किसान मैत्री बनाउनका लागि सुझाव दिने उत्तरदाताहरुको संख्या

| अनुदानलाई किसान मैत्री बनाउनका लागि सुझावहरु | संख्या | प्रतिशत |
|---|---|---|
| जानकारी (सूचना र चेतना) | ३ | ८.८ |
| सबै किसानले पाउनु पर्ने र सजिलो प्रक्रिया | १० | २९.४ |
| साना किसान लक्षित अनुदान | ५ | १४.७ |
| अनुदानको आवेदन भर्न सहयोग र सहजीकरण | ७ | २०.६ |
| आवश्यक परेका किसानका निम्ति अनुदानको व्यवस्था | ५ | १४.७ |
| उत्पादनको आधारमा अनुदान वितरण | ३ | ८.८ |
| अनुदानमा उपकरण वितरणलाई बढावा | १ | २.९ |
| जम्मा | ३४ | १०० |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७८/७९*

अनुदानलाई प्रभावकारी बनाउने सन्दर्भमा सो सम्बन्धका जानकार व्यक्तिहरुसंग छलफल गर्दा निम्न अनुसारका समस्याहरु रहेका कारण अनुदान प्रभाबकारी हुन नसकेकाले तिनिहरुको समाधानमा पहल गनुपर्ने रायहरु प्राप्त भएका थिए ।

१. बैंकहरुले सहुलियत ऋण प्रवाहमा आनाकानी गरेको
२. सबै किसानहरुले अनुदान पाउने ब्यवस्था नभएको
३. जानकारीको कमि हुने गरेको
४. बाली बीमा प्रभावहिन भएको
५. अनुदानको मल समयमा पाउन नसकेको
६. गुणस्तरीय बीउको उपलब्धता सुनिश्चित नभएको
७. प्राविधिक सेवामा पहुँच नभएको
८. लामो समयका लागी जमिन भाडामा पाउने व्यवस्था नभएको

उल्लेखित समस्याहरु समाधानका लागी प्रक्रियागत सहजीकरण, प्राविधिक सेवा विस्तार, उत्पादन सामाग्रीहरुको समयमा उपलब्धता, सहुलियत ऋण प्रभाहको लागी बैंकहरुलाई प्रोत्साहन र तिनिहरुको अनुगमन, डेडिकेटेड बैंकको व्यबस्था, भौचर प्रणालीबाट सेवा र अनुदान वितरण, आबश्यक परेका सबै किसानहलाई अनुदान दिने व्यबस्था, उत्पादनको आधारमा अनुदान दिने व्यबस्था, लामो समयको लागी भाडामा लिईएका जमिनको भाडामा अनुदान जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्न सुझाब दिएका थिए ।

## ३.४ कृषि उपजको बजारीकरण

सर्बेक्षणमा समेटिएका परिवारहरु मध्ये करिव ७३% ले पछिल्लो एक वर्षमा आफ्नो उत्पादन बिक्री गरेको र बाँकी २७% ले केही पनि उत्पादन बिक्री नगरेको बताए । आफ्नो कृषि र पशु उत्पादन बिक्री गर्ने मध्येका अधिकांश (६८%) किसानहरुले स्थानीय बजारमा बिक्री गर्ने गरेको पाईयो भने थोरैले मात्र फारम (खेत वा वारी) बाटनै बिक्री गर्ने गरेको पाईयो ।

तालिका १४. कृषि उपज बिक्री गर्ने किसानको संख्या र विक्री गर्ने स्थानको आधारमा उत्तरदाताहरुको वितरण

| विकी गर्ने स्थान | उत्तरदाताको संख्या | उत्तरदाताको प्रतिशत |
|---|---|---|
| स्थानीय बजार | ४१ | ६८.३ |
| फार्म बाट | ३ | ५.० |
| नबेच्ने | १६ | २६.६ |

*श्रोत: घरधुरी सर्वेक्षण, २०७८/७९*

### ३.५ नेपालको संविधानमा खाद्य तथा कृषिसम्बन्धी व्यवस्था

**धारा २५: सम्पत्तिको हक** ले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्ने प्रयोजनका लागि राज्यले कानुन बमोजिम भूमि सुधार व्यवस्थापन र नियमन गर्न बाधा नपर्ने व्यवस्था गरेको ।

**धारा ३६: खाद्यसम्बन्धी हक**ले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हने कानुन वमोजिम खाद्य सम्प्रभुताको हकको प्रत्याभूति गरेको ।

**धारा ४२: सामाजिक न्यायको हक** ले प्रत्यक किसानलाई कानुन बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रुपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ विजन र कृषि प्रजातीको छनौट र संरक्षणको हकको प्रत्याभूति गरेको ।

**धारा ५१ (ङ)** ले भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने व्यवस्था गरेको छ । अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गर्ने, किसानको हकहित संरक्षण र सम्वर्द्धन गर्ने प्रावधान पनि राखेको छ । त्यस्तैगरी, कृषिको व्यवसायिकरण, औद्योगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने व्यवस्था भएको छ । भूमिको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतको आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित यसयोग गर्ने व्यवस्था समेत गरेको देखिन्छ । यसका अतिरिक्त, कृषि सामग्री र कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने जस्ता विषयहरु संविधानमा उल्लेख भएका छन् ।

## ३.६ नेपालसरकारका कृषि तथा भूमिसुधार सम्बन्धीऐन तथा नीतिहरुको रेखाङ्कन

### ३.६.१ ऐनहरु

नेपालका भुमि सम्बन्धी समस्या एउटा दिर्घकालीन समस्याको रुपमा स्थापित भएको छ । वि.स. २००९ सालमा भूमि समस्या अध्ययन गरी प्रतिवेदन पेश गर्न भूमि सुधार कमिशनको गठन भएको थियो । वि.स. २०१३ सालमा भूमि सुधारको १३ सुत्रीय घोषणा कार्यान्वयन गर्न जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐन, २०१३ ल्याईयो । वि.स. २०१४ सालमा मोहिको हक संरक्षण गर्न भूमिसुधार ऐन, २०१४ ल्याईयो । त्यस्तै गरी, वि.स. २०१६ मा विर्ता उन्मुलन ऐन र २०१७ मा राज्य रजौटा उन्मुलन ऐन ल्याईयो । वि.स. २०१९ मा जग्गा (नापजाँच) ऐन र २०२१ मा भूमि सम्वन्धी ऐनको व्यबस्था गरीयो । वि.स. २०२४ सालमा भूमि प्रशासन ऐन लागु भै भूमि प्रशासन कार्यालयहरु खोलिए । मालपोत ऐन र भूमिसुधार सम्वन्धी ऐनका अतिरिक्त भूमि सम्बन्धी २० वटा भन्दा बढी ऐनहरु आएका छन् । हाल सम्म आएका भूमि सम्वन्धी ऐनहरु यस प्रकार छन् :

१. जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐन, २०१३
२. भूमिसुधार ऐन, २०१४
३. विर्ता उन्मुलन ऐन, २०१६
४. राज्य रजौटा उन्मुलन ऐन, २०१७
५. मालपोत (विशेष व्यवस्था) ऐन, २०१८
६. मालपोत (मिन्हा) ऐन, २०१९
७. जग्गा (नापजाँच) ऐन, २०१९
८. भूमि सम्वन्धी ऐन, २०२१ (प्रथम संशोधन २०२२, दोश्रो संशोधन २०२५, तेश्रो २०३८, चौथो २०५३, पाचौं २०५८, छैटौं -अध्यादेश २०६१)
९. भूमि प्रशासन ऐन, २०२४
१०. गुठी संस्थान ऐन, २०३३
११. मालपोत ऐन, २०३४

### कृषि सम्बन्धी अन्य ऐनहरु

१. बीउ ऐन, २०४५
२. विषादी ऐन, २०४७

३. स्थानीय स्वयक्त शासन ऐन, (सन् १९९४)
४. बाली संरक्षण ऐन, २०५९
५. बाली संरक्षण ऐन, २०६४
६. बालीको जातीय संरक्षण तथा किसान अधिकार ऐन,
७. कृषि पुनर्गठन ऐन, २०१९
८. खाद्य अधिकार तथा खाद्य सम्प्रभता सम्बन्धी ऐन, २०७५
९. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
१०. जलचर संरक्षण ऐन, २०१७
११. जीबनासक विषादी ऐन, २०४८
१२. दाना पदार्थ ऐन, २०३३
१३. राष्ट्रिय दुग्ध बिकास बोर्ड ऐन, २०४८
१४. राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४८
१५. नेपाल पशु चिकित्सा परिषद ऐन, २०५५
१६. नेपाल कृषि अनुसन्धान परिषद ऐन, २०४८
१७. खाद्य ऐन, २०२३

### ३.६.२ नीतिहरु

समग्र कृषि क्षेत्रको विकासका लागि नेपाल सरकारलेराष्ट्रिय कृषि नीति २०६१ आउनु भन्दा पहिला देखिनै नीतिगत व्यवस्था गरी प्रयासहरु गर्दै आएको देखिन्छ । उक्त नीति पश्चात कृषि र भूमि सम्बन्धी दुई दर्जन भन्दा बढी नीतिहरु बनेको देखिन्छ । तत् सम्बन्धी नेपाल सरकार (हाल संघीय सरकार) ले बनाएका प्रमुख नीतिहरु यस प्रकार छन् :

१. राष्ट्रिय बीउ बिजन नीति, २०५६
२. राष्ट्रिय चिया नीति, २०५७
३. राष्ट्रिय मल निति, २०५८
४. राष्ट्रिय सिमसार नीति, २०५९
५. राष्ट्रिय कफी नीति, २०६०
६. राष्ट्रिय कृषि नीति, २०६१
७. विज्ञान तथा प्रविधि नीति, २०६१

८. कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३

९. कृषि जैविक विविधता नीति, २०६३

१०. जैविक प्रविधि नीति, २०६३

११. दुग्ध विकास नीति, २०६४

१२. औद्योगिक नीति, २०६७

१३. खर्क नीति, २०६८

१४. पंछीपालन नीति, २०६८

१५. आपूर्ति नीति, २०६९

१६. राष्ट्रिय भू-उपयोग नीति, २०६९

१७. पुष्प प्रवर्द्धन नीति, २०६९

१८. राष्ट्रिय सहकारी नीति, २०६९

१९. सिंचाई नीति, २०७०

२०. कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१

२१. वणिज्य नीति, २०७२

२२. भू-उपयोग नीति, २०७२

२३. सार्वजनिक-निजी साझेदारी नीति, २०७२

२४. मौरी प्रवर्द्धन नीति, २०७३

२५. राष्ट्रिय वन नीति, २०७५

२६. राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६

२७. राष्ट्रिय भूमि नीति, २०७५

२८. राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६

२९. अन्तर्राष्ट्रिय विकास सहायता नीति, २०७६

२८. राष्ट्रिय वातावरण नीति, २०७६

२९. राष्ट्रिय कृषिवन नीति, २०७६

३०. दुग्ध विकास नीति, २०७८

३१. राष्ट्रिय पशुपन्छी प्रजनन नीति, २०७८

३२. राष्ट्रिय पशुपन्छी स्वास्थ्य नीति, २०७८

### ३.६.३ संघीय सरकारको कृषि तथा भूमि व्यबस्था सम्बन्धी महत्वपूर्ण कार्यविधि, नियम, निर्णय, नियमावली, मापदण्ड एवं निर्देशिकाहरु

१. कृषिपुर्वाधार विकास कार्यक्रमकार्यान्वियनकार्यविधि, २०७८

२. कृषिपशु सेवाप्राविधिक छनौट सम्वन्धिकार्याविधि, २०७८

३. निर्यातकालागिप्राङ्गारीक कृषिउत्पादनको प्रमाणीकरण शुल्कमाअनुदान उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्याविधि, २०७८

४. ग्रामिण उद्यमतथाआर्थिक विकासको आयोजना गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि

५. वेमौसमी वर्षाको कारण धान बालीमाक्षतिपुगेका किसानलाई राहतउपलब्ध गराउने मापदण्ड,२०७८

६. व्यवसायिक किट विकास कार्यक्रमकार्यान्वियनकार्यविधि, २०७८

७. प्रस्ताबमाआधारित व्यवसायिक कृषिकार्यक्रम संचालनकार्यविधि, २०७८

८. प्रदेशतथा स्थानियतहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषिविकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८

९. कृषि सुचना तथा प्रशिक्षक केन्द्रको वार्षिक कार्यक्रम संचालन कार्यविधि, २०७८

१०. पशुपन्क्षी तथामत्स्य प्रवद्धन कार्यक्रम संचालनकार्यविधि, २०७८

११. बजार पुर्वाधार सुधार पूर्नस्थापनातथा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माण कार्यविधि, २०७८

१२. किसान सूचिकरण कार्यक्रम कार्यन्वयन विधि, २०७७

१३. नीजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम संचालन आन्तरिक कार्यविधि, २०७७

१४. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजता, परियोजना कार्यान्वयन मार्गदर्शन (Project implementation Manual)

१५. समुदायव्यवस्थित कृषि क्षेत्र आयोजना अर्न्तगत स्थानीय तह मार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७६

१६. राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट संचालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२ (पहिलो संशोधन, २०७५)

१७. प्राङ्गारीक मलमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

१८. एकिकृत सामुदायिक नमुना आधुनिक कृषि फारम स्थापना कायृक्रम संचालन कार्यविधि, २०७५

१९. कृषिउपज भण्डारण घर (Silo) निर्माण कार्यान्वयन कार्यविधि, २०७५

२०. कृषिउपज भण्डारणका लागिप्रयोग गरिने शितघर तथा दुग्ध चिस्यान केन्द्रमा लाग्ने विद्युत महशुलमा अनुदान भुक्तानी लिने सम्बन्धि कार्यविधि, २०७५

२१. सिंचीत क्षेत्र सघन कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७५

२२. मौरी, च्याउ, रेशम कार्यक्रम कार्यविधि (दोश्रो संशोधन), २०७०

२३. कृषि सुचना कार्यविधि, २०७५

२४. राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७१(दोश्रो संशोधन, २०७५)

२५. कृषिपुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५

२६. प्राङ्गारिक कृषि प्रबद्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

२७. सार्वजनिक तथा निजि जग्गामा फलफूल खेती विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७५

२८. कागतीखेती प्रवद्धन कार्यक्रम संचालनकार्यविधि, २०७५

२९. कृषिउपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि, २०७५

३०. क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

३१. वगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

३२. रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रमकार्यान्वयनकार्यविधि, २०७५

३३. शीत भण्डार गृह स्थापनाकार्यक्रमकार्यान्वयन कार्यविधि, २०७४ (प्रथम संसोधन, २०७५)

३४. फलफुलप्रोसेसिङ्ग प्लान्ट स्थापनाकार्यक्रम संचालनकार्यविधि, २०७४ (प्रथम संशोधन, २०७४)

३५. कृषितथ्याङ्क संकलन, प्रशोधन र प्रविष्टी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७४

३६. पुष्पव्यवसाय प्रवद्धन कार्यक्रमकार्यान्वियनकार्यविधि, २०७२

३७. उन्नतबीउमाकृषकहरुलाई अनुदानकार्यक्रमको सञ्चालनप्रक्रिया, २०७७

३८. कृषिमायुवाकार्यक्रम सञ्चालनप्रक्रिया, २०७६

३९. किसान सूचिकरण कार्यक्रमकार्यान्वयनविधि, २०७७

४०. प्रस्तावमाआधारित व्यवसायिक कृषिकार्यक्रम संचालनकार्यविधि, २०७८

४१. भूमिबैक संचालन सम्बन्धि संक्षिप्तअबधारणा (मस्यौदा), २०७७

४२. राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८(पहिलो संसोधन, २०७८)

४३. भूमिहिनदलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको पहिचान र प्रमाण्किरणको आधार र मापदण्ड, २०७८

४४. भूमिहिनदलित र भूमिहिन सुकुम्बासी र अव्यवस्थितबसोवबसलाई जग्गाउपलब्ध गराउने सम्बन्धिकार्यविधि, २०७८

४५. भैंसी प्रजनन् सुधार निर्देशिका, २०७०

४६. अलैंचीको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम संचालन निर्देशिका, २०७०

४७. शीतघर तथा खाद्यन्न भण्डारण घर स्थापना कार्यक्रमका लागि ब्याज अनुदान मापदण्ड, २०७३

४८. बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०७०

४९. अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७

५०. अदुवा प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

५१. अभियानमुखी मकै-भटमास उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ (पहिलो संशोधन, २०७१)

५२. बजारमुखी धान प्रवर्धन कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७

५३. नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७५

५४. व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७

५५. एक जिल्ला एक उत्पादन(ODOP) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०

५६. एक गाउँ एक उत्पादन(OVOP) कार्यक्रम सञ्चालननिर्देशिका, २०७०

५७. प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८

५८. जैविक तथा वानस्पतिक विषादी उत्पादन, प्रयोग तथा अनुदान निर्देशिका, २०७४

५९. प्राङ्गागरिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धि निर्देशिका, २०६४ (संशोधन, २०६५)

६०. न्यूनतम् समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७

६१. विषादी अवशेष द्रूत विश्लेषण कार्यक्रम सञ्चालन निर्देशिका, २०७५

६२. लागत सहभागितामा गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी मार्गदर्शन, २०७८

६३. उद्यमी विकास र बेरोजगार युवाका लागि आवासीय कृषि तालिम र कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

६४. बीउविजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, २०७३
६५. बीउविजन उत्पादनको प्राविधिक परीक्षण निर्देशिका, २०७५
६६. बीउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८
६७. कृषिसँग सम्बन्धित सहकारी तथा संघ-संस्थाहरुलाई कृषि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३
६८. उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया, २०७७
६९. कृषिमा युवा कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६
७०. किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७
७१. प्रस्तावमा आधारित व्यवसायिक कृषि कार्यक्रम संचालन कार्यविधि, २०७८
७२. सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
७३. खाद्य तथा पोषण सुरक्षा पुस्तिका, २०७७
७४. विषादी नियमावली, २०५०
७५. बीउ नियमावली, २०५४
७६. समुदाय बीउ बैंक निर्देशिका, २०६५
७७. बाली संरक्षण नियम, २०६६
७८. कृषि उपज बजार बिकास तथा व्यवस्थापन निर्देशिका, २०७३
७९. जग्गा प्रशासन निर्देशिका, २०५८
८०. भूमि सुधार कार्य निर्देशिका, २०६०
८१. जग्गा प्रशासन कार्यविधि, भाग १ (२०६०), भाग २ (२०६१), भाग ३ (२०६२)
८२. सरकारी, सार्वजनिक जग्गा संरक्षण कार्य निर्देशिका, २०६२
८३. भूमि व्यवस्थापन सुदृढिकरण कार्यक्रम संचालन कार्यविधि, २०६७
८४. भू-सूचना प्रणाली संचालन निर्देशिका, २०७१
८५. भू-सेवा केन्द्र संचालन निर्देशिका, २०७६ (पहिलो संशोधन, २०७८)
८६. डिजिटल डाटाको वितरण, प्रयोग र नियमन निर्देशिका, २०६९
८७. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८
८८. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६७
८९. हदवन्दी भन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश, २०६८

### ३.६.४ प्रदेश सरकारका कृषि सम्बन्धी ऐन, कार्यविधि तथा निर्देशिकाहरु

केन्द्रीय सरकार (हाल संघीय सरकार) का अतिरिक्त प्रदेश सरकारहरुले पनि कृषि सम्बन्धी विभिन्न ऐन, कार्यविधि तथा निर्देशिकाहरुका तयार पारी कार्यान्वयन मा ल्याएका छन् । प्रदेश र स्थानीय निकायहरुमा आबश्यक नीतिहरु बन्न सकेका छैनन्, यद्यपि केही प्रदेशहरुले सुरुवात भने गरेका छन् ।  अध्ययन का लागि समेटिएका बाग्मती, गण्डकी र कर्णाली प्रदेशका केही महत्वपुर्ण नीति, ऐन, कार्यविधि तथा निर्देशिकाहरु यस प्रकार छन् :

#### ३.६.४.१ कर्णाली प्रदेश

१. व्यवसायिक कृषक प्रवर्धन कार्यविधि,
२. विशिष्ट जातका पशुपन्क्षि प्रबर्धन कार्यक्रम कार्यविधि,
३. चक्लाबन्दि खेतिप्रबर्धन कार्यविधि,
४. लागत साझेदारीमा सहकारी संस्थाले कार्य सम्पादन गर्ने समबन्धी कार्यविधि, २०७५
५. कृषि तथा पशु पालन व्यवसायका लागि जग्गा अनुदान कार्यक्रम कार्यविधि, २०७६
६. अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रम संचचालन कार्यविधि, २०७६
७. मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि, २०७६
८. अर्गानिक कृषि मिशन कार्यक्रम संचालन निर्देशिका, २०७६
९. प्राविधिक विधालयमा अर्गानिक कृषि/पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२
१०. अर्गानिक कृषि सम्बन्धी सोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७६
११. भौचर प्रणाली मार्फत कृषि प्रसार सेवाप्रवाहगर्ने कार्यविधि, २०७६
१२. कृषि सिंचाई कार्यविधि, २०७५
१३. ग्रामिण कृषि सडक निर्माण तथामर्मत सम्भार कार्यविधि
१४. कृषिपकेट क्षेत्र संचालनकार्यविधि, २०७५
१५. कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा संचलन कार्यविधि, २०७५
१६. व्यवसायीक फलफूल प्रवर्धन कार्यक्रम संचालन कार्यविधि
१७. सहकारी नमुना गाँउ कार्यविधि, २०७५
१८. लागत साझेदारीमा सहकारी संस्थाले कार्य सम्पादन गर्ने सम्बन्धि कार्यविधि, २०७५

१९. किसान-सरकार हातेमालो कार्यक्रम संचालन कार्यविधि

२०. उच्च प्रविधियुक्त नर्सरी स्थापना , संचालन, विस्तार र सुद्धृढीकरण कार्यविधि, २०७५

२१. अर्गानिक मोडेल कृषि कार्यक्रम कार्यन्वयन कार्यविधि

२२. स्थानीयतहका लागि अर्गानिक उत्पादन प्रोत्साहन कार्यविधि, २०७५

२३. पशु वधशाला तथा वधस्थल (स्थापनातथा संचालन) कार्यविधि, २०७५

### ३.६.४.२ गण्डकी प्रदेश

१. गण्डकी प्रदेश खाद्य परिषद गठन तथा संचालन आदेश, २०७८

२. प्रदेश कृषि व्यवसाय प्रबद्धन ऐन, २०७७

३. प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५

४. बीउविजन ब्यवसायी दर्ता एवं अनुगमन निर्देशिका, २०७३

५. स्थानियतह संगको साझेदारीमा कृषिबजार केन्द्र स्थापना तथा संचालन निर्देशिका, २०७५

६. पशु पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७८सहित)

७. दुग्ध विकास बोर्ड संचालन निर्देशिका, २०७५

८. जग्गा एकिकरण तथा  वस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

९. कृषि प्राविधिक समन्वय संयन्त्र गठन तथा सञ्चालन विधि, २०७९

१०. कृषक सँग कृषिमन्त्री कार्यक्रम संचालन कार्यविधि

११. कृषक पहिचान तथा वर्गिकरण कार्यविधि, २०७५ (पहिलो संसोधन २०७६)

१२. कित्ता नापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यविधि, २०७६ (पहिलो संसोधन २०७८ सहित)

१३. स्वायल हेल्थ कार्ड सम्बन्धी कार्यक्रम  सञ्चालन मापदण्ड, २०७८

१४. स्याउ खेती विकास सम्बन्धी कार्यक्रम सञ्चालन मापदण्ड, २०७७ (पहिलो संसोधन, २०७८ सहित)

१५. स्थानीय कृषिउपज विक्री केन्द्र स्थापना कार्यक्रम संचालन मापदण्ड, २०७७

१६. स्थानीय नश्लको पशुपन्क्षी संरक्षण सम्बन्धी कार्यक्रम संचालन मापदण्ड,२०७७

१७. सुन्तला जात फलफूल वालीमा उच्च घनत्व वगैँचा स्थापना कार्यक्रम संचालन मापदण्ड, २०७७

१८. सामुदायिक वीउ बैंक स्थापना तथा संचालन कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७

१९. साना सिंचाई कार्यक्रम संचालन मापदण्ड, २०७७
२०. साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम संचालन मापदण्ड, २०७७
२१. साना पशुपन्छी तथा मत्स्य व्यवसायिक फार्म स्थापना तथा विस्तार कार्यक्रम संचालन मापदण्ड, २०७७
२२. साझेदारीमा कृषिउपज संकलन केन्द्र निर्माण कार्यक्रम संचालन मापदण्ड, २०७७
२३. स्थलरूप (टोपोग्राफिकल) नक्शामा स्थानीयतहको सिमाना अद्यावधिक गर्ने सम्बन्धी कार्यविधि, २०७५
२४. सेवा करारमा प्राविधिक जनशक्ति छनोट सम्बन्धी कार्यविधि, २०७७
२५. सहकारी संघ-संस्थाअनुगमन, मूल्याङ्कन तथा नियमन कार्यविधि, २०७५
२६. मुख्यमन्त्री जलवायुमैत्री नमुना कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (पहिलो संसोधन २०७८)
२७. बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७
२८. पाडी/वाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
२९. पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ (पहिलो संसोधन २०७८ सहित)
३०. सानाव् यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम संचालन मापदण्ड, २०७७
३१. सहकार्यमा वधस्थल निर्माण वा सुधार कार्यक्रम संचालन मापदण्ड, २०७७
३२. सहकारी संस्थालाई अनुदान प्रदान गर्ने मापदण्ड, २०७७
३३. सहकारी पाठ्यक्रम तथा प्रशिक्षण सञ्चालन मापदण्ड, २०७७
३४. समुदायस्तरमा कृषिउपज उत्पादन कार्यक्रम सञ्चालन मापदण्ड, २०७७
३५. व्यवसायिक फलफूल खेतीगर्न ईच्छुक कृषकहरुलाई अनुदानमा फलफूल विरुवा र आवश्यक कृषि सामग्री वितरण कार्यक्रम सञ्चालन मापदण्ड, २०७७
३६. व्यवसाय पुनर्स्थापना सहयोग सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७ (पहिलो संशोधन २०७८ सहित)
३७. विशेष बाली प्रवर्धन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७८
३८. विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रम सञ्चालन मापदण्ड, २०७८
३९. लर्न एण्ड डु तालिम कार्यक्रम सम्बन्धी मापदण्ड, २०७७
४०. यान्त्रिकीकरणमा अनुदान सहयोग सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

### ३.६.४.३ बाग्मती प्रदेश

१.शीत भण्डार निर्माण तथा  सञ्चालन कार्यविधि, २०७५

२. सामुहिक खेति प्रबर्धन कार्यक्रम कार्यान्वयन विधि, २०७५

३. विषादी अवशेष द्रुत विश्लेषण कार्यविधि, २०७५

४. डिप वोरिङ्गनिर्माण तथा सञ्चालन कार्यविधि, २०७५

५. पुष्प व्यावसाय प्रवर्धन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५

६. उच्च मूल्यको कृषि उपजहरुको प्रवर्धन कार्यक्रम संचालन  कार्यविधि, २०७५

७. फलफूलकार्य कार्यक्रम (संचालन) कार्यविधि, २०७५

८.कृषि सुपरमार्केट  (स्थापना र संचालन) कार्यविधि, २०७५

९. साझेदारीमा बीउ आलु स्रोत केन्द्र स्थापना कार्यक्रम (स्किन हाउस निर्माण/ संचालन कार्यविधि), २०७६

१०. अभियानमूखी फलफूल वृक्षरोपण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६

११. कृषि पर्यटन प्रवर्धन कार्यक्रम कार्यविधि, २०७६

१२. आलु मिनी रष्टिक हाउस निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७६

१३. साझेदारीमा बीउ आलु स्रोत केन्द्र स्थापना कार्यक्रम संचालन कार्यविधि, २०७७ (मेशिनरी सहितको स्क्रीन हाउस)

१४. साझेदारमा बीउ आलु स्रोत केन्द्र स्थापना कार्यक्रम (राष्ट्रिक हाउस निर्माण) संचालन कार्यविधि, २०७७

१५. बाँझो जग्गामा खेतीको लागि प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७७

१६. साझेदारमा बीउ आलु स्रोत केन्द्र स्थापना कार्यक्रम (साझेदारीमा मेशिनरी सहितको आलु प्रशोधन उद्योग स्थापना )संचालन कार्यविधि, २०७७

१७. जैविक विषादी उत्पादन कारखाना विकास तथा विस्तार कर्यक्रम कार्यन्वयन कार्यविधि, २०७६

१८.वृहतर कफी विस्तार तथा प्रबर्धन कार्यक्रम संचालन कार्यविधि, २०७६

१९.बृहत्तर स्याउ विकास तथा विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७६

२०. कोल्ड च्याम्बर /कोल्ड स्टोर निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७६

२१. गोलभेडा प्रशोधन केन्द्र कार्यक्रम संचालन कार्यविधि, २०७६

२२. किवी बगानमा थाँका व्यवस्थापन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६

२३. साझेदारीमा कृषि औजार कारखाना  स्थापना कार्यविधि, २०७६

२४. मागमा आधारित लिफ्ट सिंचाई कार्यक्रम संचालन कार्यविधि, २०७६

२५. एकिकृत मोडल कृषि फर्म विकास तथा विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७६

२६. नमुना कृषि फार्म कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

२७. वृहत्तर आलु विकास तथा विस्तार कार्यक्रम सञ्चाल कार्यविधि, २०७६

२८. सामुहिक खेती प्रवर्धन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५

२९. साना कृषि सडक निर्माण, मर्मत तथा संचालन कार्यविधि, २०७५

३०. स्नातकोत्तर अध्यानरत विधार्थीहरुको सोध कार्यको लागि अनुदान सहयोग कार्यक्रम सञ्चाल कार्यविधि, २०७७

३१. माटो परिक्षण गरी स्वायल हेल्थ कार्ड वितरण कार्यक्रम सञ्चाल कार्यविधि, २०७७

३२. सौर्य सिंचाई कार्यक्रम सञ्चाल कार्यविधि, २०७६

३३. उच्च प्रविधियुक्त संरक्षित संरचना तरकारी खेती कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७

३४. उन्नत बीउ उत्पादन कार्यक्रम प्रोत्साहन कार्यविधि, २०७७

३५. कृषि मेशिनरी वर्कशप स्थापना सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

३६. कृषि यान्त्रीकरण प्रवर्धन सम्वन्धी कार्यविधि, २०७५

३७. जीविकोपार्जन सहयोग विशेष कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६

३८. डिप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७५

३९. नमुना वस्तीमा कृषि आयआर्जन कार्यक्रम कार्यविधि, २०७६

४०. प्राङ्गारिक कौसी खेती प्रवर्धन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६

४१. कृषि व्यवसाय प्रवर्धनका लागि मुद्धा स्वयंसेवक तालिम तथा परिचालन कार्यक्रम कार्यविधि, २०७६

४२. संरक्षण पोखरी निर्माण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६

यसरी प्रदेश स्तरमा तयार भएका कतिमय ऐन, निर्देशिका एवं कार्यविधिहरु संघिय सरकारका ऐन, निर्देशिका एवं कार्यविधिहरुसंग सम्वन्धीत देखिन्छन भने कयौं यस्ता दस्तावेजहरु प्रदेशका विशिष्ट कार्यक्रमहरु संचालनको लागि तयार भएका देखिन्छन् ।

## ३.७ मुख्य नीतिहरुको मुल्याङ्कन (समिक्षा)

### ३.७.१ राष्ट्रिय कृषि नीति, २०६१

यो नीति हालसम्म पनि नेपालको कृषि बिकासको लागी मूल नीतिको रुपमा रहेको छ । यस क्षेत्रमा तर्जुमा हुने नीतिहरु यसै नीतिबाट निर्देशित हुन्छन् । सम्बन्धित मन्त्रालयका उदेश्य, दृष्टिकोण र रणनीतिहरु पनि यहि नीति अनुरुप हुने गर्दछन् । तर प्रदेश र स्थानीय निकायद्धारा तयार पारीने कतिपय ऐन एबं कार्यबिधिहरुको भने कृषि नीति संग तादम्यता नभएको पाईन्छ । नीति अनुरुप कार्यक्रम नबन्ने तर कार्यक्रम सुरु गरीसके पश्चात जबर्जस्त रुममा नीतिसंग जोड्ने गरेको देखिन्छ । कतिपय अबस्थामा नीतिसंग बाझिने गरी पनि कार्यक्रमहरु कार्यान्वयन भएका पाईन्छन् ।

राष्टिय कृषि नीति बनेपछि नेपालमा २० वटा भन्दा बढि नीतिहरु बनेको देखिन्छ जुन कृषि नीतिका सहायक नीति जस्ता देखिन्छन् । कृषि नीति २०६१ कै उदेश्य अनुरुप १७ वटा ऐनहरु र सोही बमोजीम बिभिन्न नियमावलीहरु बनि कार्यान्वयनमा आयका छन् । साथै, कृषिका बिषयगत कार्यक्रम, आयोजना वा परियोजनाहरु संचालन गर्न ८० भन्दा बढि निर्देशिका, कार्यबिधि वा मार्गदर्शनहरु लागु गरेको देखिन्छ ।

#### ३.७.१.१ कृषि नीतिको दृष्टिकोण, उदेश्य, लक्ष्य, रणनीति

**दृष्टिकोण**

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एंव प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरी दीगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु कृषि क्षेत्रको दीर्घकालिन दृष्टिकोण रहनेछ ।

**उदेश्यहरु**

व्यवसमयिक एंव प्रतिस्पर्धात्मक कृषि प्रणलीद्धारा उच्च एंव दिगो आर्थिक बृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरीबी निवारणमा योगदान गर्न :

१. कृषि उत्पादन एंव उत्पादकत्व बढाउने ।
२. व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणलीका आधारहरुको विकास गरी क्षेत्रिय र विश्व बजारसंग प्रतिस्पर्धात्मक बनाउने ।
३. प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एंव सदुपयोग गर्ने ।

**नीतिहरु**

उल्लेखीत उदेश्यहरु हासिल गर्ने गरी कृषि नीतिमा उदेश्य १, २ र ३ अन्तर्गत २५, २३ र ६ गरी जम्मा ५४वटा नीतिहरु (कार्यान्वयन र अनुगमनको ३ वटा व्यवस्था बाहेक) समावेश गरीएका छन् । उदेश्य अनुरुपका मूख्य नीतिहरु यस प्रकार छन् :

*उदेश्य १*

१. प्रविधि विकास, प्रसार र उपयोगबाट उत्पादन र उत्पादकत्व बृद्धि
२. कृषिको व्यवसायीकरण, व्यवसाय प्रवर्द्धन र विविधिकरणमा जोड दिई आय आर्जन तथा रोजगारीको अवसर सिर्जना
३. बैज्ञानिक भूउपयोग, खेतियोग्य जमिनलाई गैह्र कृषि प्रयोगमा ल्याउन निरुत्साहन
४. सिंचाई सुविधा, कृषि सडक र ग्रामिण विद्युतिकरण
५. उच्च मूल्य बस्तुको उत्पादन
६. सशर्त अनुदान
७. स्थानीय वीउ, बेर्ना र नश्लको उत्पादन, प्रमाणीकरण
८. उत्पादन सामाग्रीको सहज आपुर्ति, उत्पादनको संकलन, प्रशोधन, संचय र ढुवानी
९. अनुसन्धान -कृषि अनुसन्धान तथा विकास कोषको अबधारणा
१०. कृषि ऋण, राहत, अनुदान, तालीम, तथ्याङ्क सकलन
११. श्रोत साधन कम भएका किसानहरुको पहिचान, वर्गीकरण र सुविधा
१२. भूमिहिन, सिमान्त र साना किसानहरुको लागी भूमिमा पहुँच, भूमि बैंकको अवधारणा, जग्गाको करार र कवुलियत व्यबस्था
१३. कृषि बन
१४. खाद्य सुरक्षा

*उदेश्य २*

१. बृहत उत्पादन क्षेत्र विकास
२. खाद्यन्न आपुर्ति
३. कृषि र पशु बीमा विस्तार

४. प्राङ्गारीक खेतिप्रवर्द्धन

५. परिवर्तित आनुवंशिकीय जीवहरुको प्रयोगलाई नियमन

६. परम्परागत स्थानीय मौलिक कृषि बस्तु एबं सम्बन्ध प्रविधिहरुको पंजिकरण तथा प्रवर्द्धन

७. तालीम

८. पशु क्वारेन्टाईनलाई व्यवस्थित र सुदृढ

९. खाद्यबस्तुको गुणस्तर कायम

१०. सहकारीमा आधारीत कृषि उद्योग एवं व्यवसायको प्रवर्द्धनमा प्राथमिकता

११. आयात प्रतिस्थामन, निर्यात प्रवर्द्धन

१२. बजार सुचना प्रणालीको विकास, बजारको सुनिश्चितता

*उदेश्य ३*

१. कृषिमा रसायनहरुको प्रयोग निरुत्साहन, प्राङ्गारीक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन

२. जैविक विविधता संरक्षण (जीन बैंक, स्थानीय संरक्षण, जैविक विविधता संरक्षण पार्क), कृषिवन प्रणालीको विकास

३. जलाधार व्यवस्थापन, नदी कटान नियन्त्रण

४. वैज्ञानिक भूव्यवस्थापन (चक्लाबन्दी), खण्डीकरण नियन्त्रण

### ३.७.१.२ कृषि नीति अन्तर्गत बनेका कृषि विकाससंग सम्बन्धित मूख्य कार्यक्रम तथा आयोजनाहरु

**कार्यक्रमहरु**

१.विशेष कृषि उत्पादन कार्यक्रम

१.१ रासायनिक मलमा अनुदान

१.२ उन्नत बीउ अनुदान

२. आलु तरकारी तथा मसला बाली विकास कार्यक्रम

२.१ वीउ आलुमा आत्म निर्भर कार्यक्रम

२.२ बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम

२.३ अलैंची खेती कार्यक्रम

३. खाद्य पोषण तथा प्रविधि कार्यक्रम

३.१ खाद्य स्वच्छता तथा गुणस्तर नियमन कार्यक्रम

३.२ प्रयोगशाला परीक्षण तथा क्वारेन्टाईन सेवा

३.३ खाद्य औधोकिकरण

३.४ एस पि एस इन्क्वायरी सेवा

३.५ पोषण ज्ञान विस्तार कार्यक्रम

५. कृषि प्रसार तथा तालिम कार्यक्रम

५. कृषि ब्यबसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम

६. कर्णाली अंचल कृषि विकास कार्यक्रम

७. कृषि प्रसार कार्यक्रम (७५ जिल्ला)

८. बागवानी विकास कार्यक्रम

९. बाली विकास कायृक्रम

१०.मत्स्य विकास कार्यक्रम

११. कृषि सुचना तथा संचार कार्यक्रम

**३.७.१.३ कृषि नीति अन्तर्गतका कृषि विकासका आयोजनाहरु**

१.साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना

२. व्यवसायिक कृषि तथा ब्यापार आयोजना

३. उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना

४. खाद्य संकट संबोधन कार्यक्रम

५. समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम

६. उच्च मूल्य कृषि वस्तु विकास आयोजना

७. किसानका लागी उन्नत वीउविजन आयोजना

८. कृषि तथा खाद्य सुरक्षा आयोजना

९. प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना

१०. खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (२०७७)

११. फलफुल तथा तरकारीको मूल्य श्रृङखला विकास आयोजना

### ३.७.१.४ कृषि नीतिको कार्यान्वयन एवं प्रभाव

स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ र विशिष्ट अबसरको आधारमा एक गाँउ एक उत्पादन कार्यक्रम लागु भएको छ । नीति लागु भए पश्चात खाद्यन्न, नगदे बाली, दुध, मासु उत्पादन आदिमा केहि सुधारहरु देखिएता पनि नीतिमा उल्लेखित उदेश्य अनुसार प्रतिफल हासिल भएको देखिदैन । खेतियोग्य जमिनको खण्डीकरण र गैह्र कृषि प्रयोगमा रुपान्तरण रोकिएको छैन । नीति अनुरुप कृषि सडक, सिचाई, ग्रामिण विद्युतिकरण, बजार, संकलन केन्द्र, शीतगृह आदि पुर्वाधारहरुमा उल्लेख्य विकास भएको पाईन्छ । कम तौल तथा वढि मूल्य जाने कृषि वस्तुहरुको उत्पादनमा प्राथमिकता दिने भनिएता पनि त्यस्तो हुन सकेको छैन । स्थानीय निकायहरुले संचालन गर्ने कार्यक्रमहरु स्थानीय आवश्यकता र प्राथमिकता अनुरुप हुने गरेता पनि संघ र प्रदेशका कार्यक्रमहरु सो अनुरुप हुन सकेका छैनन् । कृषि र वनका विश्वविद्यालयहरुले आबश्यकता अनुसारको प्रविधि विकास र प्रसार गर्न सकेका छैनन ।

स्थानीय वीउ, वेर्ना, नश्ल आदि उत्पादन र कृषि उत्पादन संकलन, प्रशोधन, संचय आदिको लागि प्राविधिक सेवा प्रदान गर्न फलफुल, माछा, तरकारी र रेशम किराको श्रोतकेन्द्रहरु स्थापना भए । पहिले संचालन भएको कृषि अनुसन्धान तथा विकास कोष २०७४ सालमा कृषि सुचना तथा प्रशिक्षण केन्द्रमा गाभियो र मौजाद कार्यक्रम सकिए पछि खारेज भैसकेको छ । कृषि अनुसन्धानमा निजी एवं गैह्र सरकारी क्षेत्रको लगानी ज्यादै न्युन देखिन्छ । उत्पादन सामाग्रीहरुको उपलब्धता सहज हुन सकेको छैन भने उत्पादीत बस्तुहरुको बजार पनि अनिश्चितनै छ । कृषि ऋणमा किसानको पहुँच बढ्न सकेको छैन । प्राकृतिक प्रकोपको आंकलन र राहतको लागि सर्भे प्रणाली स्थापना गर्ने नीति अनुरुप कृषि मन्त्रालयमा राहत व्यवस्थापन शाखा स्थापना भई जिल्ला प्राकृतिक प्रकोप व्यवस्थापन समितिसंगको समन्वयमा कार्य सम्पादन भैराखेको छ । कृषिमा तालीमको र सहभागीहरुको संख्या उत्साहजनक देखिन्छ, यद्यपि तालीमबात हाँसिल शिपको उपयोगको अबस्था भने न्युननै छ ।

कृषिका कार्यक्रमहरु संचालनमा महिला संलग्नता बृद्धि भएको देखिन्छ । श्रोत साधन कम भएका कृषकहरुको पहिचान गरी सुविधा दिने कार्य हुँदै आएको छ । भूमिहिन किसानहरुको समस्या हाल पनि जस्ताको तस्तै छ । भूमि बैंक स्थापनाको लागी आ.व. २०७७/७८ को बार्षिक बजेटमा रु. ५० करोडको व्यवस्था भएता पनि बैंक स्थापना भएको छैन । कवुलियत वनले वन र कम हैसियतका उपभोक्ताहरुको उत्थानमा टेवा पुर्‍याएको छ ।

बृहत उत्पादन क्षेत्र विकास गर्ने नीति अनुरुप प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना अन्तर्गत सुपर जोन, जोन, ब्लक र पकेट क्षेत्रहरु तोकिएका छन् । कृषि र पशु बस्तुहरुको बीमा गर्ने नीति अनुसार गाई, भैंसी, बाखा, कुखुरा, माछा, तरकारी र फलफुलमा बीमा गर्ने काम हुदै आएको छ । परम्परागत स्थानीय मौलिक कृषि बस्तु एवं तत् सम्बन्धी प्रविधिको पंजीकरण तथा प्रबर्द्धन गर्ने नीति मुताविक वीउ विजन गुणस्तर नियन्त्रण केन्द्र (SQCC), जिन बैंक (नार्कले) र समुदाय वीउ बैंकहरु स्थापना भै संचालनमा आएका छन् । निजी क्षेत्रबाट संचालन भएका प्रयोगशालाहरुलाई प्रमाणीकरणको मान्यता दिने काम हुदै आएको देखिन्छ । बजार सुचना प्रणाली व्यवस्थित हुन सकेको छैन ।

नीति ४.३.१७ मा उल्लेख भए बमोजिमको छुट्टै कृषि उद्योग विकास नीति हाल सम्म बनेको छैन ।कृषि जन्य बस्तुहरुको आयात र व्यपार घाटा दिनानुदिन बढ्दै गएको छ । प्राङ्गगारीक उत्पादनको प्रमाणीकरण, ब्राण्डीङ्ग र बजार प्रवर्द्धन हुन सकेको छैन । नीतिमा भएका धेरै प्रावधानहरु कार्यन्वयननै भएका छैनन् । कतिपय नीति कार्यन्वयनको लागी आवश्यक संरचनानै बनेनन् । कृषकलाई पेन्सन दिने उद्येश्यका साथ यसवारे अध्ययन गर्न आ.व. २०७४/७५ वजेट बक्तव्यमा व्यवस्था भएता पनि हाल सम्म सो कार्य हुन सकेको छैन । माटो परिक्षण, प्राङ्गारीक मलमा अनुदान, यान्त्रिकरणमा अनुदान आदि कार्यहरु सन्तोषजनक रुपमा संचालन भैराखेका छन ।

तालिका १५. नेपालमा कृषि नीति लागु भए पश्चात कृषि क्षेत्रको कुल ग्राहस्थ उत्पादनको बृद्धि दर

| आ.व. | बृद्धि दर (%) |
|---|---|
| २०६२/६३ | १.६७ |
| २०६३/६४ | ०.९४ |
| २०६४/६५ | ५.८ |
| २०६५/६६ | २.९८ |
| २०६६/६७ | १.९९ |
| २०६७/६८ | ४.४९ |
| २०६८/६९ | ४.४८ |
| २०६९/७० | १.०७ |
| २०७०/७१ | ४.५४ |
| २०७१/७२ | १.० |
| २०७२/७३ | ०.०१ |
| २०७३/७४ | ५.१४ |
| २०७४/७५ | २.७२ |
| २०७५/७६ | ५.०५ |
| २०७६/७७ | २.२३ |
| २०७७/७८ | २.६४ |

श्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालयका बिभिन्न प्रतिवेदन/प्रकाशनहरु

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका विभिन्न प्रतिवेदन र प्रकाशनहरुबाट तथ्याङ्क लिई विश्लेशण गर्दा, नीति लागु भए पश्चात कृषिको कुल ग्राहस्थ उत्पादनको बृद्धि दर अधिकतम ५.१४% र न्युनतम ०.०१ प्रतिशत हासिल भएको देखिन्छ। २०७२/७३ मा भुकम्पको कारण बृद्धि दर झण्डै शुन्य प्रतिशतमा झरेको थियो। कृषिको बृद्धि दर कार्यक्रम र बजेट भन्दा पनि मौषम, प्रकोप एवं महामारीमा बढि निर्भर भएको देखिन्छ।

तालिका १६. कृषि नीति लागु भए पछि नेपालमा प्रमुख खाद्यन्न र नगदे बालीहरुको उत्पादकत्व

| आ.व. | धान ( मे.ट./हे) | मकै ( मे.ट./हे) | गहुँ ( मे.ट./हे) | फलफुल ( मे.ट./हे) | उखु ( मे.ट./हे) | आलु ( मे.ट./हे) |
|---|---|---|---|---|---|---|
| २०६२/६३ | २.७१ | २.०३ | २.०७ | ९.४७ | ३९.६८ | १३.०९ |
| २०६३/६४ | २.५५ | २.०९ | २.१५ | ९.९९ | ४०.०६ | १२.६५ |
| २०६४/६५ | २.७७ | २.१५ | २.२२ | ९.९४ | ३९.४७ | १३.११ |
| २०६५/६६ | २.९ | २.२ | १.९३ | ९.९८ | ४०.५२ | १३.३२ |
| २०६६/६७ | २.७१ | २.११ | २.१२ | १०.० | ४२.७९ | १३.५८ |
| २०६७/६८ | २.९८ | २.२८ | २.२७ | १०.०३ | ४३.१५ | १३.७४ |
| २०६८/६९ | ३.३१ | २.५ | २.४१ | १०.१७ | ४५.४५ | १३.५८ |
| २०६९/७० | ३.१७ | २.३५ | २.४८ | ९.२५ | ४५.४४ | १३.६४ |
| २०७०/७१ | ३.३९ | २.४६ | २.५ | ८.७७ | ४३.१४ | १३.७ |
| २०७१/७२ | ३.३६ | २.४३ | २.५९ | ८.९६ | ४५.९९ | १३.१३ |
| २०७२/७३ | ३.१५ | २.५ | २.३३ | ८.८३ | ५३.७१ | १४.०३ |
| २०७३/७४ | ३.३७ | २.५५ | २.५५ | ९.२२ | ४५.४७ | १३.९४ |
| २०७४/७५ | ३.५१ | २.६८ | २.७६ | ९.७३ | ४६.८१ | १५.८१ |
| २०७५/७६ | ३.७६ | २.८४ | २.८५ | ९.८२ | ४९.६७ | १६.०५ |
| २०७६/७७ | ३.८ | २.९६ | ३.०९ | १०.५ | ४९.५९ | १६.६५ |

श्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालयका बिभिन्न प्रतिवेदन र प्रकाशनहरु

प्रमुख खाद्यन्न बाली, फलफुल तथा आलु र उखु जस्ता प्रमुख नगदे बालीहरुको उत्पादकत्व क्रमिक रुपमा बृद्धि हुदै आएको देखिन्छ। उन्नत जातको प्रयोग र सुधारीएको व्यवस्थापनका कारण यी बालीहरुको उत्पादकत्वमा सुधार भएको हो । यद्यपि, अन्य राष्ट्रहरुको तुलनामा नेपालमा उल्लेखित बालीहरुको उत्पादकत्व हाल सम्म पनि निकै कम रहेको छ (तालीका १६)।

तालिका १७. कृषि नीति कार्यान्वयन भए पश्चात नेपालमा मुख्य पशुजन्य बस्तुहरुको उत्पादनको अवस्था

| आ.व. | गाई (संख्या) | भैंसी (संख्या) | दुध (मे.ट.) | माछा (के.जी/हे.) | खुद मासु उत्पादन (मे.ट.) |
|---|---|---|---|---|---|
| २०६२/६३ | ७००२९१६ | ४२०४८८६ | १३१२१४० | ३५५८ | २१९२०५ |
| २०६३/६४ | ७०४४२७९ | ४३६६८१३ | १३५१३९४ | ३६५४ | २२७१०५ |
| २०६४/६५ | ७०९०७१४ | ४४९६५०७ | १३८८७३० | ३६०७ | २३३९०० |
| २०६५/६६ | ७१७५१९८ | ४६८०४८६ | १४४५४१९ | ३५४९ | २४१६९० |
| २०६६/६७ | ७१९९२६० | ४८३६९८४ | १४९५८९७ | ३६०४ | २४८५७३ |
| २०६७/६८ | ७२२६०५० | ४९९३६५० | १५५६५१० | ३७०२ | २७७६२५ |
| २०६८/६९ | ७२४४९४४ | ५१३३१३९ | १६२२७५१ | ३७७९ | २८७९३० |
| २०६९/७० | ७२७४०२२ | ५२४१८७३ | १६८०८१२ | ३८९३ | २९५१६७ |
| २०७०/७१ | ७२४३९१६ | ५१७८६१२ | १७०००७३ | ४३५२ | २९८२४४ |
| २०७१/७२ | ७२४१७४३ | ५१६७७३७ | १७२४८२३ | ४५७६ | ३०३४०१ |
| २०७२/७३ | ७३०२८०८ | ५१६८८०९ | १८५४२४७ | ४८८७ | ३२२०५९ |
| २०७३/७४ | ७३४७४८७ | ५१७७९९८ | १९११२३९ | ४९०० | ३३२५४४ |
| २०७४/७५ | ७३७६३०६ | ५२७७८१९ | २०९२४०३ | ४९१५ | ३४६१७९ |
| २०७५/७६ | ७३८५०३५ | ५३०८६६४ | २१६८४३४ | ४९२० | ३५७०८२ |
| २०७६/७७ | ७४५८८८५ | ५२५७५९१ | २३०१००० | ४९६४ | ५५२१५६ |

श्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालयका बिभिन्न प्रतिवेदन र प्रकाशनहरु

आ.व. २०६२/६३ देखि २०७६/७७ सम्म मुख्य पशुजन्य उत्पादन (माछा, मासु र दुध) को उत्पादकत्वको अवस्था अध्ययन गर्दा उल्लेखित सबै बस्तुहरुको उत्पादकत्व सामान्य गतिमा एक रुपले बृद्धि हुदै आएको देखिन्छ (तालीका १७) । गाई र भैंसीको संख्या एवं दुध र मासुको उत्पादन पनि क्रमिक रुपमा बृद्धि हुदै आएको पाईन्छ ।

नीति कार्यान्वयन तथा व्यवस्थापनको सन्दर्भमा तीन तहका सरकार र मातहातका निकाएहरुमा उचित सहभागिता र समन्वय हुन नसक्दा दोहोरोपनाको समस्या देखिएको छ । समग्रतामा भन्नुपर्दा नीतिको कार्यान्वयन तथा अनुगमनको पक्ष निकै कमजोर पाईयो ।

### ३.७.२ भूमि सुधार र भू-उपयोग सम्बन्धी नीति तथा ऐनहरुको संक्षिप्त समिक्षा

नेपालमा जमिनको असमान वितरण, भूमिहिनको ठूलो संख्या, खण्डिकरण, कृषियोग्य जमिनको गैह्र कृषि कार्यमा उपयोग आदि दिर्गकालीन समस्याहरु हुन् । नेपालमा भूमि सुधारको प्रयास २०१३ मा जग्गा तथा जग्गा कमाउने लगत खडा गर्ने ऐन बनेपछि सुरु भएको मान्न सकिन्छ । भूमि सुधार ऐन २०१४ ले मोहि (कमैया) हरुको अभिलेख तयार पारेको थियो । कृषि पुनर्गठन ऐन २०१९ (इ.स. १९६३) ले मोहिहरुको सुरक्षामा ध्यान दिएको दखिन्छ । भूमि सुधार ऐन, २०२१ नेपालको भूमि सुधार सम्बन्धी राम्रा कार्यक्रम र नीतिहरु भएको महत्वपूर्ण ऐन मानिन्छ जसमा स्वामित्वको सिमा तोकिएको छ । तर यस ऐनले पनि प्रति परिवार १९ हे. सम्म स्वामित्व लिन पाउने व्यवस्था गरेका कारण भूमिको असमान वितरणलाई प्रसय दिएको पाईन्छ ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (२०७५) का अनुसार नेपालमा १ लाख भन्दा बढि मोहिहरु छन् । सन् १९९६ भन्दा पहिला मोहियानी हक स्थापना भएका जमिनमा उनिहरुले कमाउदै आएको जमिनको आधा हिस्सा प्रदान गरी दोहोरो स्वामित्वको कारण सृजित समस्या र बिबादहरुको समाधान गर्न नेपाल सरकारको सम्बन्धित मन्त्रालयले पटक-पटक सूचना समेत जारी गरीसकेको छ । तर सम्बन्धित जग्गा धनि र कमैयाहरुबाट निवेदननै नपरेका कारण सो पहल प्रभाबहिन हुन पुग्यो ।

बि.सं. २०५१ मा गठित भूमि सुधार सम्बन्धी उच्च स्तरीय आयोग (बडाल आयोग) ले भूमि बैंक स्थापना गर्न प्रस्ताव गरेको भएता पनि सन् २०१९ अगस्टमा नेपाल सरकारले ल्याएको Land Use Act (भू-उपयोग ऐन) मा पहिलो पटक भूमि बैंकको अबधारणा समाबेश गरीयो । ऐनले जमिनको बर्गिकरण गर्नुको साथै उल्लेखित प्रयोजनमा जमिन प्रयोग नभएको अबस्थामा जरिवाना लिने अनुमति पनि प्रदान गर्‍यो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भूमि बैंक ऐन कार्यान्वयन गर्न रुपरेखा तयार पार्‍यो जसमा सबै खाले जमिन प्लटिङ्ग गर्न सकिने व्यवस्था गरीयो । ऐनका कारण धेरै जग्गा हुने जग्गा धनिहरुले खेति गर्नुका अलवा ब्याज खाने उदेश्यले जमिन बैंकमा राख्ने हुँदा एकातिर उत्पादन घट्ने भयो भने अर्कोतर्फ साना किसानले जग्गा नपाउने वा बैंकबाट लिँदा बढि मूल्य तिर्नुपर्ने अबस्था आयो । साथै, खेति योग्य जमिन उद्योग संचालन वा प्लटिङ्ग जस्ता गैह्र कृषि प्रयोजनमा पनि प्रयोग हुन सक्ने भए । आ.ब. २०७७/७८ को बजेटमा ५० करोड रुपैंया ३०० पालिकामा भूमि बैंक स्थापना गर्न विनियोजन गरेको भएता पनि बैंकहरु स्थापना भएका छैनन् ।

राष्ट्रिय भू-उपयोग नीति, २०६९ नेमालमा पछिल्लो समयमा भूमि सम्बन्धी महत्वपुर्ण नीति हो । उपलव्ध भूमि तथा भूमिस्रोतको महत्तम (Optimum) उपयोग गरी देशको दीगो सामाजिक, आर्थिक तथा वातावरणीय विकास हासिल गर्ने दूरदृष्टि (Vision) यस नीतिले लिएको छ भने यसको परिदृष्य (Mission) राष्ट्रको दीगो सामाजिक, आर्थिक तथा वातावरणीय विकासका लागि भूमिको महत्तम उपयोग गरी उच्चतम प्रतिफल प्राप्त गर्न भूमिको वर्गीकरण गरी सो अनुरुप उपयोग, नियमन र व्यवस्थापन सुनिश्चित गर्ने रहेको छ । नीतिका लक्ष्यहरु (Goal) यस प्रकार छन्:

१. देशको सम्पूर्ण भूमिलाई बनौट, क्षमता, उपयुक्तता र आवश्यकताका आधारमा वर्गीकरण गर्ने । सो बमोजिम उपयोगको लागि तहगत भू-उपयोग योजना तयार गरी कार्यान्वयन गर्ने कार्य आगामी १० वर्ष भित्र सम्पन्न गरिनेछ । नगरपालिका, जिल्ला सदरमुकाम, नगरोन्मुख गा.वि.स र मुख्य सडकहरुका आसपासका क्षेत्रहरुका हकमा उपर्युक्त कार्य आगामी ५ वर्ष भित्रमा सम्पन्न गरिनेछ ।
२. उपर्युक्त वर्गीकरणको आधारमा भूमिको उपयोग, नियमन र व्यवस्थापन सम्बन्धी नीतिमा समेटिएका विषयहरु कार्यान्वयनमा ल्याउनको निमित्त आगामी २ वर्ष भित्र आवश्यक संस्थागत तथा कानुनी व्यवस्था गरिनेछ ।

यस नीतिका प्रमुख उद्देश्य देहाय बमोजिम रहेका छन्:

१. भूमि तथा भूमिस्रोतको महत्तम उपयोगका लागि भूमिको वर्गीकरण गर्ने,
२. वर्गीकरणको आधारमा भूमिको संरक्षण, व्यवस्थापन र उपयोगलाई प्रोत्साहित गर्ने,
३. भूमिको खण्डीकरणलाई व्यवस्थित गर्ने तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्ने,
४. विकास र वातावरण बीच सन्तुलन कायम राख्ने,
५. भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय लगायत विशेष महत्वका क्षेत्रहरु रहेको भूमिको संरक्षण गर्ने,
६. भू-उपयोग नीतिलाई सम्बोधन गर्ने गरी भू उपयोग योजना तयार गर्ने,
७. उपयोगको आधारमा न्यूनतम मूल्यांकन एवम् भूमिकर प्रणाली निर्धारण गर्ने,
८. उपयोगमा नरहेको भूमिलाई समुचित प्रयोगमा ल्याउने व्यवस्था मिलाउने ।

भूमिको बर्गिकरण, बर्गिकरणका आधारमा उपयोग, संरक्षण, कृषि भूमिलाई बाँझो राख्ने प्रवृत्ति र उर्वर जग्गाको गैह्र कृषि प्रयोगलाई निरुत्साहन, खण्डीकरणलाई निरुत्साहन, भूमिको चक्लाबन्दी तथा विकास निर्माणको लागि जग्गा प्राप्ति गर्न व्यवस्थित जग्गा एकीकरण, जैविक विविधताको संरक्षण, जलबायु परिवर्तनको असर न्युनिकरण, जग्गाको न्यूनतम मूल्यांकन तथा करको दर निर्धारण आदि यस नीतिका प्रमुख नीतिहरु हुन् ।

सरकारले नीतिगत व्यवस्था गरीसकेको परिप्रेक्षमा दोहोरो स्वामित्वको अबस्था अध्यावधिक गरी समाधान गर्ने जिम्मा सम्बन्धीत जिल्लाको भूमि सूधार कार्यालयलाई दिनु उचित देखिन्छ । साथै, आधा आधा वितरणलाई अनिवार्य गर्नु भन्दा दुई पक्षको आपसी सहमतीमा वितरण गर्नु उपयुक्त हुन सक्छ ।

### ३.७.३ शीत भण्डारण सम्बन्धी नीति तथा कार्यक्रमहरुको समिक्षा

कृषि उपजको उत्पादन उप्रान्तको क्षतिलाई न्यूनिकरण गरी आवश्यक परिमाणमा कृषि उपज उपलब्धता सुनिश्चित गराउनशीत भण्डारण स्थापनाको आवश्यकता लाई मध्यनजर गर्दै नेपाल सरकारले शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमको लागि व्याज अनुदान मापदण्ड, २०७३ जारी गरेको छ । यस कार्यक्रम अन्तर्गत शीतघर तथा खाद्यान भण्डारण घर स्थापनाका निम्ति लिएको ऋणको शत प्रतिशत ब्याजऋण प्राप्त गरेको मितिले पाँच वर्षसम्मको लागि नेपाल सरकारबाट अनुदान स्वरुप प्रदान गर्ने व्यवस्था गरको छ। साथै, विद्युतको महशुलमा घर संचालनमा आएको मितिले पाँच वर्षसम्म नेपाल सरकारबाट शत प्रतिशत छुट दिने व्यवस्था छ ।

नेपाल सरकारले २०७५ सालबाट शीत भण्डारण संचालनमा लाग्ने बिद्युतमहसुलमा ५०% अनुदान दिने नीति ल्याएको छ। सार्वजनिक र निजी क्षेत्रको साझेदारीलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ कृषि तथा पशुपन्छी विकास मन्त्रालयले शीत भण्डारण निर्माण कार्यक्रम कार्यन्वयन कार्यविधि २०७४ जारी गरेको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यक्षेत्रमा पर्ने जिल्लाहरुमा शीत भण्डारण निर्माण गर्न प्राथमिकता दिने गरेको छ। यसकार्यक्रमअन्तर्गत नेपाल सरकारले शीत भण्डारणको संयूक्त स्थापनाको लागी नीजि लगानीकर्ता र सहकारीबाट आवेदन माग गरी शीत भण्डारणको स्थापनाका र उपकरण खरीदको लागी ७०% अनुदान दिने व्यवस्था गरेको छ भने नीजि लगानीकर्ताले जमीन बाहेक कुल लगानीकोकम्तीमा ३०% खर्च व्यहोर्नु पर्ने व्यवस्था छ ।

विभिन्न प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले २०७५ सालबाट शीत भण्डारण स्थापना र संचालन गर्ने कार्यलाइ जोड दिएको छ । प्रदेश सरकारले शीत भण्डारण

स्थापना र मेसिनरी खरीदमा लाग्ने ७०% खर्च व्यवहोर्ने व्यवस्था गरेको छ । शीत भण्डारणको प्रभावकारी संचालन र दिगोपन सुनिश्चित गर्न नेपाल सरकारको तीनै (संघीय, प्रदेश र स्थानीय) तहले समन्वयन गरी कार्यक्रम संचालन गर्न जोड दिनुपर्ने छ ।

**शीत भण्डार निर्माण तथा संचालन सम्बन्धी समस्याहरु**

१. हालस्थापना गरीएका शीत भण्डारण उत्पादन क्षेत्रबाट धेरै टाढा रहेका
२. किसान र व्यापारीले बढी भण्डारण शुल्क तिर्नुपर्ने भएकोले भण्डारण गर्न इच्छुक नभएको अवस्था
३. नेपाल सरकारले बिजुली महसुलमा दिने ५०% अनुदानबाट उच्च क्षमताको शीत भण्डार भएका ठूला कृषकले मात्र लाभ लिएको र साना कृषक यस्ता सुविधाबाट वञ्चित भएको अवस्था
४. हाल अनुदानमा थुप्रै शीत भण्डारण स्थापना थालनी भएता पनि नीजि क्षेत्रले समयमा अनुदानको रकम प्राप्त नगरेकाले तोकिएबमोजिम शीत भण्डार संचालन गर्न नसकेको
५. नेपाल सरकारद्वारा शीत भण्डारण क्षेत्रमा धेरै बजेट विनियोजन गरी विभिन्न कार्यक्रम संचालनको अवस्थामा भएता पनि कार्यक्रमको प्रभावकारी अनुगमन र सुपरीवेक्षण नभएको
६. स्थापना भएका अधिकांश शीत घरहरु ज्यादै न्युन क्षमता (२५% भन्दा कम) मा संचालन

**समस्या समाधानका उपायहरु**

स्थापन भएका शीत भण्डारहरु कुल क्षमताको करीब २५% क्षमतामा मात्र संचालन भैराखेकाले हालको लागी शीत भण्डारको संख्या थप्नु भन्दा निर्माण भैसकेका भण्डारहरुलाई पुर्ण क्षमतामा संचालन गर्न उत्पादन बृद्धिका साथै किसान एबं बजारहरुको पहुँच बिस्तार गर्न जोड दिनुपर्ने ।

### ३.७.४ मल नीतिको समिक्षा

राष्ट्रिय मल निति २०५८ ले माटोको उर्भराशक्ति सुधारबाट कृषि उत्पादकत्व वृद्धि गरी गरिबी निबारण गर्ने राष्ट्रिय लक्ष्यलाई योगदान पुऱ्याउने उदेश्य लिएको छ । विशेषतः यो नीतिको उदेश्य निम्न अनुसार छन् :

क. मलको उपयोगमा बृद्धि ल्याउन नीतिगत सुधार तथा पूर्वाधार व्यवस्थित गर्ने ।

ख. मलको कुशल एवम् सन्तुलित प्रयोग गर्न एकिकृत बाली पोषण व्यवस्थापन प्रणालीलाई प्रबर्द्धन गर्ने ।

**रणनीतिहरु**

१. मलको उपलब्धता

१.१ मल आयातलाई भर पर्दे र पारदर्शी बनाउने

क. समयमा रसायनिक मल आयत गर्ने स्थित सिर्जना गर्न प्रमुख बालि लगाउने काम समयभन्दा ६ महिना अगाडी रासायनिक मलको उपयोग स्थिति, माग तथा आपुर्ति स्थिति पुर्वाअनुमान गर्ने र त्यसलाई सार्वजनिक गर्ने ।

ख. मलको आयातमा संलग्न सरकारी तथा निजी क्षेत्रका संस्थाहरुलाई समान अवसर तथा सुविधा उपलब्ध गराउने ।

ग. आयातकर्ताहरुले आयात गरेको मलको थोक विक्रि मूल्य सार्वजनिक गर्नुपर्ने ।

घ. मलको मूल्य गुणस्तर तथा उपलब्धतालाई नियमित तथा प्रभाबकारी बनाउन अनुगमन कार्यलाई सुदृढ गर्ने ।

ङ. रासायनिक मलको अन्तराष्ट्रिय मूल्य अनुगमन गरी नियमित रुपमा गर्ने ।

च. अन्तराष्ट्रिय बजारबाट मल आयात गर्ने सबै संस्थाहरु मन्त्रालयमा दर्ता हुनुपर्ने ।

१.२ मूल्य निति तथा अनुदान

क. मलको मूल्य बजार प्रतिस्पर्धाबाट निर्धारण हुने ।

ख. रासायनिक मलको मूल्यमा सरकारले अनुदान नदिने तर यातायात सेवा नपुगेका दुर्गम तथा उच्च पहाडी जिल्लाहरु जस्ता परिलक्षित क्षेत्र तथा सिमान्त कृषक जस्ता परिलक्षित समूहलाई विशेष कृषि उत्पादन कार्यक्रम अर्न्तगत सहुलियत दिन सकिने ।

१.३ जगेडा मौज्जातको व्यवस्था

क. रासायनिक मलको सम्भाव्य खपत करिब २०% रासायनिक मल जगेडा मोज्जाद रुपमा संचित गर्ने ।

ख. रासायनिक मल जगेडा मोज्जाद सञ्चय, व्यवस्थापन तथा विक्रि वितरण व्यवस्था पारदर्शी र प्रतिस्पर्धी गर्ने ।

ग. नेपाल सरकारलाई मित्र राष्ट्रबाट वस्तुगत सहायता अर्न्तगत प्राप्त हुने रासायनिक मलको जगेडा मौज्जाद व्यवस्था अर्न्तगत परिचालन गर्ने ।

१.४ स्वदेशी उत्पादन

क. कृषि विकासको लागि आवश्यक हुने रासायनिक मल सदा बाह्य श्रोतको आयातमा मात्र निर्भर रहिरहन युक्तिसंगत नभएकोले रासायनिक मल उद्योग अधिराज्य भित्रै स्थापना गराई प्रोत्साहन गर्ने ।

ख. रासापनिक मलको समिश्रण उत्पादन गर्न कच्चा पदार्थहरुको रुपमा रासायनिक मल ( पुरिया, डि. ए. पी, सुपर फस्फेट आदि) आयात गर्नेहरुलाई आयातकर्ताहरुले पाए सरहको सुविधा सहुलियत दिईनेछ ।

१.५ विदेशमा लगानी

क. छिमेकी मुलुकहरुको रासायनिक मल कारखानाहरुमा लगानी गर्न सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहत गर्ने ।

ख. छिमेकी राष्ट्रहरुका रासायनिक मल निर्यात गर्ने कारखानाहरुमा शेयर लगानी गरी उत्पादन अनुपातिक हिस्सा प्राप्त गर्न (सरकारी तथा निजी क्षेत्रलाई ) प्रोत्साहित गर्ने ।

२. मलको वितरण व्यवस्था पारदर्शी, प्रतिस्पर्धात्मक तथा प्रभावकारी तुल्याउने ।

२.१ वितरण व्यवस्था

क. विकास क्षेत्र अनुसार रासायनिक मल आपुर्ति स्थितिको लागत अद्यावधिक गरी सार्वजनिक गर्ने ।

ख. मल वितरण व्यवस्थामा सघाउ पुऱ्याउन रासरयनिक मलको सन्तुलित उपयोग एकिकृत पोषण प्रणालीलाई प्रोत्साहित गर्न मल उपयोग अध्ययन नियमित रुपमा गरि त्यसमा अध्यावधिक गर्दै जाने ।

ग. जिल्लामा मल वितरक तथा विक्रेताहरुको संजाल स्थापना गर्न अभिप्रेरित गर्ने ।

घ. मलको खुद्रा विक्रि मूल्य नियमित अनुगमन गर्ने ।

ङ. मल भण्डारण कृषि उत्पादन एवम् विक्रि व्यवस्था गुणस्तर व्यवस्थापन तथा मल उपयोग सम्बन्धमा विक्रेताहरुको सक्षमता बृद्धि गर्ने ।

च. आयातकर्ता विक्रेताहरु एबं कृषक बिच विभिन्न तहमा नियमित अर्न्तक्रिया गर्ने ।

२.२ परिलक्षित क्षेत्र र समुहलाई सहुलियत दरमा रासायनिक मल उपलब्ध गराउन सक्ने ।

क. मोटर यातायात सेवा पुगि नसकेका दुर्गम तथा उच्च पहाडी जिल्लाहरुमा रासायनिक मल ढुवानी खर्च नेपाल सरकारले व्यहोरी सहुलियत दरमा रासायनिक मल उपलब्ध गराउन सकिने ।

ख. नाइट्रोजन, फस्फोरस र पोटास ठोस पदार्थको रुपमा उपलब्ध गराउने सबै प्रकारका रासायनिक मलमा ढुवानी खर्च सहुलियत दिन सकिने ।

ग. निजी तथा सहकारी क्षेत्रलाई समेत उपरोक्त बमोजिमको ढुवानी अनुदान सहुलियत सेवामा सहभागी हुन सक्ने अवसर प्रदान गर्ने ।

घ. साना तथा सिमान्त कृषकहरुलाई विशेष कृषि उत्पादन कार्यक्रमसँग आवद्ध गरी रासायनिक मलको स्थानीय बजार मूल्यमा सहुलियत उपलब्ध गराउन सकिने ।

२.३ मलको गुणस्तर

क. अनाधिकृत स्रोतबाट मल खरिद बिक्रि नगर्न विक्रेता र उपभोक्तालाई जागरुक बनाउने ।

ख. नितिलाई प्रभाबकारी कार्यान्वयन गर्न गराउन मल ऐन र नियम बनाई लागु गर्ने ।

ग. मलको गुणस्तर परीक्षण प्रणालीलाई प्रभाबकारी तुल्याउन प्रयोगशालाहरुको स्थापना तथा सुदृढीकरण गर्ने ।

२.४ एकीकृत बाली पोषण प्रणलीको व्यवस्थापन

रासायनिक मलको प्रयोगबाट माटोको उर्बराशक्तिमा पर्न सक्ने नकरात्मक असरलाई कम गर्न र सन्तुलित मल प्रयोग तथा एकिकृत बाली प्रणालीको विकास गर्न कृषकहरुको क्षमता विकासका लागि निम्न अनुसार गर्ने ।

क. माटो परिक्षणको आधारमा आवश्यक पोषक तत्वको हिसाबले रासायनिक मल सन्तुलित रुपमा प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहित गर्ने ।

ख. एकीकृत बाली पोषण व्यवस्थापन प्रणालीमा प्राङ्गारिक तथा जीबाणु युक्त मल प्रयोग गर्न प्रोत्साहन गर्ने ।

ग. एकीकृत बाली पोषण व्यवस्थापन प्रणाली प्रबिधिको प्रचार एवम् मूल्याङ्कन सम्बन्धमा कृषक, अनुसन्धानकर्ता, कृषि प्रसार कार्यकर्ता, गैरसरकारी संस्था, सहकारी र निजी क्षेत्रबिच नियमित अन्तरक्रिया गराउने ।

कृषि नीति २०६१ ले रासायनिक मलको नियमित र व्यवस्थित आयात, उत्पादन, भण्डारण र वितरणमा जोड दिएको छ । नीतिले मलको समयमा उपलब्धताको सुनिश्चततामा ध्यान केन्द्रित

गरेको छ । यसले मल कारखाना स्थापना गर्न निजिक्षेत्रको लगानी आकर्षित गर्न वातावरण र अबसर श्रृजना गरेको छ । दिगो कृषि योजना (१९९४/९५-२०१४/१५) ले आधार वर्षको ३१ के.जी. प्रति हेक्टरबाट खाद्यतत्व १३१ के.जी. पुर्‍याउने लक्ष लिएकोमा सो १०२ के.जी. पुगेको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालय (२०१९) का अनुसार हाल नेपालका रासायनिक मलको प्रयोग १११.२ के.जी. प्रति हे. रहेको छ । त्यस्तै गरी कृषि विकास रणनीति (२०१४) मा पनि मल आपुर्तिको सुनिश्चितता गर्ने उदेश्य छ । रणनीतिले मल प्रयोगको कार्यक्षमता, समुचित वितरण, अनुदान र दिगोपनामा जोड दिएको छ । यद्यपि, मल समयमा उपलब्ध हुन सकेको छैन भने मागको ५०% पनि आपुर्ति नभएको अबस्था छ । राज्यको ठूलो धनराशी (आ. ब. २०७९/८० को बजेटमा मा १५ अर्ब छुट्याईएकोमा झण्डै १३ अर्व अर्थ मन्त्रालयले सुनिश्चित गरेको) अनुदानमा खर्च भएता पनि आपुर्तिमा सुधार हुन सकेको छैन । आवश्यक परिमाणको मल आपुर्ति गर्न वर्षेनी करिब ३० अर्व अनुदान दिनुपर्ने देखिन्छ ।

राष्ट्रिय मल नीति (२०५८) ले वार्षिक आवश्यक पमाणको २०% जोगाड गर्न सुझाव दिएको भएता पनि सो कार्यन्वयन भएको छैन । महालेखा परिक्षकको कार्यालयको प्रतिवेदन अनुसार गत वर्ष (२०२०/२१) मा कृषि सामाग्री कम्पनी लि. ले जम्मा २७२४५ मे.टन मात्र संचय गरेको थियो । मल वितरणको व्यवस्था मिलाउन गठित जिल्ला स्तरको मल आपुर्ति तथा वितरण व्यवस्थापन समितिको भूमिका प्रभावकारी हुन सकेको छैन । आपुर्तिकर्ता (ठेकेदार) हरुले ठेक्का लिई समयमा मल आपुर्ति नगर्ने समस्या पनि विद्यमान छ ।

सरकारले पहाडमा एक हेक्टर र तराईमा चार हेक्टरको लागि अनुदानको मल प्रदान गर्नेगरी लिएको नीति पनि त्रुटीपूर्ण देखिन्छ । यस्तो व्यबस्थाका कारण व्यवसायिक किसान भन्दा बढि साना किसानहरु प्राथमिकतामा परेका छन् । जुन देशको समग्र कृषिको उत्पादन बृद्धिको लागि उपयुक्त देखिदैन । गुणस्तरीय रासायनिक मलको समयमा आपुर्ति गर्न भन्दा पनि सरकारले अनुदानमा अनावश्यक बढि जोड दिनु गलत छ । नेपाल सरकारले अनुदानको मल बितरण गर्ने अधिकार सहकारीलाई मात्र प्रदान गर्नु पनि त्यती उचित देखिदैन । गाँऊघरका साना सहकारीहरुमा पुँजीको अभाब हुने र बित्तिय संस्थाहरुबाट श्रृण लिनको लागि धितोको पनि समस्या हुने भएकाले त्यस्ता सहकारीहरुलाई मल खरिदमा समस्या परेको देखिन्छ । फलस्वरुप ती सहकारीहरुले मल खरिद गर्न एग्रोभेट, ब्यापारी र अन्य ब्यक्तिहरुलाई कमिशन खाई जिम्मा दिने गरेकोले उनिहरुले किसानलाई बढि मूल्यमा मल बिक्री गर्ने गरेको पनि देखिन्छ ।

कतिपय अवस्थामा गाँउघरका सहकारीहरुमा किसानको पहुँच नहुने तथा सहकारीहरुले आफ्ना सेयर सदस्य बाहेक अन्य किसानहरुलाई अनुदानको मल नदिने गरेको पनि यदाकदा देखिन्छ । सहकारीहरुले मूख्य सिजन (धान र गहुँ रोप्ने बेला) मा मात्र मल बिक्री गर्ने तर अन्य सिजनमा नबेच्ने गरेका कारण पनि किसानहरुलाई सहकारीबाट आवश्यकता अनुसारको समय र परीमाणमा मल प्राप्त गर्नमा समस्या परी एग्रोभेटमा बढी निर्भर हुनु परेको र त्याहाँ बढी मूल्य तिर्नु परेको पाईन्छ । यस्ता एग्रोभेटहरुले अनुदान नभएका (युरीया, डि.ए.पि. र म्युरेट अफ पोटास बाहेकका अन्य मलहरु) कम गुणस्तरका मलहरु उच्च मूल्यमा बिक्री गर्ने गरेको पनि देखिन्छ । अँझ, अधिकांश सहकारीहरु सहकारीको उदेश्य र नीति बिपरीत सेवा प्रदायक संस्था भन्दा पनि नाफामूलक संस्थाको रुपमा संचालन भएका हुनाले मलको बितरणमा पनि त्यसको नकारात्मक प्रभाब परेको पाईन्छ ।

नेपालले रासायनिक मलको खरिद ग्लोबल टेन्डर (अन्तराष्ट्रिय ठेक्का) र सरकार-सरकार बीचको सहमतिबाट गर्ने गरेको छ । ग्लोबल टेन्डरबाट मल आयात गर्दा निकै लामो समय (५-६ महिना सम्म) लाग्ने गरेको पाईन्छ । जसको कारण आवश्यक समयमा मलको आपुर्ति हुन नसकेको अबश्था छ । अमेरीकी डलरसंगको नेपाली मुद्राको सटनी दर अस्थिर हुनु र बर्तमानमा अमेरीकी डलरको तुलनामा नेपाली रुपैया लगातार कमजोर हुदै जानुले नेपालमा मल आयातमा ठुलो आर्थिक समस्या परीराखेको छ । आयातमा लामो समय लाग्ने र डलरको भाऊ बढ्ने भएका कारण कतिपय अवस्थामा आयातकर्ताले धरौटी रकमनै छाडेर गएको दृष्टान्तहरु समेत पाईएका छन् । यसका अतिरिक्त, निर्यातकर्ता देश, भारत र नेपालमा समय समयमा हुने बन्द हट्ताल, नाका बन्दी, सरकारको परिवर्तन, रोगको महामारी, समुन्द्री सतहको उतार-चढाव आदि जस्ता कारणले पनि नेपालमा मल आपुर्तिमा समस्या पारेको देखिन्छ ।

**मल सम्बन्धी समस्या समाधानका लागि सुझावहरु**

- अनुदान मार्फत मूल्य घटाउनु मात्र भन्दा पनि गुणस्तरीय मलको समयमा आपुर्तिको सुनिश्चिततामा बढि जोड दिनु पर्ने ।
- सहभागीतामूलक नीति निर्माण : मुख्य सरोकारवालाहरुको सहभागितामा मलको आयात र बितरण सम्बन्धी नीति निर्माण गरिनुपर्ने ।
- सहकारीका अलवा एग्रोभेटहरुलाई पनि अनुदानको मल वितरण गर्ने अधिकार दिनुपर्ने तर कडा नियम र नियमित निगरानीजरुरी हुने ।

- आयातकर्ता, बितरणकर्ता र नियमनकर्ताहरुको दक्षता अभिबृद्धिमा ध्यान दिनुपर्ने
- खुला सीमाबाट हुने मलको अबैध कारोबारमा कडाई गनुपर्ने । यस सन्दर्भमा नेपालले भारतसंग गम्भीर छलफल गरी अनुदानमा एकरुपता ल्याउन र खुला सीमाबाट हुने प्रबेशलाई करको दायरामा ल्यायी बैधानिक बनाउन उचित हुनेछ । यसको लागि सीमा नाकाहरुमा मल डेस्क (Fertilizer desk) को व्यबस्था गर्नु उचित हुनेछ ।
- छिमेकी मल उत्पादक राष्ट्रहरु बीच मललाई स्वतन्त्र व्यापार बस्तु (Free trade commodity) को रुपमा लिने सहमति गर्नु उपयुक्त हुनेछ ।
- रासायनिक मलको मुख्य उत्पादक राष्ट्रहरुसंग अल्पकालिन, मध्यमकालिन र दिर्घकालिन सरकार देखि सरकार सहमति गरी मल आयातको खर्च घटाउने र समय एबं नियमित आपुर्तिको सुनिश्चित गर्ने । यसको लागि अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य कम भएको समयमा ठूलो परिमाणमा मल खरिद गरी भण्डारण गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुनेछ ।
- हालको अनुदानको नीतिमा पुनर्बिचार गरी अनुदान घटाउने र आवश्यक परिमाणको गुणस्तरीय मल आपुर्तिमा बढि जोड दिने ।साथै, प्रति इकाइ रासायनिक मलको प्रयोगबाट आम्दानी बढाउने तर्फ ध्यान पुर्‍याउने ।
- हाल अनुदान प्रयोजनको लागिपहाडको लागि तोकिएको ०.७५ हेक्टर र तराईको लागि तोकिएका ४ हेक्टरको सीमा बैज्ञानिक नदेखिएकोले यसलाई संशोधन गरी व्यबसायीक र ठूला उत्पादकलाई आवश्यक परिमाणको मल पाउने व्यबस्था गर्नु पर्ने र क्षेत्रगतरुपमा भएको बिभेदको पनि अन्त गर्नुपर्ने ।
- मल आपुर्तिमा सरकारी लगानी मात्र पर्याप्त नभएका कारण यस क्षेत्रमा निजीक्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने र त्यसका लागि बिद्यमान .नीतिमा सुधार गरी निजीक्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाउनु पर्ने । अनुदानको मल खरिद र बितरणमा बिद्यमान कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडिङको एकाधिकार अन्य गरी अन्य सरकार र निजी क्षेत्रको साझेदारीमा मलको आपुर्ति गर्ने उचित व्यबस्था मिलाउनु पर्ने ।
- नेपालको लगानी वोर्ड र अन्य निकायहरुको अध्ययनले पनि नेपालमा रासायनिक मलको कारखाना स्थापना गर्नु प्राविधिक, आर्थिक र व्यबसायीक हिसाबले पनि असम्भव जस्तै देखिएकाले नेपालले चीन, भारत र बङ्गलादेश जस्ता देशसंग साझेदारी गरी मल उत्पादन गर्न उचित हुनेछ ।

○ रासायनिक मलमा मात्र निर्भर रहने उत्पादन पद्धतिमा परिमार्जन गरी प्राङ्गारीक मलको तयार र प्रयोगलाई प्रोत्साहन गर्ने । यसको लागि देशभित्र उत्पादन भएका र बाहिरबाट आयात गरीएका प्राङ्गारीक मलको गुणस्तरमा निगरानी गर्नुका साथै गोठेमल, कम्पोष्ट, गड्यौले मल, हरियो मल आदिलाई प्राथमिकता दिनु उचित हुनेछ ।

### ३.७.५ बीमा नीतिको समिक्षा

बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०७० तयार गरी सो अनुरुप भुक्तानी दिन नेपाल सरकारले वार्षिक बजेटमा रकम व्यवस्था गर्दै आएको छ । निर्देशिकाका प्रमुख उदेश्यहरु यस प्रकार छन्:

१. कृषकहरुको कावु भन्दा बाहिरको परिस्थितीहरुबाट हुन सक्ने सम्भावीत जोखिम न्युनिकरण गरी कृषकहरुलाई ब्यवसायीक खेतीतर्फ आकर्षित गर्न सहयोग गर्ने
२. कृषिको ब्यवसायीकरणका लागि जोखिम न्युनिकरण गरी कृषकले माछा, पशुपंछी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने
३. कृषि क्षेत्रमा नीजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग गर्ने

बीमकहरुले बीमितहरुलाई बीमा गर्न कृषकहरुलाई पर्याप्त प्रोत्साहन नगर्ने, प्रक्रियागत झंझट, बन्यजन्तु एबं चोरी लगाएत अन्य कारण बाट हुने क्षतिको क्षतिपुर्ति पाउने ब्यवस्था नहुनु, आंशिकरुपमा हुने क्षतिको क्षतिपुर्ति नपाउनु जस्ता कारणले बीमा कार्यक्रममा किसानहरुको सहभागीता उत्साहजनक पाईएको छैन । बीमा कोषको रकम नेपाल सरकारले तोकेको क बर्गको बैंकमा मात्र खाता खोल्नुपर्ने ब्यवस्था पनि ब्यबहारीक देखिन्न । त्यस्तै, बीमा ऐन, २०४९ अन्तर्गत दर्ता भएको बीमा कम्पनीलेमात्र बीमा गर्न सक्ने ब्यबस्था तर त्यस्ता कम्पनीहरु बाली तथा पशुधन बीमामा उदाशिन देखिएका कारण पनि कृषिमा बीमा सोचे जस्तै प्रभावकारी हुन सकेका छैनन् । बीमाको सदुपयोग र प्रभावकारीता सम्बन्धी अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालयको बीमा समितिबाट गर्ने ब्यबस्था हुँदा यस्तोकार्य समयमा सम्पन्न नहुने गरेको पाईन्छ । तसर्थ, बीमा नीतिमा किसानको आकर्षण बढाउनेगरी परिमार्जन गर्नु जरुरी देखिन्छ ।

### ३.७.६ कृषि ऋण नीतिको समिक्षा

नेपालमा कृषि ऋणमा किसानहरुको पहुँच निकै कमजोर देखिएको छ । देशमा कृषि कर्जाको व्यवस्था राष्ट्र बैंकको निर्देशनमा वाणिज्य बैंकहरुबाट २०३१ सालदेखि “साना क्षेत्र कर्जा कार्यक्रम” संगै सुरु भएको मानिन्छ । एशियाली विकास बैंकको एक अध्ययनका अनुसार नेपालमा ग्रामिण क्षेत्रमा माग हुने जम्मा संस्थागत कर्जाको २०% मात्र पुर्ति हुने गरेको छ जुन वार्षिक मागको करिब १३ अर्ब न्युन छ । पछिल्ला आवधिक योजना र कृषि विकास रणनीति, २०७२ मा पनि कृषि कर्जाको व्यवस्था गर्ने बारे उल्लेख गरिएको छ । कृषि विकास रणनीतिमा सहुलियतपूर्ण ऋणको माध्यमबाट साना कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता बृद्धि गर्न सकिने भनिएको छ । संघीय र प्रादेशिक सरकारका नीति तथा कार्यक्रमहरु र बजेट बक्तब्यमा पनि सहुहियतपूर्ण ब्याजदरमा अनुदानको व्यवस्था गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि उद्योगको विकास गर्न र योजगारी सृजना गर्न कृषि ऋणको आबश्यकता औंल्याएको छ ।

कृषि ऋणको महन्वलाई आत्मसाथ गरी नेपाल सरकारले आ.ब. २०७१/७२ देखि यसमा अनुदानको व्यवस्था गर्दै आएको छ । आ.ब. २०७१/७२ को बजेटमा वाणिज्य बैंकबाट प्रदान गरिने ऋणको ब्याजदर ६% ननाघ्ने गरी ४% सम्म अनुदानको व्यवस्था गरेको थियो । सोहि आ.व. मा कृषिजन्य ब्यवसायका लागि युवाहरुलाई ब्यवसायीक कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदानको कार्यविधि, २०७१ पनि आएको थियो । २०७१ को कार्यविधि खारेज गरी नेपाल सरकारले सहुलियतपूर्ण कृषि ऋणलाई ब्यवस्थीत गर्ननै कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ तयार पारी कार्यान्वयनमा ल्याईएको छ । जसमा रु. ७ करोड सम्म एउटै किसानलाई कर्जा प्रदान गर्न सकिने ब्यबस्था छ भने रु. १० लाख सम्मको बर्जा सामुहिक जमानिमा पनि प्रबाह हुन सक्ने ब्यवस्था गरीएको छ । कार्यविधिमा बीमा गरिएका कृषि बालीको धितोमा पनि ऋण पाउने प्रावधान छ । आ.ब. २०७४/७५ को बजेटमा बक्तब्यमा पनि ५% ब्याज अनुदानमा कृषकहरुलाई ऋण प्रबाह गर्ने ब्यवस्था गरिएको थियो । त्यस्तै गरी मौद्रिक नीति २०७४/७५ मा वाणिज्य बैंकले कुल कर्जाको १०% कृषिमा प्रबाह गर्नुपर्ने प्राबधान राखेको थियो । यद्यपि, विभिन्न बैंकहरुबाट कृषि क्षेत्रमा लगानी गरेको अनुपात जम्मा ६.९% रहेको छ (राष्ट्रिय किसान आयोग, २०७५) ।

आ.व. २०७८/७९ को मौद्रिक नीतिमा नेपाल राष्ट्र बैंकले बाणिज्य बैंकहरुले जम्मा ऋण प्रबाहको कम्तिमा १५% कृषिमा प्रबाह गर्नुपर्ने ब्यवस्था गरेको भएता पनि ब्यबहारमा त्यस्तो भएको छैन । नेपाल राष्ट्र बैंकका अनुसार आ.ब. २०७८/७९ मा २७ वाणिज्य बैंकहरु मध्ये १० ले कृषि क्षेत्रमा गर्नुपर्ने न्युनतम ऋण प्रवाह (जम्मा कर्जाको ११%) गरेनन् (श्रेष्ठ, २०२२) । आबश्यक नीति

र संरचनाहरुको अभाब साथै कार्यन्वयनमा दृढता नदेखिनुले यो व्यवस्था अलपत्र परेको देखिन्छ । धितोको समस्या, प्रक्रियागत झंझट तथा जानकारीको अभाबमा कृषि ऋृण साना किसानहरुले पाउन सकेका छैनन् । नेपाल सरकारले तोकेको ब्याज दरमा अधिकांश बैकहरुले कृषि ऋृण प्रवाह गरेका छैनन् । यसको लागि डेडिकेटेड बैंक तोक्ने तथा नियमानुसार ऋण प्रवाह गराउन नियमन गर्ने जस्ता कदमहरु चाल्नु अपरिहार्य देखिन्छ ।

### ३.७.७ कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ को समिक्षा

कृषि व्यवसाय प्रवर्द्धन गर्न कठिन भएको सन्दर्भमा प्रभावकारी वजार व्यवस्थापन प्रणालीको विकासबाट विश्व वजारका अवसरहरुको उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्‍याउन राष्ट्रिय कृषि नीति, २०६१ को ब्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउनू उद्देश्य अनुरुप कृषि व्यवसाय प्रवर्द्धन कार्यलाई गति प्रदान गर्न कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ लागु गरिएको हो । यस नीतिका उद्देश्यहरु देहाय बमोजिम छन् :

१. वजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सघाउ पुर्‍याउने ।
२. कृषिजन्य उद्योगको विकास गरी आन्तरिक वजार तथा निर्यात प्रबर्द्धनमा योगदान पुर्‍याउने ।
३. कृषिको व्यावसायिकरण गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने ।

यस नीतिमा उल्लेखित नीतिहरु समावेश गरीएका छन् :

१. भौगोलिक, प्राविधिक र आर्थिक संभावनाका आधारमा वृहत उत्पादन क्षेत्र (Growth Center) हरुको स्थापना तथा विकास तर्फ जोड दिइने छ

२. औद्योगिक नीति अनुरुप स्थापना हुने विशेष आर्थिक क्षेत्र (Special Economic Zone) हरुसंग समन्वय हुने गरी बजारको माग अनुसारको उपयुक्त परिमाण र गुणस्तरका विशेष कृषि वस्तु उत्पादन गर्न सरोकारवालाहरुको प्रतिवद्धताको आधारमा निम्न लिखित विशेष उत्पादन क्षेत्रहरुको किटान गरी कार्यक्रम संचालन गरिनेछ।

(क) व्यावसायिक वाली/वस्तु उत्पादन क्षेत्र (Commercial crop/ Commodity Productuion Area) ,

(ख) प्रांगारिक/ विषादिरहित उत्पादन क्षेत्र (Organic /Pesticide-free Production Area)

(ग) निर्यातमूलक वाली/वस्तु उत्पादन क्षेत्र (Agri Product Export Area)

समग्रमा कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ को कार्यान्वयनको स्थिति सन्तोषजनक देखिन्छ। यसनीतिमा समाबेस भएका जम्मा ४६ वटा नीति मध्ये ३० वटा (६५%) नीति कार्यान्वयनमा आएको देखिन्छ भने २० प्रतिशत नीति आंशिकरुपमा कार्यान्वयनमा आएकोदेखिन्छ । यसरी हेर्दा १५% नीति मात्र कार्यान्वयनमा नआएको देखिन्छ (रा.यो.आ., २०७७)।

### ३.७.८ सिचाँइ नीति, २०७० को समिक्षा

मलुकुका सम्पूर्ण कृषियाेग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षैभरि दिगो एवं भरपर्दो सिचाँइ सुविधा पुर्‍याउने यस नीतिको दृष्टिकाेण (Vision) रहेको छ भने सिचाँइ नीतिको उद्देश्य देहाय बमोजिम छन् :

१. कृषिमा उत्पादकत्व अभिवृद्धि गर्न टेवा पुर्‍याउनका लागि मुलुकमा उपलव्ध जलस्रोतको अधिकतम उपयोग गरी सिचाँइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्ने।

२. सिचाँइ सरंचनाहरुको उचित ममर्त सभांर, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने तथा नयाँ सिचाँइ आयोजनाहरुको निमार्ण गरी वर्षैभरी भरपर्दो सिचाँइ सेवा पुर्‍याउने।

३. सिचाँइका लागि सतह तथा भूमिगत जलस्रोतलाई संयोजनात्मक रुपमा उपयोग गर्ने।

४. सभांव्यताका आधारमा मलुकुका सबै क्षेत्रमा सिचाँइको संतुलित र सामन्जस्ययुक्त विकास गर्ने ।
५. बहुउदेश्यिय जलाशय एवं अन्तर जलाधार जल स्थानान्तरण योजना लगायत सिचाँइ सम्बन्धी प्रविधिको विकास तथा कार्यान्वयन गर्न सक्षम हुने गरी संगठनात्मक सुधार तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।

सिचाँइ नीतिको उद्देश्य प्राप्तिका लागि नदी जलाधार क्षेत्रको एकीकृत विकास हुने गरी जिल्लास्तरमा सिचाँइ गुरुयोजना बनाई कार्यान्वयन गर्ने, सिंचित क्षेत्रको घोषणा र सिंचित क्षेत्रको गैह्र कृषि प्रयोजनमा उपयोगलाई निरुत्साहन, भौगोलीक क्षेत्र अनुसारको प्रविधि र संरचना विकास, सिंचाई सम्बन्धी आयोजना तर्जुमा गर्दा एकीकतृ जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई अवलम्बन गर्ने, वर्षभरि सिंचाई सुविधा पुर्‍याउन जलाशय निर्माण, वर्षाको पानी संचय र भूमिगत जलश्रोतको विकास, सरंक्षण, सम्बर्द्धन र उपयोग गर्ने, सिंचित क्षेत्रमा निकासको व्यवस्था गर्ने, जलाशययुक्त (Reservoir-based) तथा अन्तर जलाधार जलस्थानान्तरण (Inter-basin Water Transfer) प्रकृतिका आयोजनाहरुलाई प्राथमिकता दिने, राष्ट्रिय महत्वका जलस्रोत आयोजनाहरु आन्तरिक तथा वाह्य स्रोत परिचालन गरी निमार्ण गर्ने जस्ता नीतिहरु लिएको देखिन्छ ।

नीतिमा भूमिगत जल भण्डारको संरक्षण र सम्वर्द्धन, सिंचाई सम्बन्धी सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण, सिंचाई क्षेत्रमा नीजी क्षेत्र , सहकारी तथा समुदायको सहभागीता, साना सिचाँइ आयोजना विकास तथा व्यवस्थापनमा स्थानीय निकाय र उपभोक्ता सस्थाको संलग्नता, सिंचाई क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सुनिश्चितता, अनुसन्धान तथा विकास क्षमता अभिवृद्धि, जलवायु परिवर्तनको असर न्युनिकरण, सिंचाईसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा मापदण्डको पालना र नीतिमा उल्लेखित उद्देश्य हाँसिल गर्न आवश्यकता अनुसार कानुनी र संस्थागत सुधार गर्ने लगाएतका नीतिहरु पनि समेटिएका छन् ।

पर्याप्त नीतिगत व्यबस्था र प्राथमिकताका बावजुद पनि नेपालमा सिंचाई क्षेत्रको बिकास कमजोर देखिएको छ । ठूला र राष्ट्रिय गौरवका आयोजनाहरु समयमा नसकिने र कमजोर संरचना बन्ने जस्ता समस्याबाट ग्रसित छन् । लिफ्ट सिंचाईहरुको संचालन निकै कमजोर अबस्थामा छ भने मर्मत सम्भारको अभाबमा धेरै सिंचाई प्रणालीहरु जिर्ण भैसकेका छन् । तसर्थ, राष्ट्रिय गौरबका आयोजनाहरुमा कडाईका साथ अनुगमन र आबश्यकता अनुसार पुरस्कार र दण्डको नीतिगत

ब्यबस्था पनि हुनु जरुरी देखिन्छ भने पुराना संरचनाहरुको समयमा मर्मत सम्भार र समुदायद्धारा ब्यवस्थापन गर्ने प्रणालीलाई बढावा दिनु आबश्यक देखिन्छ ।

### ३.७.९ पशु, पन्छीपालन एबं दुग्ध बिकास सम्बन्धी नीतिहरुको समिक्षा

पन्छीजन्य मासु र अण्डाको उत्पादन तथा उत्पादकत्व वढाई प्रतिस्पर्धात्मक क्षमता अभिवृदि गर्न नीतिको आवश्यकता महसुस गरी पन्छीपालन नीति, २०६८ कार्यान्वयनमा ल्याईएको छ । पन्छी व्यवसायलाई प्रतिस्पर्धी र वजारमूखी उद्योगको रुपमा स्थापित गरी प्रति व्यक्ति प्रति वर्ष मासु र अण्डाको उपलव्धता बढाउने र जैबिक बिविधताको संरक्षण गर्ने यस नीतिको लक्ष रहेको छ । नीतिले पन्छीपालन व्यवसायलाई प्रतिस्पर्धी बनाई पन्छीजन्य मासु तथा अण्डाको उपलव्धतालाई वृदि गर्न र आयआर्जन तथा रोजगारी सृजनामा टेवा पु-याउन निम्न उद्देश्य लिइएको छ ।

१. गुणस्तरिय पन्छी तथा पन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृदि गरी खाद्य सुरक्षा तथा पोषण स्थितिमा सुधार ल्याउने
२. पन्छी व्यवसायलाई आधुनिक, प्रतिस्पर्धी र वातावरण मैत्री बनाई आन्तरिक मागको आपूर्ति, आयात प्रतिस्थापन गर्दै क्रमशः निर्यात प्रबर्द्धन गर्ने ।

पन्छीपालन नीति, २०६८ ले तुलनात्मक लाभ र सम्भाव्यताको आधारमा स्थानीय र उन्नत जातका पन्छीको उत्पादन, उत्पादकत्व बृद्धि र विकासको साथै विस्तार गर्ने, पन्छी व्यवसाय तथा उद्योगसंग सम्बन्धित उपकरण तथा कच्चा पदार्थको उत्पादन तथा विकास स्वदेशमै गर्ने, पन्छी तथा पन्छीजन्य व्यवसायलाई उच्च प्राथमिकता प्राप्त कृषि उद्योगको मान्यता प्रदान गर्ने, निजी क्षेत्र, संघ/संस्था र स्थानीय निकायको सहभागिता र समन्वयमा पन्छी व्यवसाय क्षेत्रमा आवश्यक पूर्वाधार विकास गर्ने, प्राङगारिक उत्पादन लाई प्रोत्साहित गर्ने, पन्छीजन्य महामारी रोगहरुबाट उत्पादन र उपभोक्ताको स्वास्थ्यमा पर्ने असरलाई न्युनिकरण गर्ने जस्ता महत्वपूर्ण नीतिहरु अबलम्बन गरेको छ ।

यस क्षेत्रको विकासका लागि भर्खरै राष्ट्रिय पशु स्वस्थ निति, २०७८ आएको छ । राष्ट्रिय र अन्तराष्ट्रिय मापदण्ड अनुरुप विश्वसनीय एवम् गुणस्तरीय पशु स्वास्थ्य सेवाको पहुँच विस्तार गरि स्वास्थ पशुपन्छी तथा स्वाच्छ पशुजन्य पदार्थको आपुर्ति गर्न आधुनिक र प्रविधियुक्त पशु तथा स्वास्थ प्रणालीको विकास गर्ने लक्ष नीतिले लिएको छ । यस नीतिका उदेश्यहरु यस प्रकार छन् :

१. संघीय संरचना अनुरुप सबै तहमा सार्वजनिक तथा निजी पशु स्वास्थ सेवाको सुदृढिकरण गर्दै गुणस्तरिय सेवाको विकास गर्ने ।

२. आर्थिक तथा जनस्वास्थमा नकरात्मक प्रभाब पार्ने पशुपन्छी तथा माछाका रोग एवम् समस्याहरुको निदान, नियन्त्रण र उन्मूलन गर्ने ।

३. कानुन, मापदण्ड, संरचना लगायतको व्यवस्था र पशु कल्याणकारी आधारभूत सिद्धान्तहरुलाई सुनिश्चित गर्दै स्वास्थ पशु तथा स्वाच्छ पशुजन्य पदार्थको उत्पादन र सो को वितरणबाट जनस्वास्थ्य प्रवर्द्धन गर्ने ।

४. समग्र पशुपन्छी क्षेत्रलाई राष्ट्रिय र अन्तराष्ट्रिय मापदण्ड बमोजिम विश्वासनिय एवम् गुणस्तरयुक्त बनाउन नियमनकारी भुमिकालाई प्रभाबकारी बनाउने ।

पशु स्वस्थ निति, २०७८ का नीतिहरु यस प्रकार छन् :

- आधारभुत पशु स्वास्थ्य सेवालाई परिभाषित गरि सबै तहमा रहेका सरकारी पशु स्वास्थ्य सेवा प्रदायकहरु बिच समन्वय गरी निःशुल्क वा सीमित शुल्क लिई सेवा उपलब्ध गराउने ।
- निजी स्तरबाट प्रयोग गरिने पशु स्वास्थ्य सेवाको गुणस्तर, सेवा प्रभाहक पद्धती र शुल्क निर्धारणका लागि मापदण्ड लगायतको व्यवस्था गरी सेवा प्रवाहलाई सुलभ बनाउने ।
- हरेक प्रदेशमा कम्तिमा एउटा विविध विशेषज्ञ सेवा सहितको प्रदेश स्तरीय भेटेरिनरी अस्पताल स्थापना गरि सङ्घमा रहेको केन्द्रिय भेटेरिनरी अस्पतालको संचालन सँग जोड्ने ।
- सूचना प्रविधिमा आधारित टेलिभेटेरीनरी मेडिसिन प्रविधि तथा घुम्ति पशु स्वास्थ्य शिबिर जस्ता विधिहरुको प्रयोग गरि विशेषज्ञ भेटेरिनरी सेवाको पहुँच विस्तार गर्ने ।
- पशु रोग निदान प्रयोगशाला सेवाको गुणस्तर निर्धारण गर्न आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
- पशु चिकित्सक र प्रयोगशाला सेवाको गुणस्तर सुनिश्चित एवम् नियन्त्रणका लागि आवश्यक पुर्वाधार सहित जनशक्ति व्यवस्थापन गर्ने ।
- पशु स्वास्थ्य सम्बन्धि परम्परागत ज्ञान, शिप तथा प्रविधिहरुको पहिचान, अभिलेखिकरण, परीक्षण र उपयोगलाई प्रभावकारीताका आधारमा प्रवर्द्धन गर्ने ।
- पशु स्वास्थ्य सेवा प्रदान गर्ने निकायहरुबाट प्रभाह हुने आकस्मिक भेटेरिनरी सेवाको सूचि निर्धारण गरिनेछ ।

- कृषकहरुको अपेक्षा अनुरुप आकस्मिक सेवा प्रदान गर्नको लागि भेटेरीनरी एम्बुलेन्स, अस्पतालमा पशु भर्ना गर्ने व्यवस्था गर्ने । साथै प्रविधिमा आधारित मोवाइल एप्स प्रयोग गर्ने ।
- प्रत्येक स्थानीय तहमा कम्तिमा एक जना दर्तावाल पशु चिकित्सक र प्रत्येक वडामा सहायक स्तरको प्राविधिक जनशक्तिको व्यवस्था गर्ने ।
- पशुधन संरक्षणको लागि बीमाको प्रवर्द्धन गर्ने ।
- वन्यजन्तु क्षेत्रमा पशु स्वास्थ्य सेवा प्रदान गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरुमा दक्ष जनशक्ति र प्रयोगशाला सहितको अस्पतालको विकास र विस्तार गरिनेछ ।
- पशु स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सकहरुलाई सेवाको विशेषताको आधारमा उपसमुहमा वर्गीकरण गरी विशिष्ट विशेषज्ञ सेवा प्रदान गर्न सक्षम हुने गरि क्षमता विकास गर्ने ।
- पशुपन्छी तथा माछाका महामारी, आर्थिक तथा जनस्वास्थ्यमा नकरात्मक प्रभाव पार्ने प्रमुख रोगहरुको आवश्यकता अनुरुप प्राथमिकीकरण गर्ने र नियन्त्रण, निवारण र उन्मुलन गर्ने ।
- मुलुकले अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिवद्धता बमोजिम पशुपन्छी, माछा तथा माहुरीका रोगको सूचनालई विश्वासनिय एवम् व्यवस्थित गर्न सुचना संकलन, विश्लेषण र रिपोर्टिङ्गलाई अनलाईन प्रविधिको प्रयोग गरी राष्ट्रिय पशुपन्छी रोग सुचना प्रणाली विकास तथा संचालन गर्ने ।
- राष्ट्रिय पशु पन्छी रोग सूचना प्रणालीमा भौगोलिक सूचना प्रविधिको प्रयोग गरि स्थानीय तहको वडा स्तरलाई प्राथमिक सुचनाको स्रोतको रुपमा स्थापित गर्ने ।

पशुपन्छीका विभिन्न जात र नश्लको वंशाणुगत क्षमताको संरक्षण, उपयोग तथा विकास गर्दै दुध, माछा मासु, ऊन, पस्मिना र अण्डाको उत्पादकत्वमा वृद्धि गर्ने लक्षका साथ राष्ट्रिय पशुपन्छी प्रजनन नीति,२०७८ पनि आएको छ । यस नीतिका उदेश्यहरु निम्न बमोजिम छन् :

१. बढ्दो पशुपन्क्षीजन्य पदार्थको मागलाई धान्ने गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न उपयुक्त नश्ल सुधार पद्धतिको स्थापना गर्ने ।

२. देशभित्र प्रजनन केन्द्र तथा स्रोतकेन्द्रको स्थापना, सो को प्रमाणिकरण र नियमन गर्दै उपयुक्त नश्ल उपलब्धतामा देशलाई आत्मा निर्भर बनाउने ।

३. पशुपन्छीको आनुवांशिक स्रोत तथा जैविक विविधता संरक्षण र उपयेग गर्न उचित वातावरण सिर्जना गर्ने ।

राष्ट्रिय पशुपन्छी  प्रजनन नीति,२०७८ का प्रमुख नीतिहरु यस प्रकार छन् :

- पशुपन्छीको उत्पादन तथा उत्पादकत्वको दिगो बृद्धिका लागि जातिय सुधार गर्ने ।
- देशमा विद्यमान रैथाने जात र नश्लको पशुपन्क्षीको संरक्षण, संबद्धन तथा दिगो उपयोग गर्ने ।
- पशुपन्क्षीजन्य व्यवसायको प्रतिस्पर्धात्मक क्षमता बढाउने र यसलाई व्यावसायिक र नाफामुलक बनाउने दिशामा सहयोगी हुने गरि व्यवस्थित पशु प्रजनन प्रणालीको स्थापना गर्ने ।
- सङ्घ , प्रदेश र स्थानिय तहमा कार्यरत सरकारी, निजी तथा सहकारी क्षेत्रको सहकार्यबाट पशुपन्क्षीका विभिन्न जात र नश्लको वंशाणुगत विकास गर्न पशुपन्छी प्रजनन क्षेत्रको अध्ययन, अनुसन्धान, प्रचार प्रसार तथा व्यवसायको विस्तारका लागि सहकार्य र समन्वय गर्ने ।
- स्थानीय रैथाने तथा उन्नत जात र नश्लका पशुपन्छीहरुको न्यूक्लियस हर्ड, स्रोत केन्द्र, पकेट, ब्लक, जोन लगायत स्थापना एवम् क्षमता विकास हुने गरि अनुसन्धान केन्द्रहरुको स्थापना गरी पशुपन्छी पालनलाई व्यवसायिकरण गर्ने ।
- पशुपन्छीको विकासमा आवश्यक पर्ने आनुवंशिक स्रोत तथा पदार्थमा देखिएका परनिर्भरतालाई क्रमश : कम गर्दै सो को आयात निर्यातको नियमन एवम् उपयुक्त व्यवस्थापन तथा दर्ता प्रकृयाको अवलम्बन गर्ने ।
- उच्च मूल्य जाने पशुपन्क्षि जन्य पलार्थ जस्तैः च्याग्राको मासु, पस्मिना , याक चिज, चौंरी, कालिज, टर्की, अस्ट्रिच, बँदेल आदिको उत्पादन एवम् उत्पादकत्व बृद्धि गर्न उपर्युक्त पद्धति अबलम्बन गर्ने ।

दुग्ध विकास नीति, २०७८ पनि नेपालको एउटा नविनतम पशुपालन क्षेत्रको नीतिगत ब्यबस्था हो । प्रति व्यक्ति प्रति वर्ष दुग्ध उपलब्धता आगामी दुई वर्षभित्र ९१ के.जी. र वि.सं. २१०० सम्म दुई गुणा बुद्धि गर्ने लक्ष नीतिले लिएको छ । यस नीतिका उदेश्यहरु देहाय बमोजिमका छन् :

१. सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्य र साझेदारीमा दुधको उत्पादन र उत्पालकत्व वृद्धि गरी देशलाई दुग्ध पदार्थमा आत्मा निर्भर बनाउने र निर्यात प्रवद्धन हुने वातावरणको निर्माण गर्ने ।
२. उत्पादन सामाग्री, सेवा र पूँजी, तथा दुग्ध संकलन, प्रशोधन र बजारीकरणको संयन्त्र विस्तार र सुदृढिकरण गर्दै समग्र दुग्धजन्य मूल्य शृङ्खलाको सुधार गर्ने ।
३. दुग्धजन्य मूल्य शृङ्खलाप्रत्येक इकाइमा वातावरणीय तथा गुणस्तर व्यवस्थापनका असल अभ्यासहरु अवलम्बन गर्दै दुध तथा दुग्धजन्य पदार्थहरुको गुणस्तर सुनिश्चित गर्ने ।

दुग्ध विकास नीति, २०७८ का मुख्य नीतिहरु देहाय बमोजिम छन् :

- कृषकहरुको सूचिकरण वर्गिकरण र पहिचानको आधारमा दूध उत्पादनमा संलग्न साना कृषकहकरु लाई राज्यबाट संरक्षण, सहयोग र प्रोत्साहन गर्दै दूधको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरिनेछ ।
- व्यवसायिक स्वरुप लिएका तुलनात्मक रुपमा ठुला दूध उत्पादकहरुको ब्यावसायिकता र प्रतिर्स्धात्मक क्षमता वृद्धि गरी दूधको पूर्ति गरिनेछ ।
- दूध उत्पादन क्षेत्रहरु लक्षित दूध संकलन र प्रशोधन तथा बजारीकरणको व्यवस्थापन मार्फत दूध मूल्य शृङ्खलाको सुधार सहित व्यावसायिकरण तथा औधोगिकरणलाई प्रोत्साहित गरिनेछ ।
- मौसम अनुसार दूध उत्पादनको परिमाणमा हुने घटबढले पार्ने समस्या न्यूनीकरण गर्न धुलो दूधको प्रभाीकारी व्यस्थापनलाई रणनैतिक रुपमा उपयोग गरिनेछ
- दूधको आन्तरिक खपत बढाउनको लागि विभिन्न रणनैतिक उपायहरू अपनाइनेछ
- आन्तरिक तथा बाह्य बजारको सम्भाव्यताका आधारमा उत्पादन बिबिधीकरण द्वारा दुग्ध पदार्थहरूको आयात प्रतिस्थापन गरी देशलाई आत्मनिर्भर बनाउने र दूध तथा दुग्ध पदार्थलाई निर्यातयोग्य बस्तुको रुपमा बिकास गरिने छ ।
- गुणस्तर सुधार तथा नियमन मार्फत उपभोक्तारूलाई गुणस्तरीय दूध तथा दुग्ध पदार्थहरू सर्बसुलभ रुपमा उपलब्ध गराईनेछ ।
- गुणस्तरमा आधारित प्रोत्साहन तथा कच्चा दूधको मूल्य निर्धारण पद्धतिको अवलम्बन गरिनेछ ।

- दुग्ध उद्योगबाट निस्कने फोहोरहरूको वैज्ञानिक व्यस्थापन र हररिगृह ग्याँस उत्सर्जन कम गर्ने उपायहरू अवलम्बन गरी वातावरण संरक्षण र स्वास्थ अभ्यास प्रवर्धन गरिनेछ ।
- गाईपालन कार्यबाट सिर्जित अनुत्पादक पशुहरूको व्यस्थापनमा स्थानीय तथा प्रदेशस्रकि निकायहरूको सहभतगिामा पशु छाडा छोड्ने प्रवृतिलाई निरुत्साहन गरिनेछ ।
- दुग्ध क्षेत्रको समग्र संस्थागत ब्रिकासका लागि सरोकारवाला संघ संस्थाहरुको मौजुदा निकायहरूको सुदृढीकरण र संस्थागत ब्रिकास गरिनेछ ।

समग्रतामा हेर्दा पछिल्ला नीतिहरुले पशुपन्छी उत्पादन तथा उत्पादकत्व बृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि, व्यावसायिकरण तथा औधोगिकीकरणलाई प्रोत्साहन, नश्ल सुधार, रैथाने नश्लको संरक्षण, पशु स्वास्थ्य जस्ता क्षेत्रमा प्राथमिकता दिएको पाईन्छ । नीतिगत व्यवस्था गरिएता पनि कार्यान्वयनको पक्ष सधै कमजोर हुने गरेको परिप्रेक्षमा, यस पक्षमा विशेष ध्यान पुर्याउनु आजको आबश्यकता हो । अत्याधिक महंगो दानाको कारणले हुने बढि उत्पादन लागत, धेरै बजारीकरण मार्जिन, मुल्य निर्धारणमा उत्पादकको कमजोर हैसियत जस्ता महन्वपुर्ण समस्याहरुका समाधानमा भने यी नीतिहरु तटस्थ देखिन्छन् ।

### ३.८ आवधिक योजनामा कृषि क्षेत्र

नेपालमा पछिल्ला आवधिक योजनाहरुमा राखीएका सोच, उदेश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरुमा तात्वीक भिन्नता देखिदैन । तेह्रौं, चौधौं र पन्ध्रों योजनाहरुमा उल्लेखीत सोच, उदेश्य, रणनीति तथा कार्यक्रमहरुले योजनाहरुमा नविनतम् भन्दा पनि पुराना कार्यक्रमहरुको निरन्तरता हुने गरेको यथार्थलाइ पुष्टि गर्दछ ।

तालिका १८. पछिल्ला आबधिक योजनाहरुमा समाबेस भएका कृषि विकास सम्बन्धी सोच, लक्ष्य, उदेश्य, रणनीति एवं मूख्य कार्यक्रमहरु र वजेट

| विवरण | तेह्रौं योजना (२०७०/७१-७२/७३ | चौधौं योजना (२०७३/७४-७५/७६ | पन्धौं योजना (२०७६/७७-८०/८१ |
|---|---|---|---|
| सोच | खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितताको लागि निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एबं प्रतिस्पर्धी कृषि प्रणालीमा रुपान्तरण गरी दिगो कृषि विकासको माध्ययमवाट जीवनस्तरमा सुधार ल्याउने | देशको खाद्य सम्प्रभुता र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति | खाद्य र पोषण सुरक्षा तथा खाद्य संप्रभुता सहितको दिगो, प्रतिस्पर्धी एवं समृद्ध कृषि अर्थतन्त्र |
| लक्ष्य | गरिबीको रेखामुनि रहेका जनसंख्यालाई १८% मा झार्ने | दिगो र व्यवसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आत्मनिर्भर उन्मुख बनाउने | प्रतिस्पर्धी, जनवायु अनुकुल, आत्मनिर्भर एवं निर्यातमुखी उद्योगको रुपमा कृषिक्षेत्रलाई रुपान्तरण गर्दै समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने |
| उदेश्य | १. कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने<br>२. कृषि तथा पशुपंक्षीजन्य उत्पादनलार्ई प्रतिस्पर्धी र व्यवसायिक बनाउने<br>३. वातावरण मैत्रि एवं जलवायु परिवर्तनको असर न्युनिकरणको लागी कृषि प्रविधिहरुको विकास र विस्तार गर्ने<br>४. कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने | १. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर उन्मुख हुने<br>२. निर्वाहमुखी कृषि प्रणालीलाई नाफामुलक, दिगो एबं व्यवसायिक प्रणालीमा रुपान्तरण गर्ने<br>३. कृषिमा आधारीत उद्योगको विकास गरी रोजगारी र आम्दानी बृद्धि गर्ने<br>४. कृषि क्षेत्रको प्रतिस्पर्धान्मक क्षमता वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा टेवा पुर्‍याउने | १. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वको वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु<br>२. कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु<br>३. व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी कृषि क्षेत्रको व्यापार सन्तुलन गर्नु |

| | | | |
|---|---|---|---|
| रणनीति | १. कृषि तथा पशुपंक्षीजन्य उत्पादनको व्यवसायिकरण, विविधिकरण, तथा गुणस्तरीय उत्पादनको लागि गुणस्तरीय उत्पादन सामाग्रीहरु, उन्नत प्रविधि एवं कृषि पुर्वाधार र सुलभ कृषि कर्जाको व्यवस्था गर्ने<br>२. कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा अनुदानको दायरा वृद्धि गरी आयात प्रतिस्थापन गर्ने दिशामा प्रतिस्पर्धात्मक क्षमता वढाउने<br>३. कृषि तथा पशुपंक्षीजन्य उत्पादनलाई अन्तराष्टिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर मापदण्ड निर्धारण गर्ने<br>४. कृषकहरुलाई कम आयतन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी मूल्य अभिवृद्धि हुने प्रशोधनमा आधारित कृषि तथा पशुजन्य उद्योगको विकासमा जोड दिने<br>१. गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय स्तरका जनताको पहुँच हुने गरी प्रभावकारी बनाउदै बजारीकरणलाई प्रवर्धन गर्ने<br>२. कृषिजन्य जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न | १. कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने<br>२. तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने<br>३. कृषि क्षेत्रको अतिरिक्तश्रमशक्तिलाई कृषि तथा गैह्रकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कम गर्ने<br>४. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने | १.संघ, प्रदेश र स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरुको समन्वय तथा सहकार्यमा कृषि सम्बन्धी नीति, कानुन तथा योजना निर्माण गरी कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने<br>२. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी वनाउने र गुणस्तरीय उत्पादन सामाग्री तथा सेवाको उपलव्धताको सुनिश्चितता गर्ने<br>३.कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार र कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने<br>४. कृषि पुर्वाधारको विकास, बजार सूचन प्रणालीको स्थापना, साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धिगर्ने<br>५. स्थानीय सम्भाव्यताको आधारमा उत्पादनशील कृषकहरुको प्राविधिक, व्यवसायिक तथा संस्थागत क्षमता अभिवृद्धिका साथै |

| | | | |
|---|---|---|---|
| | अनुसन्धानमा आधारित वातावरण मैत्री कृषि प्रविधिहरुको विकास एवं विस्तार गर्ने<br>३. कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रुपमा विकास गरी युवा जनशक्तिलाई व्यवसायिक कृषि तर्फ आकर्षण गर्ने<br>४. अनुसन्धानबाट विकास भएका प्रविधिहरुको विस्तारमा कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैह्र सरकारी संस्थाहरु बीच अन्तरनिकाय समन्वय र सहकार्य कायम गर्दै कार्यान्वयन पक्षलाई नतिजा उन्मुख वनाउने<br>५. यान्त्रिकरणको माध्यमबाट लाभ लागत अनुपात बृद्धि गरी कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाउने | | उनिहरुको अधिकार सुनिश्चित गर्दै उत्पादन र वजारीकरणलाई नाफामूलक वनाउने<br>६.तुलनात्मक लाभ तथा उच्च मूल्य वाली तथा वस्तुको बजारीकरण गरी निर्यात प्रवर्द्धन गर्ने<br>७. जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनिकरण गर्दै जनवायु अनुकूल तथा उत्थानशीत प्राङ्गारिक लगाएतका कृषि प्रविधिको विकास र विस्तार गर्ने |
| प्रमुख कार्यक्रमहरु | १. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि<br>२. पशुजन्य वस्तु उत्पादन तथा उत्पादकत्व वृद्धि<br>३. कृषि सूचना तथा संचार एवं प्रसार र तालिम<br>४. कृषि क्षेत्रको उनुसन्धान तथा सर्वेक्षण<br>५. मानव तथा पशु रोग व्यवस्थापन एवं विपद् व्यवस्थापन तथा सचेतना | १. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि<br>२. कृषिजन्य वस्तुहरुको व्यवसायीकरण र वजारीकरण<br>३. कृषि सूचना तथा संचार, प्रसार र तालिम<br>४. कृषि क्षेत्रको उनुसन्धान तथा सर्वेक्षण<br>५. गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवं विपद व्यवस्थापन तथा | १. नेपाल कृषि अनुसन्धान परिषदको अगुवाईमा मानित विश्वविद्यालय स्थापना गर्ने<br>२. कृषि नीति अनुसन्धान प्रतिस्ठानको स्थापना गर्ने<br>३. रासायनिक मलको ब्लेडिङ्ग कारखाना स्थापना गर्ने<br>४. कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई एकीकृत कृषि तथा पशुपन्छी ज्ञान केन्द्रको रुपमा रुपान्तरण गरी कृषि सामाग्री, |

| | | | |
|---|---|---|---|
| | | सचेतना | अनुसन्धान,, प्रसार, शिक्षा, ऋण र बिमा जस्ता सेवाहरु प्रदान गर्ने<br>५. उन्नत तथा वर्णसंकर जात र पशु नश्ल सुधार गर्ने<br>६. व्यवसायीक कृषिको लागी भूमिको उपलब्धतालाई सुनिश्चित गर्नुका साथै करार, समुह वा सहकारी खेतीलाई प्रोत्साहन गर्ने<br>७. बजार सूचनाको एकीकृत केन्द्र र बजार सूचना प्रणाली स्थापना गर्ने<br>८. कृषि प्रशोधन तथा अन्य कृषिजन्य उद्योग स्थापना गर्न वित्तिय उत्प्रेरणा दिईने<br>९. सहुलियत कर्जा प्रदान गर्ने<br>१०. खास खास बाली र बस्तुमा न्यूनतम मूल्य तोक्ने<br>११.कृषक परिचयपत्रको आधारमा वित्तीय उत्प्रेरणा, उत्पादनमा आधारीत प्रोत्साहन<br>१२. प्रत्येक संघीय निर्वाचन क्षेत्रमा संभाव्यताको आधारमा निजी क्षेत्र/सहकारीको सहकार्यमा कृषि उपज भण्डारण/शीतघर स्थापना गर्ने<br>१३.एक प्रदेश एक पशुपन्छी बधशाला निर्माण<br>१४. मध्यस्तकर्तालाई स्थानीय तहमा दर्तागर्ने |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्था गर्ने<br>१५. प्रत्येक प्रदेशमा कम्तिमा २ वटा नमुना एकीकृत अर्गानिक फर्म स्थापना गर्ने, प्रमाणीकरण, ब्राण्ड प्रवर्धन र बजारीकरणमा सहयोग गर्ने |
| बजेट | २२८१० करोड (१५.५%) | २८२५७ करोड (११.७%) | - |

विगतका तेह्रौं र चौधौं आवधिक योजनाहरुमा कुल लगानी मध्य कृषि क्षेत्रमा भएको लगानी क्रमशः १५.५ र ११.७% थियो । विगतका १० आर्थिक वर्षहरुमा कृषि क्षेत्रको लागी छुट्याईएको औषत वजेट जम्मा वजेटको करिव ३% प्रतिशत जति देखिन्छ (तालिका ७) । यस वाट के पुष्टि हुन्छ भने, अर्थतन्त्रको एक चौथाई भन्दा वढि हिस्सा ओगट्ने कृषि क्षेत्र लगानीका हिसावले भने उपेक्षित भएको छ ।

तालिका १९. नेपाल सरकार (संघीय) ले विगतका १० वर्षमा कृषि क्षेत्रको लागि छुट्याएको वजेट ( २०६९/७० - २०७८/७९)

| आ.व. | कृषिको वजेट (%) |
|---|---|
| २०६९/७० | ३.०४ |
| २०७०/७१ | ४.१४ |
| २०७१/७२ | ३.७७ |
| २०७२/७३ | ४.११ |
| २०७३/७४ | ३.०६ |
| २०७४/७५ | २.३८ |
| २०७५/७६ | २.५६ |
| २०७६/७७ | २.२७ |
| २०७७/७८ | २.८ |
| २०७८/७९ | २.७३ |
| औसत | ३.१ |

*श्रोतः आबधिक योजनाहरु र अर्थ मन्त्रालय (बजेट)*

## ३.९ हालसम्म पारित भएका मूख्य नीतिहरुको अन्तर विश्लेषण

तालिका २०. कृषि सम्बन्धी मूख्य नीतिहरुको अन्तर

| नीति | अन्तर |
|---|---|
| १. राष्ट्रिय वीउ नीति, २०५६ | १. विकासको क्रममा रहेका वीउका जातहरुको अन फारम अनुकूलन परिक्षणकालागी वितरणमा रोक<br>२. कृषि जैविक विविधता संरक्षण र स्थानीय बालीका जातको संरक्षणको लागी स्पष्ट व्यवस्थाको अभाव |
| २. राष्ट्रिय कृषि नीति, २०६१ | १. प्रभावकारी कार्यान्वयनमा कमि, सरोकारवालाहरुको प्रतिवद्धताको अभाव, धेरै क्षेत्रहरु प्राथमीकता क्षेत्रको रुपमा पहिचान, राष्ट्रिय कृषि स्रोत केन्द्र स्थापनाको लागी जिम्मेवार निकाय नतोकीनु र त्यसको संचालनको छुट्टै कार्यविधि नहुनु<br>२.क्षमता अभिवृद्धि तालिम दिने आधिकारीक निकाय र प्रणलीको अभाव<br>३.पशु र वाली विमाको लागी स्पष्ट कानुन, जिम्मेवार संस्था र कार्यान्वयन विधि नहुनु, व्यवसायीक क्षेत्रमा मात्र र थोरै मात्रामा सिमितहुनु (थप वाली र क्षेत्रमा विस्तार गर्ने कार्यविधिजरुरी)<br>४. बजार संभावनाको आधारमा कृषि उपजको व्यवसायीकरण र लगानीमा प्राथमीकता नहुनु<br>५. पशुपोषण, प्राङ्गारीक मल र दिगो उत्पादनको प्रवर्द्धन गर्न नीतिगत उत्प्रेरण र कार्यक्रम नहुनु<br>६. प्राङ्गारीक उत्पादनहरुको निकासीकोलागि प्रमाणीकरणका प्रकृया संस्थागत नहुनु रNTIS संग समाहीत नहुनु |
| ३. दिगो कृषि नीति, २०५२-२०७२ | १. कठोर (अलचिलो)लक्ष्यहरु र परम्परागत माथी देखि तल सम्म अवधारणा<br>२. प्रविधि उपयोगको सरलिकृतविधि, लागत-प्रतिफल सम्वन्धमा आधारीत र प्रोत्साहन एवं माग-पुर्ति सम्वन्धमा कम ध्यान<br>३. सांगुरो हरित क्रान्ती अवधारण - मल र सिंचाईमा वढि ध्यान<br>४. नतिजा (Outcome) र प्रभावमा (Impact) भन्दा प्राथमीक साधन र प्ररिणाममा बढी जोड<br>५. उपलब्ध बास्तवीक नतिजामा आधारित भै पुर्नयोजना गर्ने पद्धतिको अभाव |
| ४. कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ | १. कृषि व्यवसाय सम्वन्धि सहकारीहरुको व्यवसायीकरणको लागी संस्थागत सम्वन्धको आवस्यकता पहिचान गर्न नसक्नु<br>२. मन्त्रालयको अनुसन्धान र प्रसारमा कृषि व्यवसाय र व्यवसायीक फार्म व्यवस्थापन क्षमता मार्फत व्यवसायीकरणलाई प्रोत्साहन गर्ने संयन्त्रको अभाव<br>३.व्यवसायीकरण र विविधिकाणको लागि विभिन्न रैथाने वाली र पशु उत्पादनहरुलाई नीतिगत प्रोत्साहनमा समावेश नगरीनु<br>४. कृषि व्यवसायमा सरकारी निकायहरुवाट सहायता, सहुलियत एवं कर छुटको अमाव<br>५. कृषि उद्योगहरुमा दिने भनिएको २५% विद्युत महशुल छुटको कम मात्र कार्यान्वयन |

| | |
|---|---|
| | ६. व्यवसायीक पकेटहरु Growth centre मा विकास हुन नसक्नु<br>७. तीन किसिमका उत्पादन क्षेत्रहरु छुट्ट्याउने कामको कार्यान्वयन नभएको<br>८. कर छुटको प्रावधान वार्षिक वजेट भाषणमा पारित भएपनि कार्यान्वयन पाटो कमजोर |
| ५. दुग्ध विकासनीति, २०६४ | १. बिना धितो ऋणको व्यवस्था नहनु<br>२. समुदायमा आधारित संस्थाको जमानीमा ऋणको व्यवस्था नहुनु<br>३. तल्लोजात भनिएकाहरुको उत्पादनलाई प्रोत्साहन गर्ने व्यवस्था भएतापनि व्यवहारमा लागु हुन नसकेर (भेदभाव कायमनै भएको - सामाजिक मूल्य मान्यतालाई परिमार्जन गर्न पहल गर्नुपर्ने)<br>४. ठूला पशु व्यवसायमा विमाको विस्तार/विकास गर्नु पर्नेमा सो नभएको<br>५. अनुदान र विमामा समन्वय गर्नु पर्ने, प्रभावकारी अनुगमनको व्यवस्था हुनुपर्नेमा सो नभएको<br>६. ठूला स्रोतकेन्द्रको स्थापना र नश्ल सुधारको लागी पहल नभएको<br>७. दुग्ध मूल्य श्रृंखलाको हरेक तहमा साना किसानहरुको सहभागीतालाई प्रोत्साहन गर्न नसकेको<br>८. ग्रामीण क्षेत्रका किसानहरुको सेवा प्रदायक संस्थाहरुमा पहुँच वढाउनु पर्ने जसक लागी पशुसेवा विज्ञ केन्द्र, वैंक र लघु-वित्त विच समन्वयको जरुरी भएकोमा सो हुन नसकेको |
| ६. राष्ट्रियकृषिवन नीति, २०७६ | १. अन्य नीतिहरु (जस्तै कृषि, वन, जलवायु परिवर्तन, विज्ञान तथा प्रविधि, गरिबि निवारण, जैविक विविधता)सँग तालमेल नखाने<br>२. समन्वय, संवाद र साझेदारीकोलागि संस्थागत संयन्त्रको विकास हुनुपर्नेमासो नभएको |
| ७. राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६ | १. खाद्य प्रयोगशाला परीक्षण सेवा स्थानीय तहसम्मको पहुँच हुने व्यवस्था लागु हन कठिनाई<br>२. तरकारी तथा फलफुलको बिषादी परिक्षण सुविधा सिमित ठाउंहरु (कालीमाटी, बुटवल, बिर्तामोड आदी) मा मात्र |
| ८. राष्ट्रिय लघुवित्त नीति, २०७६ | १. कृषिमा लगानी प्रवर्धनमा कमजोड - कृषिलाई विशिष्ट रुपमा हेर्न पर्नेमा सो नभएको |
| ९.राष्ट्रिय मल नीति, २०५८ | १. रासायनीक मलमा अनुदानमा जोड, तर समयमा उमलब्धता र गुणस्तरमा कम जोड<br>२. तराई र पहाडको लागी तोकिएको क्षेत्रफत अब्यवहारीक |
| १०. सिंचाई नीति, २०६० | १. गुरु योजना तयार गर्ने भनिएता पनि नभएको<br>२. सिंचाई संरचना वनाउँदा जलश्रोत, जलधारको संरक्षणमा वेवास्ता गरिएको(नीतिमा गर्ने भनिएता पनि)<br>३. केही साना, मझौला र ठूला परियोजनाहरु संचालन भएतापनि खासगरी ठूला परियोजनामा ढिलो निर्माण र सन्तोषजनक कार्य नहुनु |
| ११. जलवायु परिवर्तन नीति, २०६७ | १. कृषिसँग सम्बन्धित खास नीति र रणनीतिको अभाव<br>२. जनसमुदायलाई जलवायु परिवर्तनको नकरात्मक असरहरुबारे सचेत गराउने खास नीति नहुनु<br>३. सघन कृषि र पशुपालनले वातावरणमा परेको नकरात्मक असर र भूक्षय लाई न्यूनीकरण गर्ने |

| | |
|---|---|
| | खास नीति नहुनु<br>४. नीति भए पनि कार्यान्वयनको पाटो निकै फितलो<br>५. जलवायु परिवर्तन कोष र जलवायु परिवर्तन केन्द्र स्थापना गर्ने भनिएता पनि हालसम्म नभएको |
| १२. कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१ | १.भौगोलिक अवस्था र छरिएर रहेको कृषक बस्ती, विभिन्न पशुपालन, विभिन्न बाली र मौसम अनुसार मेल खाने खालको यान्त्रिकरण गर्न कठिनाई भएको<br>२.कृषि यन्त्रहरुमा सीमान्तकृत कृषकहरुको पहुँच बढाउन निश्चित अवधिका लागि समूहगत/व्यक्तिगत रुपमा सरल व्याजदर र बिनाधितोमा ऋण वा अनुदानको व्यवस्थाको कार्यन्ययन गर्न कठिनाई<br>३. महिलामैत्री कृषि यन्त्रहरु उपलब्ध नभएको<br>४. बाहिरबाट यन्त्रहरु ल्याईयो तर मर्मत तथा सम्हार गर्न समस्या भएकोले लगानी अनुसार कृषकहरुले प्रतिफल प्राप्त गर्न नसकेको ।<br>५. सहकारी/निजी क्षेत्रमार्फत कृषि यन्त्र तथा उपकरण भाडामा लिने दिने कार्यको लागि Custom HiringCentre को अवधारणा आए पनि ५० प्रतिशत मात्र अनुदानको व्यवस्था भएको र रकम अभावले समूह/सहकारीले उक्त सेन्टर संचालन गर्न कठिनाई (एक जना धनी ब्यक्तिले लगानी गरी संचालन गर्ने अवस्था)<br>६. कृषक, कृषक समूह वा कृषि सहकारीले सम्बन्धित निकायको सिफारिसमा कृषि यन्त्र तथा उपकरण खरीद/आयात गर्दा उपकरणलाई नै धितो राखी वित्तिय संस्थामार्फत सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराइने ब्यवस्था लागु गर्न कठिनाइ |
| १३. राष्ट्रिय वीउ भिजन | १.आपूर्ति स्तिथिलाई निरन्तरता दिनका लागि राष्ट्रिय स्तरमा जगेडा बीउ (Buffer stock)को व्यवस्था गरिने कार्यको कार्यान्वयनमा समस्या<br>२. बालीको जातीय बिकास तथा सम्वर्द्धनको कार्य ग्रैह सरकारी तथा निजी क्षेत्रबाट समेत गराउने ब्यवस्था भएको तर तरकारी बालीको लागि मात्र केही बीउ कम्पनीहरुलाई मात्र अनमति दिईएको<br>३. कृषकहरुलाई गुणस्तरीय बीउ बिजन उपलब्ध गराउने ब्यवस्था कार्यान्वयनमा समस्या भई स्थानीय एग्रोभेटहरुले गुणस्तरहिन र म्याद गुज्रेको बीउ समेत बिक्रि |
| १४. पुष्प प्रवर्द्धन नीति, २०६९ | १. स्थानीय आनुवांशिक पुष्प श्रोतको संरक्षण र सम्बर्द्धन गर्ने उदेस्य रहेता पनि सो अनुसार कार्यक्रम आउन नसक्नु<br>२. पुष्प आयात निरुत्साहन गर्न र स्वदेशी उत्पादनको बजार सुनिश्चित गर्न ठोस कार्यक्रमको अभाव |
| १५. खर्क नीति, २०६८ | १. पशुपालनलाई सामुदायीक वनमा एकीकृत गरी वन स्रोतहरु बाँडफाँडबाट चरन भूमिको आकार घट्ने खतरालाई कम गर्ने कार्यक्रमको कमि<br>२. अनुत्पादक गाईवस्तुहरुद्वारा खर्क प्रयोगलाई निरुत्साहित गर्न पर्याप्त प्राबधानको कमी<br>३. गाईवस्तुको आहार वर्षभर आपूर्ति सुनिश्चित गर्न संस्थागत व्यवस्था र सरकारको पशुपालक |

| | |
|---|---|
| | किसान र सामुदायीक वन उपभोक्ताहरुसँग सहकार्यको अभाव |
| १६. पन्छीपालन नीति, २०६८ (२०११) | पशुपंछीजन्य उत्पानदको प्रशोधन र बजार व्यवस्थापनमा पर्याप्तता नभएको तथा व्यवसायीकरणमा बढि जोड दिने उद्देश्यले पशुपंछी स्वास्थ्य नीति, २०७८ र पशु प्रजनन नीति, २०७८ को तर्जुमा गरिएको देखीन्छ । |
| १७. राष्ट्रिय चिया नीति, २०५७ | १.आफ्नो Clone नभएकोले भौगोलिक चिन्ह प्राप्त गर्न गाह्रो<br>२. उत्पादन अनुसार बजारीकरणमा समस्या |
| १८. राष्ट्रिय कफि नीति, २०६० | १.कफीको उत्पादन बृद्धि तथा अनुसन्धान र जातीय बिकासका लागि कस्ले के के जिम्मेवारी लिने सो को प्रष्ट व्यवस्था नभएको<br>२. कफीको व्यवसायीकरणको लागि जग्गा व्यवस्थापनमा समस्या (बन र स्थानीय सरकार को सहयोग आवश्यक भएको<br>३. कफीको उत्पादन र प्रशोधनमा आधूनिक प्रविधिहरुको विकास तथा जैविक कफी खेती प्रवर्द्धन गर्न नीजि र सहकारी क्षेत्रको समेत सहभागितामा आवश्यकता अनूसार कफी अनूसन्धान केन्द्र स्थापना गर्नूका साथै भइरहेको कफी विकास केन्द्रलाई सूधार गरिने कामले गति लिन नसकेको । |
| १९. राष्ट्रिय सहकारी नीति, २०६९ | १.स्वरोजगारमूलक विशेष कार्यक्रमहरू अन्तर्गत उपलब्ध गराइने सहुलियतपूर्ण कर्जा तथा अनुदान सहयोग कार्यक्रमहरूमा कृषि तथा ग्रामीण क्षेत्रका उत्पादन, वितरण तथा सेवामूलक सहकारीलाई प्राथमिकता दिइने व्यवस्था कार्यन्ययनमा कमी<br>२. सहकारी संघ-संस्थाहरूको उत्पादनलाई बजारीकरण गर्न सघाउ पुऱ्याउन विभिन्न स्थानहरूमा सरकार र सहकारी बीचको सहकार्यमा सहकारी बजार केन्द्रहरूको विकास गरिएको तर कृषकहरको उत्पादनले बजार पाउन कठिनाई<br>३.गरीब घरपरिवार पहिचान पत्रका आधारमा गरीबहरू मात्र सदस्य भई सञ्चालनमा ल्याइएका वा अन्य सहकारीमा आवद्ध परिचयपत्र प्राप्त गरीब सदस्यहरूलाई प्रदान गरिने विना धितो कर्जाको सुरक्षण, बचतको सुरक्षण, बाली तथा पशुधन बीमा, कृषि तथा लघु व्यवसायका लागि पूँजीगत अनुदान, सीपमूलक तालिम जस्ता आय अभिबृद्धि तथा जोखिम व्यवस्थापनका कार्यमा निर्दिष्ट कार्यविधि बमोजिम सहयोग गर्ने आवश्यक व्यवस्था भएता पनि गरिब घरपरिवार पहिचान पत्र वितरण नभएकोले कार्यन्ययनमा समस्या |
| २०.प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, २०७३-२०८३ | १. हालसम्म चार बालीहरु (उखु, गहुँ, मोटो धान र मध्यम धान) का लागी मात्र न्यूनतम समर्थन मूल्य तोकिएको<br>२. सिमित उपलब्ध जलस्रोतहरुको प्रभावकारी प्रयोग र पुनः प्रयोगलाई कम प्रोत्साहन<br>३. मौसमजन्य जोखिमका कारण हुने कृषि क्षतिको लागि कुनै सहयोगको व्यवस्था नहुनु<br>४. कम जमीन वा थोरै उत्पादन भएका किसान र महिला किसानहरुलाई समावेशीकरणको कमी |
| २१.कृषि विकास | कृषि व्यवसायीकरणमा बढी केन्द्रित तर कृषिको दिगोपन, स्रोतको कुशल प्रयोग, कृषि जैविक |

| | |
|---|---|
| रणनीति, २०७२ -२०९२ | विविधता व्यवस्थापन र साना र सिमान्त किसानहरुको जीविकोपार्जन सुधारमा कम केन्द्रित |
| २२..पशु बीमा नीति र कृषि तथा पशुधन बीमा विनियम, २०१३ | १.बाली तथा पशु वीमा गराउन वीमा बोर्डबाट इजाजतपत्र प्राप्त विशेष वीमा कम्पनीहरुको कमी<br>२. बन्यजन्तु बाट भएको क्षतिको क्षतिपुर्ति दिने व्यवस्था नहुनु |

# ४. निष्कर्ष एवं सुझावहरु

नेपाल सरकारले २०६१ मा राष्ट्रिय कृषि नीति र २०६३ मा कृषि व्यवसाय प्रवर्द्धन नीति कार्यान्वयनमा ल्यायो ।यस अन्तरालमा अनेकौं नीति, ऐन, कार्यविधि, निर्देशिका आदि तयार पारी कार्यक्रमहरु संचालन भए । यि नीतिहरु लागु भए पछि देशमा नयाँ संविधानकोघोषणा र संघीय शासन प्रणालीको थालनी, दीगो विकास लक्ष्यको घोषणा, बीस वर्षे कृषि विकास रणनीति, पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) जस्ता महत्वपूर्ण परिवर्तन तथा परिघटनाहरु आय । यसै अवधिमा २०७६ सालको पुस महिनाको दोश्रो साता तिर विश्वव्यापीरुपमा कोभिड १९ देखा पर्‍यो जसले विश्व अर्थतन्त्रलाई नराम्ररी प्रभाव पार्‍यो ।

मौजाद कृषि नीति लगाएत विभिन्न योजना तथा रणनीतिहरुमा पनि बीउ, नश्ल, रासायिनक मल, कीटनाशक विषादी, पशु औषधी आहारर औजारहरुको आपूर्ति तथा उत्पादनको बजार सुनिश्चित गर्ने उदेश्य राखीएता पनि उदेश्य अनुरुप प्रतिफल हासिल हुन सकेको अवस्था छैन । बजारको माग र उत्पादनको तालमेल देखिदैन जसको कारण एकातीर उत्पादित बस्तुले बजार नपाउने र अर्कोलर्फ आयात बढ्ने भएको छ। ग्रामीण क्षेत्रमा युवाहरुको बसाईसराई र विदेश पलायनका कारण कृषि श्रमिककोउच्च अभाव छ । अर्कोतर्फ, यान्त्रिकरण र आधुनिक प्रविधिको प्रयोगको अवस्था कमजोर छ ।कृषकहरुको प्राविधिक सेवामा पहुँच कम छ। देश संघीयतामा प्रवेश गरे पश्चात कृषि प्रसार तथा प्राविधिक सेवामा अलमल र द्धिविधा देखिएको छ । पालिकाहरुमा रहेका सीमित कृषि र पशुसेवा विज्ञहरुको सेवा अपुग छ ।

समग्रमा कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३ को कार्यान्वयनको स्थिति सन्तोषजनक देखिन्छ । यसनीतिमा समाबेस भएका जम्मा ४६ वटा नीति मध्ये ३० वटा (६५%) नीति कार्यान्वयनमा आएको देखिन्छ भने २० प्रतिशत नीति आंशिकरुपमा कार्यान्वयनमा आएकोदेखिन्छ । यसरी हेर्दा १५% नीति मात्र कार्यान्वयनमा नआएको देखिन्छ (रा.यो.आ., २०७७) । कृषि व्यवसाय प्रवर्द्धननीति कार्यान्वयनको पक्ष सवल रहेको भएता पनि कृषि नीतिका धेरै प्रावधानहरु कार्यान्वयनमा आउन सकेनन् ।

कृषि विकास रणनीतिको कार्यन्वयनको लागि कोष नै बनेन । रणनीतिमा पशुपन्छीक्षेत्र कम समेटिएको छ । कृषि विकासको लागि धेरै नीतिहरु बने पनि नीति अनुसारको संरचना, बजेट, निर्देशिका, कार्यविधि र कार्यक्रम बनेनन । कृषि नीति २०६१ र व्यवसाय प्रवर्द्धन नीति २०६३ मा धेरै दोहोरोपना देखिए । बीमा कार्यक्रम बीउ र स्याउ जस्ता बस्तुहरुमा उत्पादकत्व अन्तरको आधारमा प्रदान व्यवस्था भएकोले प्रभावकारी देखियो तर अन्य बाली र बस्तुमा प्रभाबकारी हुन

सकेन । सत प्रतिशत प्रिमियम शुल्क छुट हुँदा पनि बीमा कार्यक्रम किसानहरुको सहभागीता ज्यादै न्युन पाइयो । प्रकृयागत झंझट, बांदर लगाएतका बन्यजन्तुद्धारा भएको क्षतिमा क्षतिपुर्ति नपाउने नियम जस्ता कारणले बीमामा किसानको आकर्षण कम भएको देखिन्छ । कृषि नीति विश्व खाद्य संगठनको मार्गचित्र अनुसार हुनुपर्नेमा त्यस्तो हुन सकेन । नीतिहरुले किसानको अधिकार कम समेटिएको पाईयो । कुनै पनि नीतिमा बाह्य बजारको प्रभाब नियन्त्रण गर्ने ठोस र प्रभाबकारी व्यवस्था देखिदैन । आगामी दिनमा आउने कृषि सम्बन्धी नीतिलाई थप प्रभावकारी बनाउन निम्न सुधारहरु गर्नु मनासिब देखिन्छ ।

१. दीगो विकास लक्ष्यमा समाबेश गरीएका साना खाद्यान्न उत्पादकहरुको कृषि उत्पादकत्व तथा आम्दानीहरु दोब्बर पार्ने, वर्षैभरि सिँचाई हुने सुविधा क्रमशः वृद्धि गर्दै लैजाने, कृषिमा सरकारी खर्च कुल बजेट हालको ३.३ प्रतिशतबाट वृद्धि गर्ने, खाद्यान्न बालीले ढाकेको क्षेत्रफल क्रमिकरुपले घटाउदै उच्च मूल्यका बालीहरुका क्षेत्रफल वृद्धि गर्ने र कटान/टिपाई उपरान्त हुने क्षति न्युनिकरण गर्ने जस्ता नीतिहरु अव बन्ने कृषि नीति वा व्यवसाय प्रवर्द्धन नीतिमा पनि समावेश गर्न जरुरी देखिन्छ ।

२. कृषि विकास रणनीति तथा पन्ध्रौ योजना अनुरुप गुणस्तरीय उत्पादन सामग्री तथा सेवाको उपलब्धताको सुनिश्चित गर्ने; कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न नीति तथा संरचनागत सुधार कार्यक्रमगत सहयोग तथा सहजीकरण गर्ने; र साना तथा मझौला कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने जस्ता नीतिहरुलाई पनि यि नीतिहरुमा समावेश गर्न उपयुक्त देखिन्छ । खाद्य तथा पोषण सुरक्षाका लागि दुर्गम जिल्लाहरुमा स्थानीयस्तरमा जगेडा भण्डार (Buffer Storage)को व्यवस्था गर्ने जस्ता विषयहरु कृषि नीतिमा समावेश गर्न आवश्यक देखिन्छ ।

३. रासायिनक मलको आपुर्ति सहज गर्ने र हालको गुणस्तरीय बीउ प्रतिस्थापन दर लाई १२ प्रतिशतबाट वृद्धि गर्न विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने ।कम खर्चमा मल उत्पादन हुने प्रविधि अपनाई अन्य देशहरुसंगको लागत सहभागीतामा नेपालमा वा छिमेकी देशमा रासायनिक मल उत्पादन गर्ने कारखाना स्थापना गर्ने ।

४. उत्पादन सामग्री, प्रविधि,प्राविधिक सेवा, कृषि सडक, कृषि ऋण, बिमा, बजार सूचना,यान्त्रिकरण (उपकरण भाडा), लगायतका सेवा सुविधा उपलब्ध गराउन कृषि सहकारीहरुको अगुवाईमा एकिकृत सेवा/ श्रोत केन्द्र विकास गर्ने ।

५. परम्परागत स्थानीय कृषि वस्तुहरुको पञ्जीकरण र प्रवर्द्धन कार्यलाई अझ प्रभावकारी बनाउन सहकारी एबं कृषक समुह/समुदाय लाई सहयोग प्रदान गर्ने ।

६. स्थानीय कच्चा पदार्थको प्रयोग गर्ने उद्योगहरुलाई प्रोत्साहत गर्ने ।

७. ठूला सिंचाई आयोजनाहरुमा जोड दिई सिँचाई सुविधा विस्तारमा गर्ने । यस्ता ठूला आयोजनाहरुको लागी आबश्यक बजेटको ब्यवस्था र परियोजना कार्यान्वयन संघले गर्ने ।

८. बृहत् उत्पादन क्षेत्र सम्बन्धी कार्यक्रमहरुलाई अझ बढी प्रभावकारी बनाउन थप बस्तु र क्षेत्र पहिचान गरी कार्यक्रम संचालन गर्ने ।

९. फलफुल र तरकारी बालीमा प्राङ्गारिक उत्पादन कार्यक्रमलाई प्रोत्साहन गर्न प्रिमियम मुल्यको ब्यवस्था र बजार सुनिश्चित गर्ने ।अन्य देशबाट आउने तरकारी र फलफूलमा अनिवार्य रुपमा विषादी परिक्षण गर्ने ब्यवस्था गर्ने । कम्पोष्ट मल, गोठे मल, गड्यौले मल जस्ता प्राङ्गारीक मलको उत्पादन र प्रयोगमा सहुलियत प्रदान गर्ने । सबै बालीमा प्राङ्गारीक उत्पादन गर्दा पर्याप्त उत्पादन नहुन सक्ने भएकाले असल कृषि अभ्यासलाई प्राथमिकतामा राख्ने ।

१०. कृषि प्रशोधन उद्योगहरुलाई दिईने सहुलियत (ऋण, बिद्युत महशुल, भन्सार) विस्तार गर्ने ।

११. परियोजना/ब्यवसाय धितोमा राखी कर्जा प्रवाह गर्ने सुविधामा कृषकहरुको पहुँच वृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।

१२. ऋण सम्बन्धी फर्मेट, कागजात र प्रक्रिया सरल गराउने नीतिगत व्यवस्था गर्ने ।

१३. शिक्षित वेरोजगार र बैदेशिक रोजगारबाट फर्किएका युवा लक्षित व्यवसायिक कार्यक्रम कार्यान्वयन गर्ने ।

१४. करार र सामुहिक खेतिलाई स्थानीय निकाएको अगुवाईमा बढावा दिने ।

१५. कृषि उद्योगहरुको बीमा गर्न नीतिगत व्यवस्था गर्ने ।

१६. खाद्यान्न बालीले ढाकेको क्षेत्रफल क्रमिकरुपले घटाउदै उच्च मूल्यका बालीहरुका क्षेत्रफलवृद्धि गर्ने नीति अनुरुप कार्यक्रम संचालन गर्ने ।

१७. भू-उपयोग नीति २०७२ को प्रभावकारी कार्यान्वयन गर्न जग्गाहरुको विस्तृत लगत तयार, जग्गा अधिग्रहण, चक्लाबन्दि र पूर्वाधार विकास गर्ने । सिंचित भूमि प्लटिङ्ग गर्न प्रतिवन्ध लगाउने ।

१८. भूमि बैंकको स्थापना गर्ने रभूमि बैंक मार्फत जगगा करार वा भाडामा लिने संस्थावा व्यक्तिहरुका लागि विभिन्न आकर्षक कार्यक्रमहरु (सहुलियत ऋण, व्याज अनुदान,भूमिबाट प्राप्त हुने आम्दानीमा आयकर छुट, मेशिनरी औजारहरुमा अनुदान र भन्सार छुट आदि) प्रदान गर्ने । फलफूल, पशुपालन तथा चिया, कफि, अलैंची जस्ता बालीको लागी लामो समयको लागी जमिन  भाडामा लिन पाउने नीति ल्याउने । परंपरादेखी चल्दै आयको अधिँयालाई बैधानिक बनाई जग्गा धनिको स्वामित्व सुनिश्चित गर्ने ।

१९. बृहत् पकेट क्षेत्रहरुमा चिश्यान केन्द्र समेतको आधुनिक सङ्कलन केन्द्र र प्रशोधन केन्द्रको स्थापना गर्ने ।

२०. न्युनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन गर्ने कार्यलाई अफ व्यवहारिक र वैज्ञानिक बनाउदै यसलाई थप बाली र बस्तुमा विस्तार गर्ने ।

२१. कृषि सहकारीहरु मार्फत कृषि सामग्रीको आपुर्ति, कृषि वस्तुहरुको प्राथमिक प्रशोधन, बजार सुचना र बिक्री वितरण, ऋण, प्राविधिक सेवा सञ्चालन गर्ने ।

२२. स्थानीय निकाय लाई सहकारीसंगको सहकार्यमा कृषि हाट बजार संचालन गर्न सहयोग गर्ने ।

२३. विद्युतीय व्यापार सम्बन्धी कानून बनाई लागु गर्ने ।

२४. कृषि उपज ढुवानीका साधन र रेफ्रिजेरेटेड ढुवानी साधनहरु खरिद गर्न सहुलियत व्याजदरमा ऋणको व्यवस्था, भन्सार सहुलिएत तथा अनुदान र त्यस्ता साधनहरुको गैर कृषि क्षेत्रमा हुन सक्नेदुरुपयोगलाई निरुत्साहित गर्ने नीतिगत प्राबधान गर्ने ।

२५. प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राङ्गारिक कृषि वस्तुको गुणस्तरप्रमाणीकरण गर्ने प्रयोगशाला र एउटा वीउ विजन, विरुवा, पशुपक्षी र कृषि वस्तुको प्रमाणीकरण गर्ने प्रयोगशालास्थापना गर्ने ।

२६. संघीय शासन प्रणाली अनुरुप तीनतहको संरचना अनुसार कृषि विकासका समितिहरु परिभाषित गरी जिम्मेवारी वाँडफाँड र समन्वय गर्ने । ज्ञान केन्द्र र पालीका विच स्पष्टरुपमा जिम्मेवारी तोकी कार्यक्रमहरुमा हुन सक्ने दोहोरोपना रोक्ने । स्थानीय तहमा

आबश्यक संख्यामा कृषि तथा पशु विज्ञको व्यवस्था मिलाउने र उनिहरुको क्षमता बृद्धि गर्ने ।

२७. कृषि क्षेत्रमा सरकारी लगानी उल्लेखनीय रुपमा वृद्धि गर्ने ।

२८. कृषि विश्वविद्यालय, अध्ययन संस्थान र क्याम्पसहरुमा स्नातकोत्तर तहमा कृषि व्यवसाय तथा उद्यमशिलता विषय अनिवार्य गर्ने र त्यस्ता जनशक्तिलाई कृषि व्यवसाय स्थापना गर्न विषेश सहायता प्रदान गर्ने ।

२९. अधिकाशं नीतिहरु अनुदानमा बढि केन्द्रित भए तर अनुदान पहुँचवालाले मात्र पाउने स्थिति भएकाले यसमा नीतिगत सुधार जरुरी देखिन्छ । त्यस्तै, उत्पादन र उत्पादकत्व बृद्धिका साथै बजार सुनिश्चत गर्ने प्राबधान पनि राख्ने । कृषि सम्बन्धी नीति निर्माण गर्दा राज्यका अन्य नीतिसंग सामन्जस्यता राख्ने ।

३०. प्रदेश र स्थानीय निकायले ल्याउने कतिपय कार्यक्रमहरु कृषि नीति अनुरुप नभएको र प्रदेश सरकारका कार्यक्रमहरुमा एकरुपता र समन्वयको अभाब देखिएकाले संघमा बन्ने नीतिमानै मूख्य प्राथमिकताका कार्यक्रमहरु तोकिन सकेमा एकरुपता हुन सक्छ ।

३१. बीमामा मौषम सुचकांकका आधारमा क्षतिपुर्ति दिने व्यवस्था उचित हुन सक्छ । बाँदरबाट हुने नोक्सानीलाई पनि क्षतिपुर्ति दिने ब्यवस्था आबश्यक छ ।

३२. सरकारले नीतिगत व्यवस्था गरीसकेको परिप्रेक्षमा दोहोरो स्वामित्वको अबस्था अध्यावधिक गरी समाधान गर्ने जिम्मा सम्बन्धीत जिल्लाको भूमि सूधार कार्यालयलाई दिनु उचित देखिन्छ । साथै, आधा-आधा वितरणलाई अनिवार्य गर्नु भन्दा दुई पक्षको आपसी सहमतीमा वितरण गर्नु उपयुक्त हुन सक्छ ।

३३. विभिन्न नीति एवं संघ र प्रदेशले समेत लागत सहभागीतामा शीत गृह निर्माणमा जोड गरेता पनि स्थापन भएका शीत भण्डारहरु कुल क्षमताको करीब २५% क्षमतामा मात्र संचालन भैराखेकाले हालको लागि शीत भण्डारको संख्या थप्नु भन्दा निर्माण भैसकेका भण्डारहरुलाई पुर्ण क्षमतामा संचालन गर्न उत्पादन बृद्धिका साथै किसानको बजारहसंग पहुँच बिस्तार गर्न जोड दिनुपर्ने ।

३४. संघीय नीतिसंग नबाझिने गरी प्रदेश र स्थानीय तहलाई आबश्यक नीति निर्माण गरी कार्यान्व्यन गर्न सहयोग गर्ने । प्रदेश र स्थानीय तहको कृषि विकास रणनीति एवं आबधिक योजनाहरु निर्माण गरी कार्यान्वयन गर्न प्रोत्साहन गर्ने ।

३५. नीतिमानै अधिकार सम्पन्न अनुगमन समिति निर्माणको प्राबधान राखी नीति कार्यान्वयनलाई चुस्त र प्रभाबकारी बनाउने । मूलभूतरुपमा नीति अन्तर्गतका कार्यक्रम कार्यान्वयनको जिम्मा प्रदेश र स्थानीय तहमा राख्दै अनुगमनका पाटो संघले हेर्ने गरी तीनै तहको भुमिका स्पष्ट गर्ने र आबश्यक समन्वयमा गर्ने ।

३६. राज्यले अंगिकार गरेका मूख्य नीतिहरुको कार्यन्वयन र प्रभाब सम्बन्धमा गहन, विशिष्ट र बृहत्तर अध्ययनका लागी बजेटको ब्यवस्थाका साथै सम्बन्धित नीति अनुसन्धान प्रतिष्ठान, विश्वविद्यालय⁄ अध्ययन संस्थान र अनुसन्धान केन्द्रहरुसंग सहकार्य गर्ने । कृषि सम्बन्धी तालिम प्रदान गर्न छुट्टै संस्थाको स्थापना गरी एकद्वार प्रणाली कायम गर्ने ।

# सन्दर्भ सामाग्री


अर्थ मन्त्रालय, २०७३, आ. व. २०७३/७४ को बजेट बक्तब्य, काठमाण्डौ, नेपाल सरकार ।

अर्थ मन्त्रालय, २०७४, आ. व. २०७४/७५ को बजेट बक्तब्य, काठमाण्डौ, नेपाल सरकार ।

कृषि विभाग, २०७७, बार्षिक प्रगति प्रतिवेदन (आ व. २०७६/७७), कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०१५, कृषि विकास रणनीति (सन् २०१५–२०३५), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०५४, बीउ नियमावली, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०५०, विषादी नियमावली, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७१, अभियानमुखी मकै-भटमास उत्पादन कार्यक्रम सञ्चालन निर्देशिका, २०६८ (पहिलो संशोधन, २०७१),काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७३, बीउ विजन व्यवसायी दर्ता एवम् अनुगमन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७३, कृषि उपज बजार बिकास तथा व्यवस्थापन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७३, कृषिसँग सम्बन्धित सहकारी तथा संघ-संस्थाहरुलाई कृषि विकासका लागि प्रदान गरिने अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७४, जैविक तथा वानस्पतिक विषादी उत्पादन, प्रयोग तथा अनुदान निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७५, सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम संचालन कार्यविधि,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७५, सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७५, बीउ विजन उत्पादनको प्राविधिक परीक्षण निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७५, नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७५, उद्यमी विकास र बेरोजगार युवाका लागि आवासीय कृषि तालिम र कार्यक्रम कार्यान्वयन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७५, कृषि सुचना कार्यविधि,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, अनुदानको मल वितरण निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, न्यूनतम् समर्थन मूल्यमा धान खरिद र ब्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, व्यवसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, कृषि सम्वन्धी नीतिहरुको संगालो, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७७, खाद्य तथा पोषण सुरक्षा पुस्तिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७०, अलैंचीको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम संचालन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७०, मौरी, च्याउ, रेशम कार्यक्रम कार्यविधि (दोश्रो संशोधन), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७०, एक जिल्ला एक उत्पादन (ODOP) कार्यक्रम कार्यान्वयन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७०, एक गाउँ एक उत्पादन (OVOP) कार्यक्रम सञ्चालन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, राष्ट्रिय पशुपन्छी  प्रजनन नीति, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, राष्ट्रिय पशुपन्छी स्वास्थ्य नीति, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, संरचना निर्माण कार्यविधि, २०७८, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, बीउ विजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, प्रस्तावमा आधारित व्यवसायिक कृषि कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, काठमाण्डौ नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, निर्यातका लागि प्राङ्गारीक कृषि उत्पादनको प्रमाणीकरण शुल्कमा अनुदान उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्याविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८, लागत सहभागितामा गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी मार्गदर्शन, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७८,बजार पुर्वाधार सुधार पूनर्स्थापना तथा ह्याण्डलिङ्ग र प्रशोधन संरचना निर्माण कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७२, राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट संचालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२ (पहिलो संशोधन, २०७५), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६, राष्ट्रिय कृषिवन नीति, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६, राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६, नेपाल सरकार.काठमाण्डौ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६, समुदाय व्यवस्थित कृषि क्षेत्र आयोजना अर्न्तगत स्थानीय तहमार्फत कार्यान्वयन हुने कृषि विकास कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, वार्षिक कार्यक्रम तथा प्रगति विवरण (आ व. २०७४/७५ तथा २०७५/७६),काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६, कृषिमा युवा कार्यक्रम सञ्चालन प्रक्रिया, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७६, कृषिमा युवा कार्यक्रम सञ्चालन प्रक्रिया, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०६१, राष्ट्रिय कृषि नीति, २०६१, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०६५, समुदाय बीउ बैंक निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०६५, प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड सम्बन्धि निर्देशिका, २०६४ (संशोधन, २०६५), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०६९, राष्ट्रिय सहकारी नीति, २०६९, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०६९, राष्ट्रिय भू-उपयोग नीति, २०६९, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०६६, बाली संरक्षण नियम, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन मार्गदर्शन (Project implementation Manual), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजता, परियोजना कार्यान्वयन मार्गदर्शन (Project implementation Manual), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, २०७२, राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट संचालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२ (पहिलो संशोधन, २०७५),काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०४८, राष्ट्रिय दुग्ध बिकास बोर्ड ऐन, २०४८,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७३, शीतघर तथा खाद्यन्न भण्डारण घर स्थापना कार्यक्रमका लागि ब्याज अनुदान मापदण्ड, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७४, फलफूल प्रोसेसिङ्ग प्लान्ट स्थापना कार्यक्रम संचालन कार्यविधि, (प्रथम संशोधन, २०७४), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७४, कृषि तथ्याङ्क संकलन, प्रशोधन र प्रविष्टी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५ ,विषादी अवशेष द्रूत विश्लेषण कार्यक्रम सञ्चालन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, रैथाने बाली प्रवर्द्धन तथा संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यन्वयन कार्यविधि (दोश्रो संशोधन, २०७५), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, वगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, प्राङ्गारिक कृषि प्रबर्द्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, सिंचीत क्षेत्र सघन कृषि विकास कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, एकिकृत सामुदायिक नमुना आधुनिक कृषि फारम स्थापना कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, कृषिउपज भण्डारण घर (Silo) निर्माण कार्यान्वयन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, कृषिउपज भण्डारणका लागि प्रयोग गरिने शीतघर तथा दुग्ध चिस्यान केन्द्रमा लाग्ने विद्युत महशुलमा अनुदान भुक्तानी लिने सम्बन्धि कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, कागती खेती प्रवद्धन कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७५, शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, (प्रथम संसोधन, २०७५), काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७७, निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम संचालन आन्तरिक कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७७, किसान सूचिकरण कार्यक्रम कार्यन्वयन विधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७७, किसान सूचिकरण कार्यक्रम कार्यान्वयन विधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७७, उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रमको सञ्चालन प्रक्रिया, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७०, बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७०, अदुवा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७०, भैंसी प्रजनन् सुधार निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७८, वेमौसमी वर्षाको कारण धान बालीमा क्षतिपुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७८, व्यवसायिक किट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७८, प्रस्ताबमा आधारित व्यवसायिक कृषिकार्यक्रम संचालन कार्यविधि, नेपाल सरकार.काठमाण्डौ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७८, प्रस्तावमा आधारित व्यवसायिक कृषिकार्यक्रम संचालन कार्यविधि,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७८, पशुपन्क्षी तथा मत्स्य प्रवद्धन कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७८, कृषि सुचना तथा प्रशिक्षक केन्द्रको वार्षिक कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७२, पुष्प व्यवसाय प्रवद्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,२०७६, प्राङ्गारीक मलमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,बालीको जातीय संरक्षण तथा किसान अधिकार ऐन,काठमाण्डौ, नेपाल सरकार ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,कृषि जैविक विविधता नीति, २०६३, काठमाण्डौ, नेपाल सरकार ।

के. सी. हरि बहादुर, देवकोटा विष्णु हरी, २०७७,  खाद्य तथा पोषण सुरक्षा पस्तिका, २०७७, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, काठमाण्डौ, नेपाल सरकार ।

गण्डकी प्रदेश सरकार, २०७३, प्रदेश बीउ विजन ब्यवसायी दर्ता एवं अनुगमन निर्देशिका, पोखरा, गण्डकी प्रदेश ।

गण्डकी प्रदेश सरकार, २०७५, स्थानिय तह संगको साझेदारीमा कृषि बजार केन्द्र स्थापना तथा संचालन निर्देशिका, २०७५, पोखरा, गण्डकी प्रदेश ।

गण्डकी प्रदेश सरकार, २०७५, गण्डकी प्रदेश दुग्ध विकास बोर्ड ऐन २०७५,पोखरा,गण्डकी प्रदेश ।

गण्डकी प्रदेश सरकार, २०७७, प्रदेश कृषि व्यवसाय प्रबद्धन ऐन, २०७७, पोखरा, गण्डकी प्रदेश ।

गण्डकी प्रदेश सरकार, २०७८, प्रदेश खाद्य परिषद गठन तथा संचालन आदेश २०७८,पोखरा,गण्डकी प्रदेश ।

Ministry of Agriculture and Livestock Development (2020). Statistical Information on Nepalese Agriculture. Kathmandu, Government of Nepal.

नेपाल सरकार, २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रुभता सम्वन्धी ऐन, २०७५, काठमाण्डौ, नेपाल सरकार ।

नेपाल सरकार, २०७२, नेपालको संविधान, काठमाण्डौ, नेपाल सरकार ।

पोखरा महानगरपालिका, २०७५, महानगरपालिकाको कृषि नीति, पोखरा, महानगरपालिका कार्यलय

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०५८, कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८, काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७१, भू-सूचना प्रणाली संचालन निर्देशिका, काठमाण्डौ, नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७७, भूमि बैक संचालन सम्बन्धि संक्षिप्त अबधारणा (मस्यौदा), काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७८, राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ (पहिलो संसोधन, २०७८), काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७८, भूमिहिन दलित र भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवबसलाई जग्गा उपलब्ध गराउने सम्बन्धि कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७८, भूमिहिन दलित र भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवबसलाई जग्गा उपलब्ध गराउने सम्बन्धि कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७८, भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७८, भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको पहिचान र प्रमाण्किरणको आधार र मापदण्ड, २०७८,काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०७६,भू-सेवा केन्द्र संचालन निर्देशिका, (पहिलो संशोधन, २०७८), काठमाण्डौ,  नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०६७, भूमि व्यवस्थापन सुदृढिकरण कार्यक्रम संचालन कार्यविधि, काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०६७,कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, काठमाण्डौ,  नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०६०, भूमि सुधार कार्य निर्देशिका,काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, २०६८, हदवन्दी भन्दा बढी जग्गा राख्न छुट दिने सम्बन्धमा जारी भएको आदेश, काठमाण्डौ,  नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,, २०७४, सहकारी ऐन, काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,२०६२, सरकारी, सार्वजनिक जग्गा संरक्षण कार्य निर्देशिका, काठमाण्डौ, नेपाल सरकार ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७२, कर्णाली प्रदेशको प्राविधिक विधालयमा अर्गानिक कृषि/पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, सुर्खेत, कर्णाली प्रदेश ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७६, बार्षिक प्रगति पुस्तिका, सुर्खेत, कर्णालीप्रदेश।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७६, प्रदेशको अनिवार्य न्यूनतम आयआर्जन कार्यक्रम संचालन कार्यविधि, सुर्खेत, कर्णाली प्रदेश ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७६, प्रदेशको भौचर प्रणाली मार्फत कृषि प्रसार सेवा प्रवाह गर्ने कार्यविधि, सुर्खेत, कर्णाली प्रदेश ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७६, प्रदेशको कृषि तथा पशु पालन व्यवसायका लागि जग्गा अनुदान कार्यक्रम कार्यविधि, सुर्खेत, कर्णाली प्रदेश ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, २०७६, कर्णाली प्रदेशको मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि, सुर्खेत, कर्णाली प्रदेश ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,२०७६, कर्णाली प्रदेशको अर्गानिक कृषि मिशन कार्यक्रम संचालन निर्देशिका, सुर्खेत, कर्णाली प्रदेश ।

राष्ट्रिय किसान आयोग, २०७५, बाँझो जग्गा उपयोग सम्बन्धी सम्भाब्यता अध्ययन र सिफारिस गर्ने बारेको प्रतिवेदन, काठमाण्डौ, नेपाल सरकार ।

राष्ट्रिय किसान आयोग, २०७५, कृषि विकास रणनीतिको कार्यान्वयन अबस्था अध्ययन प्रतिवेदन, काठमाण्डौ, नेपाल सरकार ।

राष्ट्रिय किसान आयोग, २०७५, कृषि ऋणको बर्तमान अबस्थाबारे अध्ययन गरी यसको प्रभावबारे सिफारिस सम्बन्धी अध्ययन प्रतिबेदन, काठमाण्डौ, नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, २०७७, राष्ट्रिय कृषि नीति, २०६१ को परिक्षण प्रतिवेदन, २०७७, काठमाण्डौ, नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, २०७७, कृषि जन्य बस्तुको आयात निर्यातको अवस्था, काठमाण्डौ, नेपाल सरकार ।

राष्ट्रिय योजना आयोग, २०७७, कृषि व्यवसाय प्रबर्धन नितीको समीक्षा, २०७७, काठमाण्डौ, नेपाल सरकार ।

Shtestha, P.M. (2022). As banks fail to meet credit thresholds for priority sectors, central bank extends compliance deadline. Kathmandu, The Kathmandu Post, 23th June, 2022.

## परिशिष्ट-१

कृषक सर्वेक्षण प्रश्नावली

१. उतरदाताको नामः

ठेगानाः पेशाः शिक्षाः

जम्मा परिवार संख्याः महिलाः पुरूषः

२. जग्गाको अवस्था (रोपनी)

क) खेतः पाखोः

खरबारीः जंगलः

ख) जम्मा सिंचितः असिंचितः

ग) भाडामा लिएकोः ........ भाडामा दिएको ........ आंफै कमाएको ........... घ) जग्गाको स्वामित्व : महिला ..... पुरूष ...... दुवै .......

३. तपाईको आम्दानीको श्रोतहरु के के छन ?

क) कृषि पेशा (रु)

वाली ............ पशु ............. वन पैदाबार .................

कुखुरा ................... मल ................ पराल ............... अन्य ...............

ख तलव भत्ता/ पेन्सन .................

ग रेमिटयान्स ................

घ ज्याला .............................

ङ घर जग्गा मेसिन भाडा .............................

च ब्यापार ..........................

छ ज्याला ...........................

४. तपाई कुनै समुह वा सहकारीमा आवद्ध हुनुहुन्छ ? .......................

५. कृषि ऋण

क) तपाईलाई सरल कर्जा (कृषि ऋण) को बारेमा थाहा छ ?............................

ख) सरल कर्जा लिनु भएको छ कि छैन ? ............................

- छ भने कति ऋण ? कहिले? किन? कुन बैंक? कति प्रतिशत ब्याजमा लिन भएको छ? ................................................................................................................................................................................................................................................................................
- नलिनु भएको भए किन होला ? .......................................................................................................................................................................................................................................................

६. कृषि ब्यवसायको लागि अनुदान पाउनु भएको छ? ................................

क) छ भने

कुन ब्यवसायको लागि?

.........................................................................................

कहांबाट र कहिले?

............................................................................................

कति रकम तथा कति प्रतिशत? ......................................................................

ख) नपाउनु भएको भए किन होला?

...........................................................................................................

(ग) अनुदान लिनको लागि हालको सरकारी प्रक्रिया तपाईलाई कस्तो लाग्छ?

.............................................................................................................

..............................................................................................................

.(ग) अनुदानलाई प्रभावकारी तथा किसान मैत्री बनाउनको लागि तपाईको केही सुझाव छन कि?

.............................................................................................................

..............................................................................................................

.............................................................................................................

७. तपाइलाई वाली तथा पशु विमाको बारेमा थाहा छ?

- वाली तथा पशुको विमा गर्नु भएको छ ? (क) छ (ख) छैन

विमा गर्नको लागि केही समस्या छ?

.............................................................................................

.............................................................................................

- विमा नगर्नु भएको भए किन?

क) थाहा छैन, ख) झन्झट, ग) धितोको कारणले

तपाईको केही सुझाब छ कि?

.....................................................................................................

८. सामुहिक तथा सहकारी खेती खेती सुन्नु भएको छ ? .....................

- तपाईको गाउंमा पालिका र कृषि ज्ञान कुन्द्रको सामुहिक तथा सहकारी खेती कार्यक्रम भएको छ कि छैन ? ........................................
- छ भने सामुहिक तथा सहकारी खेतीमा तपाई संलग्न हुनु हुन्छ कि हुनु हुन्न?. ......................

.........................................................................

- हुनु हुन्छ भने सामुहिक तथा सहकारी खेतीको फाईदा र बेफाईदा के छ ?.

  .............................................................................

  ..................................................................................

९. जमिनको चक्लाबन्दी र भुमि बैंक बारे सुन्नु भएको छ?..

....................................

क) तपाई चक्लाबन्दी कार्यक्रममा सहभागी हुनुहुन्छ ?

................................................

ख) सहभागी हुनु भएको भए

    * फाईदा ............................................................

    *बेफाईदा..............................................................

९. तपाईले खेती गर्ने बेलामा मल पाउनु भएको छ कि छैन ?

..................................................................................

१०) तपाईले आपनो उत्पादनको कुन बजारमा कसरी बिक्रि गर्नु भएको छ ?

...................................................................................

.....................................................................................

११) तपाईले अनुदानमा कृषि यन्त्र र उपकरणहरु प्राप्त गर्नु भएको छ ? छ भने के के र कसरी प्राप्त गर्नु भएको छ

.........................................................................................................

.......................................................................................................

.......................................................................................................

१२) गा पा /न पा र र कुषि ज्ञान कुन्द्रको केहि नीति र कार्यक्रमहरु बारे थाहा छ?

ख) छ भने के के थाहा छ होला?

.......................................................................................................

.......................................................................................................

१३) अन्त्यमा कषि नीति र कार्यक्रम बारे तपाईका केही सुझाबहरु छन कि भन्नु होस न ।

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

.......................................................................................................

# परिशिष्ट-२

## मुख्य जानकार ब्यक्तिहरुको सुची

| सि न. | मुख्य जानाकार ब्यक्रिहरुको नाम | कार्यलय |
|---|---|---|
| १ | डा. हरि बहादुर के.सी. | भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| २ | डा. गृष्म न्यौपाने | भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| ३ | तिर्थ कुमार श्रेष्ठ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खुमलटार |
| ४ | लाल कुमार श्रेष्ठ | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ५ | विष्णुहरि देबकोटा | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ६ | टेक प्रसाद लुईटेल, | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| ७ | सुनिल कुमार सिंह | कृषि विभाग, हरिहर भवन |
| ८ | भरत देवकोटा | बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन |
| ९ | कुल प्रसाद तिवारी | कृषि ज्ञानकेन्द्र तनहुँ |
| १० | शालिकराम अधिकारी | कृषि ज्ञान केन्द्र कास्की |
| ११ | मनोहर पराजुली | पेखरा महानगरपालीका, कृषि शाखा |
| १२ | निर्मल रेग्मी | बीउ विजन प्रयोगशाला कास्की |
| १३ | नवराज पण्डीत | शुक्लागण्डकी नगरपालीका, कृषि शाखा |
| १४ | चन्द्र बहादुर थापा | कृषि बिकास बैंक, कर्जा शाखा, काठमाण्डौ |
| १५ | भरत प्रसाद बिडारी | भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय, बाग्मती प्रदेश |
| १६ | राजन चौलागाई | भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय, बाग्मती प्रदेश |
| १७ | पुष्पराज पौडेल | ,धानमन्त्री कृषि आधुनिकीकरण परियोजना, सुर्खेत |
| १८ | दशरथ पाण्डे | भूमि ब्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय, बाग्मती प्रदेश |

| | | |
|---|---|---|
| १९ | परशुराम रावत | एकिकृत कृषि प्रयोगशाला, सुर्खेत |
| २० | सागर घिमिरे | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| २१ | चन्द्र बहादुर बुढा | कोहलपुर नगरपालीका, कृषि शाखा |
| २२ | मन कुमारी बिष्ठ | बिरेन्द्रनगर नगरपालीका, कृषि शाखा |
| २३ | चन्द्रा गुरुङ | पबित्रा कृषि सहकारी संस्था लि., मेलकुना, सुर्खेत |
| २४ | दिपक राजवंशी | कृषि सामग्री संस्थान, काठमाण्डौ |
| २५ | सन्तोस पोखरेल | नेपाल कफी व्यसायी महासंघ, |
| २६ | डा. वालक चौधरी | दुग्ध विकास बोर्ड, हरिहरभवन |